# शैक्षिक सूचना २०८२




नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं

# शैक्षिक सूचना
# २०८२

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौँ

प्रकाशक:

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौँ।

प्रकाशन प्रति: ३००

प्रकाशन मिति: २०८३ जेठ

©: प्रकाशकमा

## सम्पादन समिति

| | |
|---|---|
| संयोजक | श्री शिवकुमार सापकोटा, सहसचिव, योजना तथा अनुगमन महाशाखा शिक्षा तथा खेलकुद मन्त्रालय |
| सदस्य | श्री शङ्कर अधिकारी, उपसचिव, योजना तथा बजेट शाखा, शिक्षा तथा खेलकुद मन्त्रालय |
| सदस्य | श्री मधुप्रसाद घिमिरे, उपसचिव, अनुगमन तथा मूल्याङ्कन शाखा, शिक्षा तथा खेलकुद मन्त्रालय |
| सदस्य | श्री विष्णु भुसाल, उपसचिव (लेखा), आर्थिक प्रशासन शाखा, शिक्षा तथा खेलकुद मन्त्रालय |
| सदस्य | श्री विनोद शरण आचार्य, निर्देशक, राष्ट्रिय तथ्याङ्क कार्यालय |
| सदस्य | डा. केदार प्रसाद आचार्य, निर्देशक, विश्वविद्यालय अनुदान आयोग |
| सदस्य | श्री दामोदर चापागाई, निर्देशक, राष्ट्रिय किताबखाना (शिक्षक) |
| सदस्य | श्री भक्तबहादुर गोदार, निर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| सदस्य | श्री प्रमिला बखती, निर्देशक, शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| सदस्य | श्री नविन खड्का, निर्देशक, पाठ्यक्रम विकास केन्द्र |
| सदस्य | श्री रमेश अधिकारी, निर्देशक, राष्ट्रिय परीक्षा बोर्ड |
| सदस्य | श्री नृपध्वज मगर, उपसचिव, शिक्षक सेवा आयोग |
| सदस्य | श्री नारायण प्रसाद पोखेल, उपसचिव, चिकित्सा शिक्षा आयोग |
| सदस्य | श्री संगम गौतम, प्राविधिक अधिकृत, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| सदस्य | श्री प्रेमकुमारी शर्मा, शाखा अधिकृत, तथ्याङ्क, नीति तथा अनुसन्धान शाखा |
| सदस्य सचिव | श्री सरिता देवी शर्मा, उपसचिव, तथ्याङ्क, नीति तथा अनुसन्धान शाखा, शिक्षा तथा खेलकुद मन्त्रालय |

सस्मित पोखरेल
मन्त्री
शिक्षा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Sasmit Pokharel
Minister
Ministry of Education and Sports
Singhadurbar, Kathmandu, Nepal

पत्र संख्या/Let. No.:
चलानी नं./Ref. No.:

## शुभकामना

शिक्षा तथा खेलकुद मन्त्रालयको समसामयिक विवरण समावेश गरी हुने नियमित वार्षिक प्रकाशन **"शैक्षिक सूचना २०८२"** यस वर्ष पनि प्रकाशन हुन लागेकोमा खुसी लागेको छ। शैक्षिक क्षेत्रमा सुधार र सुशासन नवयुवाहरूको आवाज र सहादतको जगमा विशिष्ट परिस्थितिमा भएको पछिल्लो आम निर्वाचनको अभूतपूर्व जनमतबाट बनेको वर्तमान सरकारको प्राथमिकतामा छ। सुशासनको मूल अङ्ग भनेको पारदर्शिता पनि हो।

शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका निकाय र संस्थाको नीतिगत र संरचनागत विवरण, शैक्षिक तथ्याङ्क हरू समावेश गरी शैक्षिक सूचना सरोकारवालाहरूलाई उपलब्ध गराउने उद्देश्यले मन्त्रालयले **"शैक्षिक सूचना २०८२"** सार्वजनिक गरेको छ । यस शैक्षिक सूचनाले तथ्य र प्रमाणमा आधारित शिक्षा क्षेत्रका नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ । साथै शैक्षिक खोज तथा अनुसन्धाकर्ता र शिक्षा क्षेत्रका सम्बद्ध सरोकारवालाहरूलाई महत्त्वपूर्ण सूचना उपलब्ध गराउने छ भन्ने पूर्ण विश्वास लिइएको छ ।

यस सूचनालाई पहुँचयोग्य, सरल र थप व्यवस्थित गरी सरोकारवाला समक्ष पुऱ्याउन शैक्षिक सूचना प्रकाशन गर्ने र वेबसाइट मार्फत समेत प्रकाशन गरिएको छ । मन्त्रालयले यस्ता सूचनाहरू समयै अझ सरल र सहज हुने गरी श्रव्यदृश्य समेतका माध्यमबाट सार्वजनिक हुने व्यवस्था गरिरहेको छ। शिक्षा क्षेत्रका गतिविधिमा सरोकार राख्ने सबैमा यस प्रकाशनले पारदर्शिता र सूचनामा सर्वसुलभ पहुँच पुऱ्याउन सफलता प्राप्त गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

अन्त्यमा, शैक्षिक सूचना सङ्कलन, सम्पादन र प्रकाशन कार्य संयोजन गर्ने योजना तथा अनुगमन महाशाखालाई हार्दिक धन्यवाद छ।यस प्रकाशनमा रहेका कमीकमजोरीहरू समेत औंल्याइ सरोकारवालाबाट थप सल्लाह सुझाव दिनुहुने छ भन्ने अपेक्षा गरेको छु ।

२०८३ जेठ

सस्मित पोखरेल
(मन्त्री)

फोन नं.: ९७७-०१-४२००३५३ | फ्याक्स नं.: ९७७-०१-४२००३७३
Tel No.: 977-01-4200353 | Fax No.: 977-01-4200373

नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## शुभकामना

शिक्षा तथा खेलकुद मन्त्रालयले समसायिक शैक्षिक विवरण र तथ्याङ्क समावेश गरी शैक्षिक सूचना २०८२ प्रकाशन गरेकोमा मलाई अत्यन्त खुशी लागेको छ। शिक्षा देश विकासको पूर्वाधारको पनि पूर्वाधार हो। सामाजिक आर्थिक रूपान्तरणको माध्यम हो। नेपालको संविधानले यस विषयलाई आत्मसात गर्दै शिक्षालाई नागरिकको मौलिक हकको रूपमा उल्लेख गरेको छ। संवैधानिक हकको प्रत्याभूत गरी सबै नागरिकलाई सबै तहको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न, दिगो विकास लक्ष्य हासिल गर्न, सङ्घीय संरचना अनुकुल शिक्षा प्रणाली सञ्चालन गरी शिक्षाको माध्यमद्वारा सुशासन र समृद्धि प्राप्त गर्न समग्र शिक्षा प्रणालीमा सुधार गर्नु आवश्यक देखिएको छ।

यस शैक्षिक सूचना २०८२ मा मन्त्रालय र अन्तर्गतका विभिन्न निकायहरूको परिचयसहित मुख्य उपलब्धि संस्थाको समस्या तथा भावी कार्यदिशा साङ्गठनिक संरचना, कार्यक्रम तथा महत्त्वपूर्ण शैक्षिक तथ्याङ्क लगायतका विषयहरु समावेश गरिएको छ। शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गतका केन्द्रीय निकाय लगायतका शिक्षासँग सम्वन्धित निकायहरूका महत्त्वपूर्ण शैक्षिक गतिविधिहरू, सूचना र तथ्याङ्कलाई समावेश गरी एकीकृत गरिएको हुँदा सरोकारवालाहरूलाई शैक्षिक सूचना प्राप्त गर्न सहज हुने अपेक्षा गरेको छु।

यस मन्त्रालयबाट प्रकाशित शैक्षिक सूचना २०८२ का सरोकारवाला र अध्ययन गर्ने सबै पाठकहरूले महत्त्वपूर्ण सुझाव एवम् पृष्ठपोषण उपलब्ध गराउनु हुनेछ भन्ने अपेक्षा लिएको छु। यसरी प्राप्त हुने सुझाव तथा पृष्ठपोषणले यस मन्त्रालयको समग्र क्षेत्रमा सुधार गर्न र प्रकाशनमा रहेका कमी कमजोरीहरूलाई सुधार गर्दै आगामी दिनमा थप गुणस्तरीय र अझै उपयोगी बनाउन सकिन्छ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, यो प्रकाशनको लागि आवश्यक सूचना तथा विवरण उपलब्ध गराउनु हुने सबै निकाय तथा सूचना प्रकाशनमा महत्त्वपूर्ण योगदान पुर्‍याउनु हुने सम्पादन समितिका सदस्यहरू लगायत संलग्न सबैलाई हार्दिक धन्यवाद दिँदै यस सूचनाको प्रभावकारी उपयोगको अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु।

मितिः २०८३ जेठ

चूडामणि पौडेल
सचिव

# प्रकाशकीय

देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। शिक्षा र विज्ञान प्रविधि व्यक्तिको जीवन र राष्ट्रको समग्र विकासका लागि अपरिहार्य छ। नेपालको शैक्षिक क्षेत्र निरन्तर परिवर्तन र विकासको क्रममा रहेको छ। मन्त्रालय र अन्तर्गतका निकाय तथा शिक्षा क्षेत्रका स्वायत्त संस्थाहररू शैक्षिक समसामयिक सूचना र तथ्याङ्क समावेश गरी शैक्षिक सूचना २०८२ सरोकारवाला समक्ष प्रस्तुत गर्न पाउँदा हामी अत्यन्त हर्षित छौँ।

शिक्षा प्रणाली अन्तर्गत सम्पादन हुने कामकारवाहीका सम्वन्धमा पारदर्शितासहित आम नागरिकप्रति जवाफदेही र सम्वेदनशील रहेको दृष्टान्त पुष्टि गर्ने महत्वपूर्ण आधार प्रदान गर्नु यस प्रकाशनको उद्धेश्य रहेको छ।  यस्तो दस्तावेज तयार गर्नु निश्चय नै उच्च व्यावसायिक कार्य हो। दस्तावेजको तयारीका क्रममा विज्ञ समुहबाट दस्तावेजको ढाँचा निर्धारण गर्नु, सम्वन्धित निकायहरूबाट तथ्याङ्क सङ्कलन गर्नु, त्यसको गहन विश्लेषण गर्नु तथा दस्तावेजलाई प्रयोगकर्ताको रूचि अनुकुलको तुल्याउन विषयवस्तुको संयोजन गर्नु जस्ता पक्षहरुलाई श्रृङ्खलाबद्ध रुपमा अनुसरण गरियो। यस प्रकाशनमा शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका निकायहरूको सङ्क्षिप्त परिचय कार्यविवरण, मुख्य मुख्य उपलब्धि र समस्या भावी कार्यदिशालगायत शिक्षा क्षेत्रसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी समावेश गरेका छौँ।

यस अङ्कले शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाविद्, नीति निर्माता र सरोकारवाला सबैलाई शैक्षिक क्षेत्रका समसामयिक मुद्दाहरूमाथि गहन छलफल र विश्लेषण गर्न प्रेरित गर्नेछ भन्ने विश्वास लिइएको छ।

शैक्षिक सूचना २०८२ लाई विभिन्न खण्डमा प्रस्तुत गरेका छौँ। पहिलो खण्डमा शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका केन्द्रीय निकायहरूको परिचय समावेश गरिएको छ। त्यसैगरी दोस्रो खण्डमा शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका केन्द्रीय निकायहरूको प्रमुख कार्यक्रम, तेस्रो खण्डमा विभिन्न शैक्षिक सूचना र चौथो खण्डमा मन्त्रालयअन्तर्गतका केन्द्रीय निकायहरूको सङ्गठनात्मक संरचना प्रस्तुत गरिएको छ। यस शैक्षिक सूचना २०८२ मा प्रस्तुत भएका जानकारीमूलक विषयवस्तुले शिक्षा क्षेत्रमा सरोकार राख्ने सबैका लागि उपयोगी हुने छ भन्ने अपेक्षा गरिएको छ।

शैक्षिक सूचना २०८२, प्रकाशनका लागि सम्पादन समितिमा रहेर समन्वय, सहयोग र मेहनत गर्नुहुने तथा निकायगत सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराई यो रूपमा ल्याउन सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ। आगामी दिनमा शैक्षिक सूचना थप परिष्कृत र पठनीय बनाउँदै लैजानका लागि पाठकहरूबाट निरन्तर सल्लाह, सुझाव तथा प्रतिक्रियाहरूको अपेक्षा गरिएको छ।

योजना तथा अनुगमन महाशाखा
शिक्षा तथा खेलकुद मन्त्रालय

मिति: २०८३ जेठ

## विषय सूची


**खण्ड क: शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गतका केन्द्रीय तथा विभागीय निकायको सङ्क्षिप्त जानकारी** १

शिक्षा तथा खेलकुद मन्त्रालय १

शिक्षा तथा मानव स्रोत विकास केन्द्र ५

पाठ्यक्रम विकास केन्द्र ८

शैक्षिक गुणस्तर परीक्षण केन्द्र १०

राष्ट्रिय परीक्षा बोर्ड १४

राष्ट्रिय किताबखाना (शिक्षक) १७

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् २०

शिक्षक सेवा आयोग २५

चिकित्सा शिक्षा आयोग २८

विश्वविद्यालय अनुदान आयोग ३१

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ३४

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला ३७

वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति ३९

केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा) ४१

नेपाल राष्ट्रिय पुस्तकालय ४३

केशर पुस्तकालय ४६

डिल्लीरमण कल्याणी पुस्तकालय ४९

युनेस्कोका निमित्त नेपाल आयोगको सचिवालय ५०

**खण्ड ख: शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गतका प्रमुख कार्यक्रमसम्बन्धी विवरण** ५५

**खण्ड ग: शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका केन्द्रीय निकायको आव २०८२।०८३ का प्रमुख उपलब्धि** ६९

**खण्ड घ: शैक्षिक तथ्याङ्कसम्बन्धी विवरण** ७६

**शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका केन्द्रीय निकायहरूको सङ्गठनात्मक संरचना** १२२

अनुसुची १: शिक्षा तथा खेलकुद मन्त्रालयको सङ्गठन संरचना १२२

अनुसूची २: शिक्षा, तथा मानव स्रोत विकास केन्द्रको सङ्गठन संरचना १२३

अनुसूची ३: पाठ्यक्रम विकास केन्द्रको सङ्गठन संरचना १२४

अनुसूची ४: शिक्षक सेवा आयोगको सङ्गठन संरचना १२५

अनुसूची ५: शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सङ्गठन संरचना १२६

अनुसूची ६: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सङ्गठन संरचना १२७

अनुसूची ७: विश्वविद्यालय अनुदान आयोगको सङ्गठन संरचना १२८

अनुसूची ८: चिकित्सा शिक्षा आयोगको सङ्गठन संरचना १२९

अनुसूची ९: राष्ट्रिय किताबखाना (शिक्षक) को सङ्गठन संरचना १३०

अनुसूची १०: राष्ट्रिय परीक्षा बोर्डको विद्यमान साङ्गठनिक संरचना १३१

अनुसूची ११: नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको सङ्गठन संरचना १३२

अनुसूची १२: राष्ट्रिय बिधि विज्ञान प्रयोगशालाको सङ्गठन संरचना १३३

## खण्ड क: शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गतका केन्द्रीय तथा विभागीय निकायको सङ्क्षिप्त जानकारी

## शिक्षा तथा खेलकुद मन्त्रालय

### १. परिचय

वि.स. २००७ सालको राजनीतिक परिवर्तनसँगै २००७ साल फागुनमा शिक्षा मन्त्रालयको स्थापना भएको थियो। स्थापनाकालदेखि हालसम्म आइपुग्दा विभिन्न समयमा सरकारको कार्यविभाजन नियमावलीमा भएका संशोधनसँगै शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय, शिक्षा, युवा तथा तथा खेलकुद मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि हुँदै पछिल्लोपटक वि.सं. २०८३ मा खेलकुद मन्त्रालय गाभिएर शिक्षा तथा खेलकुद मन्त्रालय गठन भएको हो।

मुलुकको समग्र शिक्षासम्बन्धी नीति निर्माण, शैक्षिक योजना तर्जुमा तथा शैक्षिक सुधारका कार्यक्रम कार्यान्वयनको समन्वय तथा सहजीकरण गर्ने कार्य शिक्षा तथा खेलकुद मन्त्रालयबाट हुँदै आएको छ। उच्च शिक्षासम्बन्धी नीति निर्माण तथा कार्यक्रम सञ्चालनमा विश्वविद्यालय अनुदान आयोगबाट समन्वय र सहजीकरण हुँदै आएको छ भने विश्वविद्यालयबाट आआफ्ना शैक्षिक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

विद्यालय तहको शिक्षक छनोट, नियुक्ति र बढुवा सिफारिससम्बन्धी कार्य शिक्षक सेवा आयोगबाट हुँदै आएको छ। राष्ट्रिय परीक्षा बोर्डबाट माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) को परीक्षा सञ्चालन तथा व्यवस्थापन हुँदै आएको छ।

विद्यालय शिक्षासम्बन्धी आयोजनाहरूको कार्यान्वयन गर्ने जिम्मेवारीका साथ शिक्षा तथा मानव स्रोत विकास केन्द्र कार्यरत रहेको छ। तत्कालीन शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्र गाभिएर बनेको यस केन्द्रले स्थानीय तह तथा प्रदेशबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूको समन्वय, सहजीकरण तथा प्रगति प्रतिवेदन तयारीसम्बन्धी कार्यहरू गर्दै आएको छ। शिक्षक पेसागत विकासका लागि आवश्यक तालिम पाठ्यक्रम, तालिमसम्बन्धी स्रोत सामग्री विकास तथा श्रव्य तथा श्रव्यदृश्य सिकाइ सामग्रीको विकाससमेत केन्द्रबाट हुँदै आएको छ।

विद्यालय शिक्षाको पाठ्यक्रम विकास तथा परिमार्जन र पाठ्यपुस्तक विकाससम्बन्धी कार्य पाठ्यक्रम विकास केन्द्रबाट हुँदै आएको छ। मुलुकका लागि आवश्यक मध्यमस्तरीय प्राविधिक जनशक्ति विकासका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र सो परिषद्अन्तर्गतका प्रदेशस्थित कार्यालयहरूबाट प्राविधिक शिक्षा तथा तालिमसम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। विद्यालय शिक्षाको उपलब्धि र कार्यसम्पादन परीक्षण गरी नीतिगत सुधारका लागि

सुझाव दिन शैक्षिक गुणस्तर परीक्षण केन्द्र, शिक्षकहरूको अभिलेख व्यवस्थापनका लागि राष्ट्रिय किताबखाना (शिक्षक) सञ्चालनमा रहेका छन्। पढाइ संस्कृतिको विकास तथा निरन्तर सिकाइको अवसर विस्तारका लागि राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय र डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय सञ्चालनमा रहेका छन्। त्यस्तै विद्यालय तहको पाठ्यपुस्तकको छपाइ र वितरणका लागि जनक शिक्षा सामग्री केन्द्र रहेको छ।

विज्ञान तथा प्रविधिको क्षेत्रमा नवीनतम खोज तथा अनुसन्धान कार्यका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST), राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, वी.पी. कोइराला मेमोरेयल प्लानेटोरियम र अब्जरभेटरी तथा विज्ञान सङ्ग्रहालय सञ्चालनमा रहेका छन्।

सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास र समाजसँग विज्ञान र उत्पादनसँग प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको दिर्घकालीन सोच रहेको छ।

## २. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ अनुसार शिक्षा तथा खेलकुद मन्त्रालयको कार्य क्षेत्र

यस मन्त्रालयको कार्यक्षेत्र मूलतः शिक्षा तथा सिप विकास र विज्ञान तथा प्रविधि क्षेत्रसँग सम्बन्धित छ। नेपाल सरकार कार्यविभाजन नियमावली, २०८३ अनुसार मन्त्रालयको कार्यक्षेत्र निम्नानुसार रहेका छन् :

(क) शिक्षा तथा खेलकुदसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन
(ख) केन्द्रीय विश्वविद्यालयसम्बन्धी नीति, कानुन र मापदण्ड
(ग) विदेशी विश्वविद्यालयसँगको सम्बन्धन, समकक्षता निर्धारण, प्रत्यायन (एक्रिडिटेसन), समन्वय तथा नियमन
(घ) केन्द्रीय पुस्तकालयसम्बन्धी नीति, कानुन र व्यवस्थापन
(ङ) मानव संसाधन आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना तथा मानव स्रोत विकास योजना
(च) विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषयको पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन
(छ) प्राविधिक शिक्षा र व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण र सिप परीक्षणको मापदण्ड
(ज) विद्यालय तहको शिक्षकको सेवा, सर्त, योग्यता एवम् समकक्षताको नीति र मापदण्ड
(झ) शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सिप परीक्षणको मापडण्ड र तालिम केन्द्रसँगको समन्वय
(ञ) विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण
(ट) कुटनीतिक नियोगबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति
(ठ) विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति, शैक्षिक परामर्श, प्रत्यायन तथा नियमन
(ड) प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय
(ढ) विश्वविद्यालय अनुदान आयोग, केन्द्रीय विश्वविद्यालय, खुला विश्वविद्यालय र केन्द्रीयस्तरका शैक्षिक प्रतिष्ठान
(ण) छात्रवृत्ति र विद्वत वृत्तिसम्बन्धी नीति र मापदण्ड
(त) शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृतिसम्बन्धी नीति, कानुन र मापदण्ड

(थ) राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन

(द) शैक्षिक गुणस्तर मानक निर्धारण, मापन तथा नियमन

(ध) राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

(न) स्काउटसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन

(ऩ) राष्ट्रिय खेलकुद परिषद्

(प) राष्ट्रियस्तरका खेलकुद संघसंस्थाको नियमन र समन्वय

(फ) राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रियस्तरमा खेलकुद विकास र प्रवर्द्धन

(ब) राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रियस्तरमा खेलकुद प्रतियोगिता आयोजना र सहभागिता

(भ) मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय

(म) मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

(य) नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलजी समूह बाहेकको)

## ३. शिक्षा तथा खेलकुद मन्त्रालयबाट सम्पादित कार्यबाट प्राप्त उपलब्धि

(क) शिक्षासम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड तयार गरी नियमन गरेको

(ख) विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषयका पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तयार गरेको

(ग) शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगको समन्वय गरेको

(घ) विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारणसम्बन्धी कार्य गरेको

(ङ) राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गरेको

(च) सक्षम, शिक्षित र सिपयुक्त जनशक्ति निर्माणमा योगदान गरेको

(छ) नेपालमा हालसम्म ६८ जिल्ला र ५ ओटा प्रदेश साक्षर घोपणा गरी साक्षरता अभिवृद्धिका प्रमुख योगदान रहेको

(ज) विद्यालय तहका विभिन्न तह (प्रारम्भिक बाल विकास तथा शिक्षा) र कक्षा (कक्षा ५, कक्षा ६, कक्षा ८ र कक्षा १०) का विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गरिएको

(झ) आधारभूत तह उमेरसमूहका ९७.७ प्रतिशत बालबालिकालाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गरिएको

(ञ) उच्च शिक्षाको सहजै देखिने भर्नादर २३ प्रतिशत पुगेको

(ट) विद्यालय तहमा प्रतिस्पर्धात्मक परीक्षामार्फत शिक्षक छनोटको पद्धति कार्यान्वयनमा ल्याइएको

(ठ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने संस्थाहरूको सङ्ख्या १२०३ ओटा पुगेको

(ड) चिकित्सा शिक्षातर्फको सार्वजनिक शिक्षण संस्थाहरूमा स्नातक तहमा ७५ प्रतिशत र स्नातकोत्तर तहमा सत प्रतिशत सिटमा छात्रवृत्ति उपलब्ध गराइएको

(ढ) उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय र प्रतिष्ठानहरूको सङ्ख्या २९ पुगी उच्च शिक्षामा पहुँच वृद्धि भएको

## ४. शिक्षा तथा खेलकुद मन्त्रालयका समस्या

(क) सङ्घीयताको कार्यान्वयनसँगै सङ्घीय निकायबाट तयार हुनुपर्ने ऐन कानुन (विद्यालय शिक्षा ऐन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी शिक्षा ऐन र उच्च शिक्षा ऐन) समयमै तर्जुमा गर्न नसक्नु

(ख) प्रारम्भिक बालविकासदेखि विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुँचको सुनिश्चित गर्न नसक्नु

(ग) शिक्षासम्बन्धी संवैधानिक व्यवस्था,अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन र नियमावलीमा भएका प्रावधानहरूको पूर्ण कार्यान्वयन गर्न नसक्नु

(घ) आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क र माध्यमिक तह सम्मको शिक्षा अनिवार्य हुन नसक्नु

(ङ) बजारको माग अनुकुलको दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न नसक्दा शिक्षा र रोजगारबिच तालमेल हुन नसक्नु

(च) अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूप शिक्षा क्षेत्रमा पर्याप्त लगानी बढाउन नसक्नु

(छ) उच्च शिक्षा प्रतिस्पर्धी,उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु

(ज) उच्च शिक्षामा उपयुक्त शैक्षिक प्रणाली स्थापना गर्न नसक्नु

(झ) विद्यार्थी सङ्ख्या र भौगोलिक अवस्थाका आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्न र शिक्षकको दरबन्दी मिलान कार्य पूर्ण रूपमा गर्न नसक्नु

(ञ) शिक्षाको तीनै तहका शैक्षिक साङ्गठनिक संरचना चुस्त नहुनु र स्थानीय तहमा आवश्यक दक्ष जनशक्तिको अभाव हुनु

(ट) शिक्षामा सूचना प्रविधिको प्रयोगलाई उपयोग गर्न नसक्नु

## ५. शिक्षा तथा खेलकुद मन्त्रालयको भावी कार्यदिशा

(क) शिक्षाको सबै उपक्षेत्रलाई सञ्चालन तथा नियमन गर्ने ऐन कानुनहरू जारी गर्ने

(ख) अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन तथा नियमावलीमा भएका प्रावधानको कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रालयबाट तयार भएको कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश, स्थानीय तह र सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय परीक्षा बोर्डलगायतका निकायहरूको साङ्गठनिक पुनर्संरचना गर्ने

(घ) विद्यालय तहका सबै बालबालिकालाई गुणस्तरीय शिक्षामा पहुँचको सुनिश्चित गर्नका लागि न्यूनतम शिक्षक दरबन्दी व्यवस्थापन, न्यूनतम् भौतिक पूर्वाधार व्यवस्थापनलगायतका कार्यमा लगानी वृद्धि गर्ने

(ङ) विश्वविद्यालयको पुनर्संरचना गरी उच्च शिक्षामा देखिने गरी सुधारका कार्यहरू गर्ने

(च) प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै तालिमपश्चात्को रोजगारी सुनिश्चित गर्ने

(छ) सबै तहको शिक्षामा समतामूलक पहुँचको सुनिश्चित गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शैक्षिक सुशासन मार्गचित्र तयार गरी कार्यान्वयन गर्ने

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

### १. परिचय

सङ्घीयता कार्यन्वयसँगै साविकको शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रलाई एकीकृत गरी २०७५ साल जेठ ६ गते शिक्षा तथा मानव स्रोत विकास केन्द्रको स्थापना भएको हो। केन्द्रले शिक्षा तथा खेलकुद मन्त्रालयको मातहतमा रही विद्यालय शिक्षासँग सम्बन्धित  योजना तथा कार्यक्रमको तर्जुमा, प्रभावकारी कार्यन्वयनमा, अनुगमन र समन्वयकारी भूमिका निर्वाह गर्दै आइरहेको छ। सङ्गठन संरचनाको हिसाबले केन्द्रको समग्र नेतृत्वकर्ता महानिर्देशक र शैक्षिक योजना तथा विकास महाशाखा, मानव संसाधन विकास महाशाखा शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखाको नेतृत्व उपमहानिर्देशकवाट हुने व्यवस्था रहेको छ। १७ ओटा शाखाहरू रहेको केन्द्रमा हाल १०१ जना कर्मचारीको दरबन्दी रहेको छ। विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तर्फ १९ जनाको अस्थायी दरवन्दी स्वीकृत रहेको छ। ७७ ओटै जिल्लामा सङ्घीय एकाइको रूपमा शैक्षिक कार्यक्रम कार्यन्वयमा सहयोग, समन्वय र सहजीकरण गर्ने हेतुले शिक्षा विकास तथा समन्वय इकाइहरूसमेत रहेका छन्।

शिक्षा नीतिको प्रभावकारी कार्यान्वियन, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित, विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधारमार्फत समग्र विद्यालय शिक्षामा गुणस्तर सुधार र सुशासन कायम गर्नेलगायतका कार्यहरूको नेतृत्व गर्दछ। सबैको लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितताको साथै आजीवन सिकाइका अवसरहरू विस्तार गर्ने लक्ष्य हासिल गर्नको लागि विद्यालय शिक्षा योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वियन, समन्वय र सहजीकरण गर्ने काम यसको कार्यक्षेत्रमा पर्दछ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विभिन्न केन्द्रीय निकाय, प्रदेश सरकार तथा स्थानीय तह एवम् विभिन्न विकास साझेदार संस्थाहरूसँगको समन्वय र सहकार्यमा विद्यालय शिक्षा क्षेत्र योजना, वार्षिक कार्यक्रम तर्जुमा, विभिन्न मापदण्डहरूको विकास तथा कार्यक्रमको प्रभावकारी कार्यान्वियनको लागि समन्वय, सहकार्य र सहजीकरणको काम समेत गर्दछ।

### २. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यविवरण

(क) विद्यालय शिक्षासम्बन्धी द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरू र निकायसँगको समन्वय

(ख) शिक्षासम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता तथा सम्झौता अनुरूप विद्यालय शिक्षा क्षेत्र विकास योजनालगायतका आयोजना तथा कार्यक्रमहरू कार्यान्वियन तथा समन्वय

(ग) अनिवार्य आधारभूत शिक्षा र माध्यमिक शिक्षा एवम् राष्ट्रिय पठन सिपलगायतका विषयमा नमुना कार्यक्रम विकास तथा कार्यान्वियन

(घ) मानव संसाधन प्रक्षेपण योजना तर्जुमा, त्यस अनुरूप शैक्षिक योजना, कार्यक्रम विकास एवम् मानव संसाधन विकास

योजना तयार

(ङ) विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अध्ययन अनुसन्धान गर्ने गराउने तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमन

(च) प्रदेश र स्थानीय तहबाट माग भएबमोजिम प्राविधिक विषयमा सहजीकरण एवम् समन्वय

(छ) विद्यालय शिक्षाको एकीकृत शैक्षिक तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा प्रबोधीकरण

(ज) विद्यालय शिक्षाको लागि भौतिक सुविधासहितको न्यूनतम सिकाइ अवस्थाको योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक स्रोत व्यवस्थापन एवम् सहजीकरण

(झ) प्रारम्भिक बालविकास तथा शिशु शिक्षासम्बन्धी नीति तथा मापदण्ड निर्धारण एवम् कार्यक्रम सञ्चालनको समन्वय

(ञ) अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक मापदण्ड निर्माण तथा कार्यान्वयनमा सहजीकरण

(ट) माध्यमिक शिक्षातर्फ साधारण तथा प्राविधिक शिक्षाको लागि आवश्यक नीतिगत व्यवस्था

(ठ) शिक्षण संस्थाको स्थापना र सञ्चालनको न्यूनतम राष्ट्रिय मापदण्ड निर्धारण तथा आवश्यक समन्वय, सहजीकरण र अनुगमन

(ड) विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन एवम् सहजीकरण

(ढ) विद्यालय शिक्षामा पहुँच बढाउन छात्रवृत्ति, दिवा खाजालगायतका प्रोत्साहन कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण

(ण) शिक्षक व्यवस्थापन तथा विकासका लागि मापदण्ड तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण

(त) सेवाकालीन शिक्षक तालिमको लागि पाठ्यक्रमको ढाँचा निर्माण एवम् स्वीकृति, कोर्स तथा स्रोत सामग्री विकास, प्रशिक्षक तयारी, तालिम मापदण्ड विकास, तालिमको प्रमाणीकरण तथा समकक्षता निर्धारण

(थ) प्रदेश अन्तरगतका शैक्षिक तालिम कार्यक्रम तथा निकायहरूको सम्बन्धन, प्राविधिक सहयोग, समन्वय, अनुगमन तथा नियमन

(द) शिक्षक तालिम सम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारुप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगका समन्वय समावेशी शिक्षा, लैङ्गिक समविकास, मातृभाषा, तथा विशेष शिक्षासम्बन्धी कार्य

(ध) विद्यालयमा हुने विपद् जोखिम न्यूनीकरणका लागि सुरक्षित विद्यालय नीति तथा एकीकृत विद्यालय सुरक्षासम्बन्धी कार्यक्रमहरूको विकास तथा कार्यान्वयन

(न) नमुना विद्यालय विकास, व्यवस्थापन एवम् सञ्चालनमा समन्वय र सहजीकरण

(ऩ) परम्परागत, वैकल्पिक एवम् खुला शिक्षा तथा निरन्तर सिकाइसम्बन्धी नीति एवम् मापदण्ड निर्धारण तथा कार्यान्वयमा सहजीकरण

(प) विभिन्न तहमा शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक सामग्रीको सूची विकास, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास र प्रमाणीकरण, नमुना तालिम सामग्री उत्पादन तथा वितरणसम्बन्धी कार्यहरू

(फ) भाषिक, लैङ्गिकलगायतका विविधतालाई व्यवस्थापन गर्न समावेशी शिक्षा नीति अनुरूपका नमुना कार्यक्रमहरू

तर्जुमा एवम् कार्यान्वयन

(ब) विद्यालय पोषण, बालमैत्री विद्यालयसम्बन्धी सहजीकरण तथा सवलीकरणका कार्यहरू

(भ) शिक्षक तथा शिक्षा प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकाससम्बन्धी मापदण्ड विकास, कार्यक्रम तर्जुमा, कार्यन्वयन र प्रमाणीकरण

(म) दूर शिक्षा/खुला सिकाइ कार्यक्रमको लागि, श्रव्य तथा श्रव्यदृश्य सामग्री Access विकास एवम् प्रसारण, कार्यक्रम सञ्चालन एवम् समन्वय

(य) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा सामुदायिक सिकाइ केन्द्रको नीति तर्जुमा योजना विकास र नियमन

(र) केन्द्रमा कार्यरत कर्मचारीको व्यवस्थापन, वृत्ति विकास, क्षमता विकास र आन्तरिक व्यवस्थासम्बन्धी कार्यहरू

(ऱ) समावेशी शिक्षा, लैङ्गिक समविकास तथा विशेष शिक्षासम्बन्धी कार्यहरू

(ल) स्रोतकेन्द्रको मापदण्ड, नक्साङ्कन र स्रोतव्यक्तिको छनौट तथा सेवा सर्त सुविधासम्बन्धी कार्यहरू

## ३. शिक्षा तथा मानवस्रोत विकास केन्द्रका मूख्य कार्य उपलब्धिहरू

(क) विद्यालय शिक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन

(ख) Sustainable Development Goals, Periodic plan, School Education Sector Plan लगायतका योजनाहरू कार्यान्वयनमा सहजीकरण, अनुगमन र प्रतिवेदन

(ग) Real time-Based Integrated Education Management Information System (IEMIS) को विकास र कार्यान्वयन

(घ) शिक्षक पेसागत विकास (Teacher's Professional Development) का लागि सामग्री विकास तथा मुख्य प्रशिक्षक विकास

(ङ) शिक्षामा समतामूलक पहुँच र सहभागिता (Equitable access and participation) अभिवृद्धिका लागि दलित, अपाङ्गता भएका, पिछडिएकालगायतका लक्षित वर्गका बालबालिकाहरूका लागि लागि आवासीय विद्यालय, छात्रवृत्ति, अपाङ्गताको लेखाजोखा र सहायक सामग्रीको प्रबन्ध, दिवा खाजा, सेनेटरी प्याडलगायतका प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन

(च) शैक्षिक गुणस्तर सुधारका लागि सिकाइ चौतारी (learning protal) विकास र अद्यावधिक, सिकाइ चौतारी मोबाइल एप्स विकास र सञ्चालन, श्रव्यदृश्य सामग्रीको अनुकूलन, पहुँचयुक्त विद्युतीय पाठ्यपुस्तक (Accessible digital textbooks) लगायतका डिजिटल सामग्री विकास र सहजीकरण

(छ) विद्यालय विस्तृत पूर्वाधार गुरुयोजना (Detail physical infrastructure master plan) निर्माण सोहीबमोजिम पूर्वाधार विकास कार्यक्रम सञ्चालन

(ज) प्रदेश तथा स्थानीय तहसँग समन्वय सहकार्य स्थानीय शिक्षा योजना (Local Education Plan) निर्माण सोहिबमोजिम विद्यालय नक्साङ्कन समायोजन र शिक्षक दरबन्दी मिलानमा सहजीकरण

४. **संस्थाको समस्या**

(क)जनशक्तिको पेशागत दक्षता र जवाफदेहितामा सिमीतता रहेको

(ख)प्रशासनिक तथा शिक्षण सिकाइ प्रणालीमा ICT को पूर्वाधार र विज्ञताको न्यूनता रहेको

(ग) अन्तरनिकाय तथा अन्तरसरकारी तहबिचको समन्वयमा कमी रहेको

(घ) बजेटको विनियोजन  र खर्च प्रणालीमा प्रर्याप्त तादाम्यता कायम हुन नसकेको

५. **संस्थाको भावी कार्यदिशा**

(क) चुस्त फुर्तिलो र कामयावी सङ्गठन संरचना विकास

(ख) कर्मचारीहरूमा बहुसिप दक्षता (Multicompetences) र सेवाभाव विकास

(ग) प्रमाणमा आधारित योजना र शीघ्र निर्णयका लागि Real time based तथ्याङ्क प्रणाली विकास

(घ) सेवाप्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोग Digital Transformation

(ङ) Business process reengineering BPR मार्फत सेवाको Customize and Configuration

(च) शैक्षिक सुशासन Educational Good Governance कायम

## पाठ्यक्रम विकास केन्द्र

१. **परिचय**

पाठ्यक्रम विकास केन्द्रको स्थापना वि.स. २०२८ साल भाद्र ५ गते भएको हो। केन्द्रमा महानिर्देशकको रूपमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवको नेतृत्वमा प्राविधिक र प्रशासनिक दुवै क्षेत्रका ५५ जना कर्मचारीको दरबन्दी रहेको छ। राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सास्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार, श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार र स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील, सिपयुक्त, वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी नागरिक तयारका लागि आधारस्तम्भका रूपमा विद्यालय शिक्षाका लागि आवश्यक उपयुक्त पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सिकाइ सामग्रीहरू विकास गरी विद्यालय शिक्षालाई समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा सहयोगी बनाउँदै समसामयिक, विद्यार्थीकेन्द्रित, व्यावहारिक र विश्वपरिवेशमा प्रतिस्पर्धी बनाउन यो केन्द्र दृढ सङ्कल्पित छ।

पाठ्यक्रम विकास केन्द्र नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत रहेको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा वितरणसम्बन्धी व्यवस्थापन गर्ने सङ्घीय निकाय हो। यस केन्द्रको कार्यक्षेत्रमा विशेष गरी पाठ्यक्रम, पाठ्यपुस्तकको विकास, परिमार्जन र सुधारजस्ता विषय पर्दछन्। यसका अतिरिक्त यस केन्द्रले शिक्षाको गुणस्तर वृद्धिमा प्रत्यक्ष वा परोक्ष

रूपले सहयोग पुर्‍याउने शिक्षक निर्देशिका, सिकाइ स्रोत सामग्री र सन्दर्भ सामग्री एवम् तिनका प्रभावकारितासम्बन्धी अध्ययन अनुसन्धान गर्छ र सुझाव तथा सिफारिसका आधारमा सम्पन्न कार्यको सामयिक पुनरावलोकन पनि गर्छ। यसबाहेक यसले विद्यालय शिक्षालाई सान्दर्भिक, व्यावहारिक र प्रतिस्पर्धात्मक बनाउन अनुसन्धानमूलक कार्यक्रम, छलफल, अन्तरक्रिया र अभिमुखीकरणका कार्यक्रमहरूसमेत सञ्चालन गर्छ।

### २. पाठ्यक्रम विकास केन्द्रको कार्यविवरण

(क) विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास तथा पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री एवम् विद्यार्थी मूल्याङ्कनसम्बन्धी गुणस्तर मापदण्ड निर्धारण
(ख) विद्यालय शिक्षाको योग्यता परीक्षण, मान्यता तथा समकक्षता र प्रमाणीकरण
(ग) विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी योजना तथा कार्यक्रम विकास, कार्यान्वयन र मूल्याङ्कन
(घ) पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री (डिजिटल पाठ्यसामग्रीसमेत) विकास
(ङ) थप पाठ्यसामग्रीको अनुमति तथा स्वीकृति एवम् अनुगमन
(च) पाठ्यक्रम कार्यान्वयन, मूल्याङ्कन, नियमन, अध्ययन अनुसन्धान तथा अनुगमन
(छ) पाठ्यक्रम तथा पाठ्यसामग्री एवम् विद्यार्थी मूल्याङ्कनसम्बन्धी गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन
(ज) प्रदेश तथा स्थानीय तहहरूसँग पाठ्यक्रमसम्बद्ध क्रियाकलापमा समन्वय, क्षमता विकास र प्राविधिक सहयोग र सहजीकरण

### ३. पाठ्यक्रम विकास केन्द्रबाट भएका मुख्य उपलब्धिहरू

#### (क) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको विकास र कार्यान्वयन

विद्यालय शिक्षाको पाठ्यक्रमसम्बन्धी मूल मार्गदर्शक दस्तावेजको रूपमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ विकास गरी कार्यान्वयन गरिएको छ। प्रविधिमा हुने परिवर्तन र स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवर्तित शैक्षिक मुद्दाहरूलाई सम्बोधन गर्न सक्ने गतिशील दस्तावेज (Living Document) का रूपमा रहेको यस प्रारूपले पाठ्यक्रमसम्बद्ध नीति तथा सिद्धान्त, पाठ्यक्रम संरचना, सिकाइका क्षेत्र एवम् सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन तथा प्रमाणीकरण प्रक्रियाका साथै पाठ्यक्रम कार्यान्वयनको संस्थागत प्रबन्धलाई मार्गनिर्देश गर्ने आधार प्रदान गरेको छ।

#### (ख) विद्यालय शिक्षाको पाठ्यक्रमको विकास र परिमार्जन

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको प्रावधानअनुसार निर्धारित प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तह र माध्यमिक तहसम्मका विविध विषयका पाठ्यक्रमहरूको विकास र कार्यान्वयन गरिएको छ। साथै पाठ्यक्रमलाई राष्ट्रिय लक्ष्य, श्रम बजारको आवश्यकता र विश्वव्यापी प्रवृत्तिसँग समन्वय गर्दै समसामयिक र गुणस्तरीय बनाउँदै लगिएको छ।

#### (ग) पाठ्यपुस्तक तथा सिकाइ स्रोत सामग्री विकास

पाठ्यक्रम विकास केन्द्रले कक्षा १ देखि कक्षा १२ सम्मका नमुना पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सिकाइ स्रोत तथा सन्दर्भ सामग्रीहरू विकास गर्दै आइरहेको छ। यसले शिक्षण सिकाइ प्रक्रियालाई सारभूत सहजीकरण गर्ने काम गरेको छ।

#### (घ) मूल्याङ्कन प्रक्रियामा सुधार

केन्द्रले विद्यालय तहको मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित र सहजीकरण गर्न मूल्याङ्कन मापदण्ड, विशिष्टीकरण तालिका (Specification Grid) र मूल्याङ्कनका साधनहरू विकास गरेको छ।

**(ङ) थप पाठ्यसामग्रीको स्वीकृति तथा गुणस्तर नियन्त्रण**

केन्द्रले निजी प्रकाशकहरूबाट विकास गरिएका थप पाठ्यसामग्रीहरूको मूल्याङ्कन र स्वीकृति प्रदान गर्ने काम गरिरहेको छ। यसबाट विद्यार्थीले शैक्षिक सामग्रीका रूपमा प्रयोग गर्ने पाठ्यसामग्रीको गुणस्तर र सान्दर्भिकता कायम गर्न महत्त्वपूर्ण योगदान पुगेको छ।

**(च) समकक्षता तथा प्रमाणीकरण सेवा**

विदेशी विद्यालयस्तरीय योग्यताहरूलाई समकक्षता प्रमाणपत्र प्रदान गरिएको छ। यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षा प्रणालीबिच विद्यार्थीको आवागमन सहज बनाएको छ।

### ४. पाठ्यक्रम विकास केन्द्रका मुख्य समस्याहरू

(क) दक्ष विज्ञको अभावमा कतिपय पाठ्यक्रम तथा पाठ्यपुस्तक अपेक्षित गुणस्तरीय बनाउन नसकिनु
(ख) पाठ्यपुस्तक लेखनको पारिश्रमिक कम रहेको हुँदा विज्ञ र सक्षम लेखकलाई आकर्षित गर्न नसकिनु
(ग) विषयगत अधिकृतहरूको क्षमता विकासका कार्यक्रम नहुँदा उत्पादित सामग्रीको अपेक्षित गुणस्तर कायम हुन नसक्नु
(घ) विज्ञ पारिश्रमिक अत्यन्तै न्यून रहेका कारण निजी प्रकाशकहरूका पाठ्यसामग्री मूल्याङ्कनलाई प्रभावकारी बनाउन नसक्नु
(ङ) अनलाइनमा आधारित समकक्षता प्रणालीमा बारम्वार समस्या आउनु
(च) पाठ्यक्रम विकासलाई पूर्ण रूपमा अध्ययन र अनुसन्धानमा आधारित बनाउन नसकिनु
(छ) शिक्षा प्रणालीलाई श्रम बजारका आवश्यकतासँग पूर्ण रूपमा आबद्ध गर्न नसकिनु
(ज) पाठ्यक्रमलाई सान्दर्भिक बनाउन र पाठ्यक्रमको अत्यधिक बोझ हुने जोखिमलाई न्यून गर्न नसकिनु

### ५. पाठ्यक्रम विकास केन्द्रको भावी कार्यदिशा

(क) पाठ्यपुस्तक लेखनको पारिश्रमिक वृद्धि गरी दक्ष, विज्ञ र सक्षम लेखकहरूलाई आकर्षित गर्ने
(ख) विषयगत अधिकृतहरूको क्षमता विकास र बाह्य Exposure प्रदान गर्न ध्यान दिने
(ग) निजी प्रकाशकहरूका गुणस्तरीय पाठ्यसामग्रीलाई मात्र स्वीकृत गर्न स्पष्ट मूल्याङ्कन मापदण्ड विकास पर्ने
(घ) अनलाइनमा आधारित समकक्षता प्रणालीमा सुधार गर्ने
(ङ) अध्ययन र अनुसन्धानमा आधारित पाठ्यक्रम विकासलाई जोड दिने
(च) पाठ्यक्रम विकास केन्द्रलाई भौतिक र शैक्षिक पूर्वाधार तथा जनशक्ति दक्षताको दृष्टिले Centre of Excellence को रूपमा विकास गर्ने

## शैक्षिक गुणस्तर परीक्षण केन्द्र

### १. परिचयः

विद्यालय शिक्षाको गुणस्तर परीक्षणसमेतको कार्य गरी प्रणालीमा सुधारका लागि प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले शिक्षा ऐन २०२८ को दफा ७ ख. को व्यवस्थाबमोजिम शिक्षा मन्त्रालयअन्तर्गत केन्द्रीय निकायका रूपमा वि.सं.

२०६६ साल कार्तिक १३ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office-ERO) को स्थापना भएको हो। विद्यालय शिक्षाको शैक्षिक गुणस्तर परीक्षणसमेतको परिभाषित कार्यअन्तर्गत विभिन्न कक्षामा विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण, शैक्षिक निकाय तथा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विभिन्न शैक्षिक मुद्दाहरूमा अनुसन्धानलगायतका कार्य हुँदै आएका छन्।

शिक्षा ऐन, २०२८ को आठौँ संशोधनले ऐनको दफा ७ ख. मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कामसमेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने व्यवस्था गरेको छ। हाल केन्द्रमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव महानिर्देशक सहित प्राविधिक र प्रशासन गरी ३१ जना कर्मचारीको दरबन्दी रहेको छ। शिक्षाको गुणस्तर सुधार र समता कायम गर्ने, शिक्षा पद्धतिको उत्तरदायित्वमा सुधार एवम् सक्षमता र प्रभावकारिता वृद्धि गर्ने कार्यमा सहयोग पुर्‍याउनका लागि नेपाल सरकार तथा मातहतका शैक्षिक निकाय तथा विद्यालयलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने उद्देश्यका साथ स्थापित शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख कार्यहरू देहायका क्षेत्रहरूसँग सम्बन्धित रहेका छन् :

## २. शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख कार्यहरू

(क) उपलब्धि परीक्षण

- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement, NASA for grade 5, 8 &10)
- पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment of Reading and Numeracy, NARN for grade 3)
- प्रारम्भिक सिकाइ तथा विकास स्तर परीक्षण (Early Learning and Development Standards, ELDS)
- कार्यसम्पादन परीक्षण (Performance Audit)
  - विद्यालय कार्यसम्पादन परीक्षण
  - शैक्षिक निकायको कार्यसम्पादन परीक्षण
  - प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण

(ख) शैक्षिक मुद्दाहरूमा अध्ययन अनुसन्धान

(ग) परीक्षणसम्बन्धी अन्य कार्यहरू

उल्लिखित कार्यक्षेत्रहरूलाई आधार मानी शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ ले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकारलाई देहायअनुसार उल्लेख गरेको छ।

- आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धि स्तर परीक्षण गरी गुणस्तर सुधार तथा समताको अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि शिक्षा तथा खेलकुद मन्त्रालय तथा सम्बद्ध निकायलाई पृष्ठपोषण प्रदान गर्ने

- विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन स्तरको नियमित रूपमा परीक्षणगरी सेवा प्रवाह तथा विद्यालय शिक्षाको गुणस्तर सुधारका निम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने

- जवाफदेहितामा वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालय तथा शैक्षिक निकायहरूलाई आफ्नो कार्यसम्पादन स्तरको स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने

- शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन परीक्षण गर्ने

- शैक्षिक कार्यक्रम, आयोजना तथा परियोजनाहरूको मूल्याङ्कन गर्ने

- शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचना तथा सुझावहरू उपलब्ध गराउने

- विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालय तथा निकायहरूको कार्यसम्पादन परीक्षणका लागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजी तथा प्रयोग गर्ने गराउने

- सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन अनुसन्धानका लागि मानवीय तथा संस्थागत क्षमता विकास गर्ने गराउने

- सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन अनुसन्धानलाई प्रभावकारी बनाउन यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने

३. **शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख उपलब्धिहरू**

**(क) राष्ट्रिय स्तरको विद्यार्थी उपलब्धि परीक्षण सञ्चालन**

- राष्ट्रिय स्तरमा सञ्चालन गरिने विद्यार्थी उपलब्धि परीक्षणका माध्यमबाट विद्यार्थीको वास्तविक सिकाइ स्तर मापन

- सिकाइ अन्तर अवस्था (learning gap) तथा सिकाइमा प्रभाव पार्ने तत्त्वहरू पहिचान गरी सुधारका लागि पृष्ठपोषण

- नियमित रूपमा राष्ट्रिय प्रतिवेदन प्रकाशन

- प्रदेश, जिल्ला तथा समूहगत रूपमा तुलनात्मक विश्लेषण

- सिकाइको प्रवृत्ति (trend) प्रस्तुत

- Standardized assessment tools विकास
- परीक्षणका लागि विश्वसनीय (reliable) र मान्य (valid) विधि प्रयोग
- दक्षतामूलक मूल्याङ्कनलाई प्रवर्धन

**(ख) सिकाइ उपलब्धिको प्रमाणमा आधारित नीति निर्माणमा सहयोग**

- विद्यालय तहमा सुधारका क्षेत्र पहिचान
- समग्र शिक्षा प्रणालीलाई प्रमाणमा आधारित सूचना उपलब्ध
- शिक्षा नीति, पाठ्यक्रम सुधार, शिक्षण विधि र योजना निर्माणका लागि आधार प्रदान
- शिक्षक तालिम, सामग्री विकास, र मूल्याङ्कन प्रणाली सुधारका लागि मार्गदर्शन
- विद्यार्थी उपलब्धि परीक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषण तथा प्रतिवेदनमार्फत शिक्षा प्रणालीलाई प्रमाणमा आधारित, उत्तरदायी र गुणस्तरीय बनाउन महत्त्वपूर्ण योगदान

**(ग) कार्यसम्पादन परीक्षण**

- शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि विद्यालय तथा शैक्षिक निकायहरूको कार्य प्रणालीको परीक्षण,
- विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन सुधारका निमित्त नीतिगत पृष्ठपोषणका लागि प्रमाणमा आधारित सूचना तथा तथ्यहरू उपलब्ध
- उत्कृष्ट र गुणस्तरीय शैक्षिक सेवा प्रवाहका लागि संस्थागत जवाफदेहिता सुनिश्चित गर्न सहयोग

**(घ) अनुसन्धान र अध्ययन कार्य**

- शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न मुद्दा तथा thematic studies सञ्चालन
- सिकाइमा प्रभाव पार्ने कारकहरूको विश्लेषण (जस्तै: भाषा, लिङ्ग, सामाजिक अवस्था)
- नीतिगत सुधारका लागि अनुसन्धानमा योगदान
- ग्रामीणसहरी, सामुदायिक संस्थागत विद्यालयबिचको अन्तर पहिचान
- समावेशी शिक्षा नीतिमा सहयोग

४. **शैक्षिक गुणस्तर परीक्षण केन्द्रको समस्या**

(क) शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सञ्चालन गरिने विभिन्न परीक्षणमार्फत समग्रमा शैक्षिक अवस्था पहिचान हुने भए पनि परीक्षणबाट प्राप्त नतिजालाई प्रभावकारी रूपमा उपयोग गरी सुधार कार्य प्रभावकारी बनाउनु चुनौतीपूर्ण रहेको छ।

(ख) विशेषगरी प्राविधिक जनशक्तिको अभाव, प्रतिवेदनको उपयोग र प्रसार पर्याप्त हुन नसक्नु तथा नतिजालाई नीतिगत सुधार र कार्यान्वयनमा रूपान्तरण गर्न कठिनाइ देखिन्छ।

(ग) विभिन्न परीक्षणबिचको बुझाइमा एकरूपता नहुनु र सरोकारवालाको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता पनि प्रमुख चुनौतीका रूपमा रहेका छन्।

## ५. शैक्षिक गुणस्तर परीक्षण केन्द्रभावी कार्यदिशा

(क) प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने विद्यार्थी उपलब्धि परीक्षण तथा कार्यसम्पादन परीक्षण प्रणालीमा एकरूपता ल्याई प्राप्त नतिजाहरूका उपयोगका सन्दर्भमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले समन्वय प्रणाली विकास गर्नुपर्ने छ।

(ख) तीनै तहका सरकारबिच सहकार्य बढाउँदै नतिजाको प्रचारप्रसार, प्रतिवेदन प्रणाली सुदृढीकरण र तथ्याङ्कको बहुप्रयोग सुनिश्चित गर्न आवश्यक छ।

(ग) नतिजाहरूलाई विश्वव्यापी सक्षमता (Global Proficiency) सँग जोड्नु तथा अन्य अन्तर्राष्ट्रिय बृहत् स्तरका परीक्षण (Large Scale Assessment) सँग तुलना गर्नुका साथै दिगो विकास लक्ष्य (SDG- 4) सूचकमा आधारित विश्वव्यापी प्रतिवेदन प्रणालीलाई प्रयोग गर्न प्रणाली विकास गरिनुपर्ने छ।

(घ) सामयिक रूपमा गरिने राष्ट्रिय परीक्षणका नतिजाहरू विद्यालय तहसम्म प्रबोधीकरण गरी विद्यालयलाई सिकाइ सुधार योजना बनाउन र विद्यार्थी सिकाइ उपलब्धि बढाउने क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गरिनुपर्ने छ।

(ङ) विद्यालय तथा अन्य शैक्षिक संस्थाको गुणस्तर प्रत्यायन गर्ने गुणस्तरको सुनिश्चितता र प्रमाणीकरण गर्नुपर्ने छ।

# राष्ट्रिय परीक्षा बोर्ड

## १. परिचयः

शिक्षा ऐन, २०२८ (आठौं संशोधन) मिति २०७३/०३/१५ मा प्रमाणीकरण भई माध्यमिक शिक्षा परीक्षाको सञ्चालन, समन्वय र व्यवस्थापन गर्न राष्ट्रिय परीक्षा बोर्डको गठन भएको हो। तत्कालीन उच्च माध्यमिक शिक्षा ऐन, २०४६ अनुसार गठित उच्च माध्यमिक शिक्षा परिषद्द्वारा सम्पादन हुँदै आएका कार्यहरू मूलतः उच्च माध्यमिक तह सञ्चालन गर्नका लागि सम्बन्धन प्रदान, शिक्षक तालिम, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण एवम् परिमार्जन र समकक्षता निर्धारणसम्बन्धी कार्यलाई बोर्डको जिम्मेवारीबाट हटाई माध्यमिक शिक्षा (कक्षा १०) को परीक्षा एवम् माध्यमिक तहको अन्त्यमा हुने कक्षा ११ र १२ को परीक्षा तथा मूल्याङ्कनसम्बन्धी कार्यलाई एकीकृत रूपमा राष्ट्रिय परीक्षा बोर्डको क्षेत्राधिकारभित्र आबद्ध गरिएको थियो। हाल कक्षा १० को परीक्षाको व्यवस्थापन प्रदेश स्तरीय रूपमा र परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनको कार्य बोर्डबाट हुँदै आएको छ। नेपाल सरकारको निर्णयबाट २०७७ सालदेखि कक्षा ११ को परीक्षा विद्यालय तहमा सञ्चालन गरिएको छ। माध्यमिक तहको

अन्त्यमा हुने कक्षा १२ को परीक्षा राष्ट्रिय स्तरमा बोर्डबाट सञ्चालन हुँदै आएको छ। यसैगरी आधारभूत तहको अन्त्यमा हुने कक्षा ८ को परीक्षामा समेत एकरूपता कायम हुने गरी मापदण्ड निर्धारण गर्ने, परीक्षा सञ्चालनसम्बन्धी प्राविधिक विषयमा सहजीकरणसमेत गर्ने जिम्मेवारी राष्ट्रिय परीक्षा बोर्डमा रहेको छ।

बोर्ड मूलतः विद्यालय शिक्षाको परीक्षा र मूल्याङ्कन पद्धतिसम्बन्धी प्राविधिक कामहरूमा केन्द्रित रहेको छ। विश्वका समकक्षी बोर्डहरूले अङ्गीकार गरेका मूल्याङ्कन प्रणालीका असल अभ्यासको अध्ययन र अनुभवको आदानप्रदानबाट बोर्डको मूल्याङ्कन प्रणालीलाई थप परिस्कृत गर्दै लग्ने कार्यमा अगाडि बढिरहेको छ। शिक्षा ऐनमा भएको व्यवस्थाअनुसार परीक्षा प्रणालीमा वैधता र विश्वसनीयता कायम गर्दै गुणस्तरीय सेवा प्रवाह गर्ने लक्ष्य लिएको बोर्डले मन्त्रालयले स्वीकृत गरेको नीतिको अधीनमा रही आवश्यक योजना बनाउने र कार्यान्वयन गर्ने गराउने कार्य गर्दै आइरहेको छ।

## २. राष्ट्रिय परीक्षा बोर्डको गठन

बोर्डको गठन देहायबमोजिम हुने छः

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह हासिल गरेको र शिक्षा तथा परीक्षासम्बन्धी विषयमा बाह वर्षको अनुभव प्राप्त व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति – अध्यक्ष

(ख) मन्त्रालयको सचिव – उपाध्यक्ष

(ग) मन्त्रालयको सहसचिव (विद्यालय शिक्षा हेर्ने) – सदस्य

(घ) महानिर्देशक, शिक्षा विभाग – सदस्य

(ङ) कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र – सदस्य

(च) सदस्यसचिव, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् – सदस्य

(छ) परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय – सदस्य

(ज) प्राध्यापन, शिक्षा प्रशासन र परीक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरी विशेषज्ञता हासिल

(झ) गरेका व्यक्तिहरूमध्येबाट बोर्डले मनोनीत गरेका कम्तीमा दुई जना महिलासहित जम्मा तीन जना – सदस्य

(ञ) सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट कम्तीमा एक जना

(ट) महिलासहित मन्त्रालयले मनोनीत गरेका दुई जना – सदस्य

(ठ) नेपाल शिक्षा सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा बोर्डको सहसचिव स्तरको वरिष्ठ कर्मचारीहरूमध्येबाट मन्त्रालयले तोकेको कर्मचारी –सदस्य सचिव

## ३. राष्ट्रिय परीक्षा बोर्डको काम, कर्तव्य र अधिकार

शिक्षा ऐन, २०२८ (आठौं संशोधनले राष्ट्रिय परीक्षा बोर्डको काम, कर्तव्य र अधिकार निम्नानुसार तोकेको छ:

(क) मन्त्रालयले स्वीकृत गरेको परीक्षासम्बन्धी नीतिको अधीनमा रही बोर्डको नीति निर्धारण गरी कार्यान्वयन गर्ने र गराउने

(ख) बोर्डको दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने र गराउने

(ग) विद्यालय शिक्षा, परीक्षाको मर्यादा र गुणस्तर कायम भए नभएको सम्बन्धमा मूल्याङ्कन गर्ने र गराउने

(घ) बोर्डको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने

(ङ) बोर्डको काम सुचारु रूपले सञ्चालन गर्न आवश्यक आर्थिक स्रोत जुटाउने

(च) बोर्डको आवधिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्ने

(छ) तोकिएबमोजिमका अन्य कामहरू गर्ने र गराउने

## ४. राष्ट्रिय परीक्षा बोर्डको साङ्गठनिक संरचना

बोर्डले सम्पादन गर्ने कानुनबमोजिमका कार्यहरूलाई विकेन्द्रित गर्दै सेवा प्रवाहलाई सहज बनाउन बोर्डको केन्द्रीय कार्यालय, सानोठिमी, भक्तपुरमा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० र कक्षा १२ का साथै विभिन्न ३ ओटा महाशाखाहरू रहेका छन् भने ७ ओटा प्रदेश परीक्षा व्यवस्थापन कार्यालय तथा ५ ओटा शाखा कार्यालयहरू र ७७ जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइमार्फत कक्षा १० को सेवा प्रवाह एवम् कक्षा ११ र १२ को कार्यहरूमा समन्वय गरी कार्य सञ्चालनमा रहेका छन्।

## ५. राष्ट्रिय परीक्षा बोर्डको मुख्य उपलब्धिहरू

(क) वार्षिक शैक्षिक कार्यतालिका (क्यालेण्डर) प्रकाशन
(ख) वार्षिक शैक्षिक कार्यतालिका (क्यालेण्डर)बमोजिम वार्षिक परीक्षा सञ्चालन एवम् नतिजा प्रकाशन
(ग) विद्यार्थीलाई शैक्षिक प्रमाणपत्र वितरण
(घ) अनुसन्धानात्मक कार्यहरू

- Item निर्माण, Item परीक्षण, Item Bank निर्माणसम्बन्धी कार्य
- परीक्षा सुधारसम्बन्धी शोधकर्तालाई अनुदान
- परीक्षा र मूल्याङ्कनसम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान

## ६. राष्ट्रिय परीक्षा बोर्डको समस्या

(क) साङ्ठनिक संरचना समयानुकुल नहुनु
(ख) नियमित कार्यको तुलनामा सुधार कार्यलाई अझै प्राथमिकतामा राख्न नसकिएको
(ग) सम्बन्धित निकाय र संस्थाहरूसँग समन्वय गर्ने संयन्त्रको कमी
(घ) परीक्षामा संलग्न हुने व्यक्तिहरूमा आवश्यक सिप/क्षमताको कमी
(ङ) अध्ययन अनुसन्धानमा कमी
(च) सूचना तथा प्रविधिसम्बन्धी पर्याप्त पूर्वाधार नहुनु
(छ) भौतिक पूर्वाधार पर्याप्त नहुनु

## ७. राष्ट्रिय परीक्षा बोर्डको भावी कार्यदिशा

(क) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी संरचनामा परिमार्जन गर्ने
(ख) सेवाग्राही मैत्री भवन बनाउन जग्गा प्राप्ति र भवन निर्माण गर्ने
(ग) परीक्षामा संलग्न हुने जनशक्तिलाई तालिम, कार्यशालाहरू सञ्चालन गर्ने
(घ) वार्षिक कार्यतालिकालाई थप प्रभावकारी बनाउने
(ङ) परीक्षालाई क्रमशः स्तरीकृत (Standardized) गर्दै जाने
(च) Standardized Test Item Banking को व्यवस्था गर्ने
(छ) परीक्षा केन्द्र निर्धारण गर्दा भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गर्ने

(ज) अपाङ्गता भएका विद्यार्थीको परीक्षा सहजिकरण कार्यक्रम सञ्चालन गर्ने

(झ) अध्ययन तथा अनुसन्धानलाई प्राथमिकता दिई अनुसन्धानबाट प्राप्त सुझावहरूलाई कार्यान्वयनमा लगिने

(ञ) परीक्षाको प्रश्नपत्र तथा नतिजा विश्लेषण र सार्वजनिकरण गर्ने

(ट) परीक्षा तथा मूल्याङ्कनसम्बन्धी शोधपत्र लेखनलाई प्रोत्साहन

(ठ) सूचना तथा प्रविधिको विकासलाई प्राथमिकता दिने

## राष्ट्रिय किताबखाना (शिक्षक)

### १. परिचय

सेवा निवृत हुने शिक्षकहरूलाई निवृतभरण, उपदानलगायतका सेवा सुविधा दिने व्यवस्था २०३५ सालमा भएपछि अभिलेख राख्ने र सेवा सुविधा प्रदान गर्ने कार्य साविकको क्षेत्रीय शिक्षा निर्देशनालयबाट हुँदै आएकामा अलग्गै निकायबाट उक्त कार्य सञ्चालन गर्ने उद्देश्यले मन्त्रिपरिषद्को मिति २०५४ माघ २ गतेको निर्णयबमोजिम शिक्षा नियमावली २०४९ मा भएको (छैठौँ संशोधन) ले विद्यालय शिक्षक किताबखानाको स्थापना गरेको हो। मिति २०५४।१२।२६ गतेदेखि केशरमहल परिसरको एक कोठाबाट आफ्नो कार्य आरम्भ गरी वि.सं. २०५५ साल भाद्र महिनादेखि ताहाचल स्थित साबिकको जिल्ला शिक्षा कार्यालय काठमाडौँको भवनमा स्थानान्तरण गरियो। वि.सं. २०६६ जेष्ठदेखि विद्यालय शिक्षक किताबखानाको आफ्नै भवन काठमाडौँ महानगरपालिका वडा नं. १३ म्यूजियम मार्गमा निर्माण भएपछि यहीबाट सेवाप्रदान गर्दै आएको छ।

नेपालको संविधान जारी भएपश्चात् मुलुक सङ्घीय संरचनामा गएसँगै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५ आषाढ ४ गतेको निर्णयानुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत निजामती किताबखाना, विद्यालय शिक्षक किताबखाना र प्रहरी किताबखानालाई गाभेर राष्ट्रिय किताबखाना बनाइएको छ। यसपछि यस किताबखानाले राष्ट्रिय किताबखाना (शिक्षक) को रूपमा कार्य गर्दै आएको छ।

### २. राष्ट्रिय किताबखाना (शिक्षक)को मुख्य कार्यहरू

(क) स्थायी शिक्षकको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) दर्ता गरी नियुक्ति पदस्थापना, सरुवा, बढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारवाही, असाधारण एवम् अध्ययन बिदा, उपचार खर्च रकम जस्ता शिक्षकसँग सम्बन्धित विवरणहरू वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) फाइलमा सम्लग्न गरी अध्यावधिक गर्ने

(ख) शिक्षकको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने

(ग) शिक्षकलाई ६ महिना अगावै अनिवार्य अवकाशको जानकारी दिनेसम्बन्धी सूचना व्यवस्थापन गर्ने

(घ) सेवाबाट अवकाश भएका शिक्षकहरूको बिरामी बिदा, उपचार खर्च, उपदानको रकम निकासा दिने तथा निवृत्तिभरण, पारिवारिक निवृत्तिभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्ति जस्ता सुविधा किटान गरी निवृत्तिभरण अधिकारपत्र प्रदान गर्ने

(ङ) शिक्षकको सम्पत्ति विवरणको वार्षिक रूपमा अभिलेख राख्ने

(च) शिक्षकको अभिलेख तथा सुविधासम्बन्धी विषयमा आवश्यकताको आधारमा आधिकारिक सूचना प्रदान गर्ने

(छ) विद्यालय शिक्षक तथा सम्बन्धित निकायहरूलाई शिक्षकको अभिलेख अनुरूपका तथ्याङ्क नियमानुसार उपलब्ध गराउने

(ज) शिक्षकको अभिलेखलाई विकसित प्रविधि अनुरूप व्यवस्थित एवम् अद्यावधिक गर्दै जाने

(झ) उपरोक्त कार्यहरूका अतिरिक्त शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ मा उल्लिखित राष्ट्रिय किताबखाना (शिक्षक) को काम, कर्तव्य र अधिकारका कार्यहरूसमेत गर्दै रहेको

## ३. राष्ट्रिय किताबखाना (शिक्षक )ले गरेका मुख्य उपलब्धिहरू

(क) देशभरिका स्थायी शिक्षकको सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइबाट सिफारिस भई आएको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) प्रमाणीकरण गरी सङ्केत नम्बर कायम गरी TIS Software मा computer मा Entry गर्ने गरिएको

(ख) सेवाबाट अलग भएका शिक्षकको निवृत्तिभरणलगायतका सेवा सुविधा एकिन गरी निवृतिभरण अधिकारपत्र प्रदान गर्नुका साथै उपदान, औषधी उपचार खर्च, बिरामी बिदाको रकम आदि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमार्फत पठाउने गरिएको

(ग) शिक्षकहरूलाई SMS मार्फत सिटरोल दर्ता, सम्पत्ति विवरण दर्ताको जानकारी दिने गरिएको

(घ) शिक्षकको अनिवार्य अवकाशको सूचना ६ महिना अगावै दिनुको साथै कार्यालयको वेबसाइटमा राख्ने गरिएको

(ङ) सालबसाली स्थायी शिक्षकहरूको सम्पत्ती विवरणको अभिलेख राख्ने गरिएको

(च) वार्षिक रूपमा जिल्लाहरू छनौट गरी जिल्लास्तरमा सरोकारवालाहरूबिच अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने गरिएको

(छ) स्थायी शिक्षकहरूको अभिलेखलाई डिजिटलाइजेसन गर्दै रहेको

(ज) किताबखानाबाट कार्यसम्पादन हुँदै आएका कार्यहरू प्रदेशस्तरमा हस्तान्तरण गर्नका लागि कार्य प्रक्रिया सुरु गर्ने कार्यविधि मस्यौदा तयार गरी समितिमा पेस गरिएको

(झ) स्थायी शिक्षकसम्बन्धी सूचनाको प्रवाहबाट राष्ट्रिय तथा स्थानीयस्तरमा बजेट विनियोजन तथा राष्ट्रिय तथा स्थानीयस्तरमा शैक्षिक योजना निर्माण कार्यमा सहयोग

## ४. राष्ट्रिय किताबखाना (शिक्षक) को समस्या

(क) शिक्षकको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) किताबखानामा समयभित्र पेस नहुने तथा यस कार्यमा शिक्षक एवम् शिक्षा विकास तथा समन्वय इकाइको पर्याप्त ध्यान नपुग्नु

(ख) सञ्चित बिरामी बिदाको विवरण तत्कालीन रमानामा किटान नहुनु, तत्कालको सञ्चित बिरामी बिदाको अभिलेख शिक्षा नियमावलीको नियम १०६ को उपनियम (३) बमोजिम प्रमाणित भई कायम रहेको अवस्था नहुनु, बिदामा केरमेट र थपघट गरेको कागजात प्राप्त हुनु, पुरानो रमानाको मिति राखी हाल नयाँ बिदा भएको रमाना राखिएको फाइल पेस गर्नाले बिदा एकिन गर्न समस्या भएकाले बिदाको रकम दुरूपयोग हुने सम्भावना देखिनु

(ग) सबै अभिलेख विद्युतीय माध्यमबाट व्यवस्थापन गर्न आन्तरिक कार्यक्षमताको विस्तार तथा वृद्धि गर्न आवश्यक स्रोत साधनको कमी हुनु

(घ) विद्युतीय प्रणाली र अभिलेखमा भएको रेकर्डको माध्यमबाट सरोकारवालाहरूलाई छिटोछरितो रूपमा विवरण उपलब्ध गराउन Software निर्माण गर्न बजेट तथा जनशक्तिको अभाव, जनशक्तिको क्षमता अभिवृद्धि, वृत्तिविकासका कुनै अवसर प्राप्त नहुनु साथै कार्यबोझ अत्यधिक भएकामा पनि कर्मचारीहरूका लागि प्रोत्साहनका कार्यक्रम नहुनु

(ङ) शिक्षा नियमावलीबमोजिम उमेरको कारणबाट अनिवार्य अवकाश हुने शिक्षकले नियमावलीको नियम ११७बमोजिम जानकारी गराउने व्यवस्था कार्यान्वयनमा नआउनु तथा फरकफरक प्रमाण पत्रमा फरकफरक जन्ममिति हुँदा अनिवार्य अवकाश हुने मितिभन्दा बढी अवधिसम्म कार्यरत रहनु

(च) प्रत्येक स्थायी शिक्षकले तोकेको समयमा वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) भरी पेस नगरेको कारणले सेवा निवृत्त सङ्ख्या एकिन गर्न कठिन हुने भएकाले सही तथ्याङ्क सहितको बजेट प्रस्ताव गर्नमा समस्या भएको

(छ) तलब वृद्धिको अनुपातमा बजेटमा तत्काल वृद्धि नहुँदा सेवा, सुविधा रकमको भुक्तानी बक्यौता रहने गरेको

(ज) सम्बन्धित निकाय तथा पदाधिकारीले वार्षिक रूपमा प्रत्येक शिक्षकको सञ्चित बिरामी बिदाको अभिलेख प्रमाणित गरी नराखेको अवस्थामा बिना आधार प्रमाण संचित बिरामी बिदा प्रमाणित भई आउनु (जस्तै असाधारण बिदा लिएको अवधिको पनि सञ्चित बिरामी बिदाको गणना भएर आउनु)

(झ) प्रत्येक वर्ष निवृत्त हुने शिक्षकहरूको वैयक्तिक विवरण फाइल र नयाँ शिक्षकको वैयक्तिक विवरण फाइलका साथै प्रत्येक वर्ष शिक्षकले वुझाएको सम्पत्ति विवरणलाई व्यवस्थापन गर्नका लागि भवन कोठा तथा र्‍याकको अभाव हुनु

(ञ) शिक्षकहरूले प्राप्त गर्ने सेवा सुविधामा चित्त नबुझी अदालतमा दायर गरेको मुद्दाको लिखित जवाफ पठाउनु पर्ने तथा किताबखानामा कार्य सम्पादनमा देखा पर्ने कानुनी समस्या समाधान गर्नका लागि कानुनको कर्मचारी दरबन्दी नहुनु

## ५. राष्ट्रिय किताबखाना (शिक्षक) को भावी कार्यदिशा

(क) स्थायी शिक्षकहरूको वैयत्तिक तथा नोकरी विवरण (सिटरोल) दर्ता गरी नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारवाही, असाधारण एवम् अध्ययन बिदा, औषधी उपचार खर्चको रकम जस्ता शिक्षकहरूसँग सम्बन्धित विवरणहरू वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) फाइलमा संलग्न गरी अद्यावधिक गर्दै लगिनुका साथै मुख्य मुख्य अभिलेखहरू स्क्यानिङ गरी डिजिटलाइजेसन गर्ने

(ख) शिक्षकको अनिवार्य अवकाशको सूचना ६ महिना अगावै दिइँदै आएकामा १ वर्ष अगावै दिने व्यवस्था गर्ने

(ग) शिक्षकहरूको तलबी प्रतिवेदन वार्षिक रूपमा पारित गर्ने कार्यलाई निरन्तरता दिने

(घ) शिक्षकहरूको सम्पत्ति विवरण वार्षिक रूपमा अभिलेख राख्ने कार्यलाई सम्बन्धित स्थानीय तहमार्फत गरी सोको समष्टि मात्र किताबखानामा राख्ने व्यवस्था गर्ने

(ङ) सेवाबाट अलग भएका शिक्षकहरूलाई निवृत्तभरण, उपदान, औषधी उपचार खर्च, पारिवारिक निवृत्तभरण, बिरामी बिदा (अस्थायी अवधिको समेत) को रकम आदि सुविधा अभिलेखको आधारमा किटान गरी उपलब्ध गराउने तथा निवृत्तभरण अधिकारपत्र प्रदान गर्ने कार्यलाई निरन्तरता दिनुको साथै सोको अभिलेखलाई व्यवस्थित गर्ने

(च) आधुनिक सूचना प्रविधि अनुकुल TIS Software लाई विकसित र अध्यावधिक गर्ने

(छ) शिक्षकहरूको दरबन्दी तथा पद दर्ता गर्ने कार्यलाई तदारुकताकासाथ अभिलेखमा दर्ता गर्नुको साथै Computerized गर्ने

(ज) कार्यालयको वेभसाइटमार्फत सम्पन्न भएका महत्त्वपूर्ण कार्यका साथै विभिन्न सूचनाहरू सम्प्रेषण गर्ने

(झ) शिक्षकहरूलाई SMS मार्फत सिटरोल दर्ता, सम्पत्ति विवरण दर्ता, सरुवा, बढुवा अद्यावधिक तथा अनुमानित अवकाश मितिको जानकारी दिने जस्ता कार्यलाई निरन्तरता दिने

(ञ) ७७ जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइमार्फत शिक्षकका सरुवा, बढुवा, बिदा आदि अभिलेख अद्यावधिक गर्न User Password दिने व्यवस्था गर्ने

(ट) शिक्षकलाई User Password दिई आफ्नो विवरण हेर्न सक्ने व्यवस्था मिलाउने

(ठ) किताबखानाको डाटा सुरक्षित गर्न हाल प्रयोगमा रहेको सर्भरलाई NIDC मा आबद्ध गर्ने

(ड) सेवाबाट अलग भएका शिक्षकहरूलाई निवृत्तभरण, उपदान, औषधी उपचार खर्च, पारिवारिक निवृत्तभरण, बिरामी बिदा (अस्थायी अवधिको समेत) को रकम आदी सुविधा अभिलेखको आधारमा किटान गरी उपलब्ध गराउने तथा निवृत्तभरण अधिकार पत्र प्रदान गर्ने कार्य सम्बन्धित प्रदेशस्तरबाटै हुने गरी हस्तान्तरण प्रक्रिया अगाडि बढाउने

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

### १. परिचय

आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ बमोजिम एक सङ्गठित संस्थाको रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना भएको हो। परिषद्लाई मार्गदर्शन प्रदान गरी सुव्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि माननीय शिक्षा तथा खेलकुद मन्त्रीज्यूको अध्यक्षतामा २३ सदस्यीय सभा र ९ सदस्यीय परिषद्को व्यवस्था गरिएको छ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्अन्तर्गत जम्मा ९३२ जना स्थायी कर्मचारीको दरबन्दी रहेको छ।

### २. सभाको काम, कर्तव्य र अधिकार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ को दफा २(क) मा सभाको गठन र दफा ५(क) मा उल्लेख गरिएको सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ:

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई मार्गदर्शन दिने

(ख) परिषद्को नीति निर्धारण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास र विस्तार समयानुकुल भए नभएको मूल्याङ्कन गर्ने गराउने

(घ) परिषद्को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने

(ङ) दीर्घकालीन योजना तयार गर्न लगाउने र त्यसको कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउन लगाउने

(च) आवश्यकतानुसार समिति, उपसमिति वा अध्ययन अनुसन्धान टोली गठन गर्ने गराउने

(छ) परिषद्अन्तर्गतका कुनै निकाय वा अधिकारीलाई आवश्यक निर्देशन दिने

(ज) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियममा तोकिएका अन्य कामहरू गर्ने गराउने

## ३. परिषद्को काम, कर्तव्य र अधिकार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ को दफा ६अनुसार परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ:

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास गर्नका लागि तोकिएबमोजिमका विभिन्न शिक्षण प्रशिक्षण र अनुसन्धानको व्यवस्था गर्ने र त्यसको सञ्चालनको व्यवस्था मिलाउने

(ख) निजी एवम् गैर सरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा एवम् व्यावसायिक तालिमको अध्यापन वा सञ्चालन स्वीकृति दिने र तिनीहरूले पाउने सुविधा र सहयोगसम्बन्धी व्यवस्था गर्ने

(ग) प्राविधिक शिक्षा एवम् व्यावसायिक तालिमको सम्बन्धमा स्वदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध कायम गर्ने र स्तरयुक्त शिक्षा वा तालिममा जोड दिने

(घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी नीति निर्धारण गरी सभामा स्वीकृतिका लागि पेस गर्ने

(ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको क्षेत्र र स्तर निर्धारण गर्ने

(च) आधारभूत तहको सिप तथा तालिम सञ्चालन गर्ने र मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने

(छ) बहुप्राविधिक (पोलिटेक्निक) शिक्षालय स्थापना एवम् सञ्चालन गर्ने गराउने

(ज) नेपाल सरकारको स्वामित्वमा रहेका सङ्गठित संस्था तथा गैर सरकारी सङ्गठित संस्थाद्वारा सिप विकासको निमित्त दिइने व्यावसायिक तालिमको पाठ्यक्रम र पाठ्यपुस्तक निर्धारण समितिले निर्धारण गरेबमोजिम लागु गर्ने गराउने

(झ) विभिन्न तालिमसम्बन्धी कार्यक्रमहरूबिच समन्वय कायम गर्ने गराउने

(ञ) प्राविधिक प्रशिक्षकसम्बन्धी तालिम सञ्चालन गर्ने

(ट) अप्रेन्टिसिप तालिमसम्बन्धी आवश्यक व्यवस्था मिलाउने

(ठ) प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालीन वा घुम्ती तालिम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरू पाठ्यविषय (ट्रेनिङ्ग प्याकेज) तथा तालिम दिने शिक्षकसम्बन्धी आवश्यक व्यवस्था मिलाउने

(ड) सिपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरणसम्बन्धी व्यवस्था गर्ने गराउने

(ढ) सिप प्रमाणीका बनाउने र सिपको स्तर निर्धारण गर्ने

(ण) सरकारी तथा गैर सरकारी निकायहरूले सञ्चालन गरी आएका सेवाकालीन तथा पूर्व सेवाकालीन, प्राविधिक तथा व्यावसायिक तालिम पाठ्यक्रममा सामञ्जस्य ल्याई त्यस्ता तालिमहरूको राष्ट्रिय स्तरमा मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने र मान्यता प्रदान गर्ने

(त) आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने गराउने

(थ) सभाले पारित गरेको कार्यक्रमको कार्यान्वयन गर्ने गराउने

(द) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोगको सुव्यवस्थित रूपले परिचालन गर्ने गराउने

(ध) नेपाल सरकारलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि आवश्यक परामर्श दिने

(न) नेपाल सरकारको पूर्व स्वीकृति लिई स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्झौता वा करार गर्ने

(ऩ) परिषद्को वार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृत वा अनुमोदन वा जानकारीका लागि सभामा पेस गर्ने

(प) यस ऐनको उद्देश्य कार्यान्वयनका लागि आवश्यक अन्य कार्यहरू गर्ने गराउने

## ४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को प्रमुख उपलब्धि

(क) **संस्थागत विकास**

- न्यूनतम पूर्वाधार कायम गरी शिक्षण संस्थाहरूमार्फत कार्यक्रम सञ्चालन
- ७ विधागत क्षेत्रका २७ भन्दा बढी समूहमा सिप परीक्षण तथा प्रमाणीकरण
- NVQS कार्यान्वयनका लागि मानव संसाधन विकास र अन्य तयारी

(ख) **सिप विकास र रोजगारी**

- मागको आधारमा तालिम सञ्चालन
- अनुसन्धान तथा विकासका कार्यक्रम (Tracer Study, Impact Study)
- लामो अवधिको: ५८.२%; छोटो अवधि: ६६.८६% रोजगार/स्वरोजगार
- विदेशबाट फर्केकाहरूको RPLमार्फत सामाजिक एकीकरणमा सहजीकरण

(ग) **समन्वय र सहकार्य**

- स्थानीय, प्रदेश र सङ्घीय सरकार
- विकास साझेदार, उद्योगी र रोजगारदाता

(घ) **शिक्षण संस्था सुदृढीकरण**

- शिक्षालयमा Job Placement & Counseling Unit र Enterprise Advisory and Partnership Committee क्रियाशील
- शिक्षालयमा उत्पादन एकाइ, "सिक्दै कमाउँदै" कार्यक्रम कार्यान्वयन
- शिक्षालयहरूमा Incubation Center को सुरुवात

(ङ) **सुशासन एवम् व्यवस्थापन**

- शैक्षिक क्यालेन्डरको कार्यान्वयन
- प्रविधिको प्रयोग
- मापदण्डको विकास र कार्यान्वयन
- नियमित अनुगमन तथा पृष्ठपोषण (M&E, QIP, QA, QAA)
- सूचनाको सहज पहुँच

**५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको समस्या**

**(क) कानुनी तथा नीतिगत**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) सम्बन्धी सङ्घीय ऐन
- TVET मा उद्योग व्यावसायीको स्पष्ट भूमिका
- NVQF कार्यान्वयनसम्बन्धी व्यवस्था

**(ख) सङ्गठनात्मक/संरचनागत**

- सङ्घीय संरचना अनुरूप परिषद्को पुनर्संरचना
- शिक्षालयहरूको हस्तान्तरण
- सङ्गठन संरचना तथा दरबन्दी समायोजन
- शिक्षालयहरूको सुदृढीकरण (पूर्वाधार, शैक्षिक सामग्री तथा प्रशिक्षकको व्यवस्थापन)
- एकीकृत स्रोत तथा कार्यक्रम व्यवस्थापन (छरिएको स्रोत र कार्यक्रम सञ्चालनका लागि अन्तर मन्त्रालय/निकायबिच समन्वय)

**(ग) विस्तार, समायोजन, गुणस्तर सुनिश्चितता, सान्दर्भिकता**

- सिप नक्शाङ्कनका आधारमा कार्यक्रम विस्तार तथा समायोजन
- २०६९ देखि थाँती रहेका सम्बन्धन प्रक्रियाको निकास
- गुणस्तर सुनिश्चितता प्रणाली
- डिजिटल रूपान्तरण
- पारगम्यता तथा क्रेडिट सञ्चयको व्यवस्था (उर्ध्व, समतलीय तथा छड्के वृत्ति मार्ग)
- उद्योग व्यवसायी तथा रोजगारदाताहरूसँगको संस्थागत समन्वय र सहकार्य (पाठ्यक्रम निर्माण, कार्यक्रम सञ्चालन, प्रशिक्षक क्षमता अभिवृद्धि, रोजगारीका अवसर)

**(घ) मानव संसाधन**

- कार्यक्रम विस्तारको अनुपातमा प्रशिक्षक/कर्मचारी दरबन्दी
- दक्ष प्रशिक्षकको प्राप्ति र टिकाउ

## ६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको भावी कार्यदिशा

**(क) पहुँच र समावेशिता (Access & Equity)**

- श्रमबजारमा आधारित प्रोफेसनल, प्रिडिप्लोमा, डिप्लोमा तथा प्रमाणपत्र तह कार्यक्रम विस्तार
- कक्षा १२ पछि सिप प्रमाणपत्रसहित Academic-TVET Pathway

- लक्षित समूहका लागि छात्रवृत्ति सहित निःशुल्क TVET

**(ख) गुणस्तर र सान्दर्भिकता (Quality & Relevancy)**

- उद्योगमा आधारित Dual / Apprenticeship प्रणालीको विस्तार
- पाठ्यक्रम आधुनिकीकरण (Digital + Green Skills)
- IT, Renewable energy, EV, Green construction तालिम

**(ग) रोजगारी र उद्यमशिलतामा रुपान्तरण (Employment & Entrepreneurship)**

- TVET स्नातक रोजगारी/स्वरोजगारी
- वैदेशिक रोजगारी लक्षित सिप तथा RPL
- उद्यमशीलता र Startup Support

**(घ) डिजिटल रूपान्तरण र सुशासन (Digital Transformation & Good Governance)**

- TVET Digital Transformation (TLM, MIS, Certification, Tracer Study)
- Result-based & Performance Governance
- नियमित Tracer Study र Evidence use

**(ङ) टिभिइटी मानवसंशाधन विकास र प्रणाली विस्तार (Development of TVET Professionals & System)**

- TVET प्रशिक्षक/कर्मचारीको क्षमता अभिवृद्धि (OSU, Digital & Green)
- सातै प्रदेशमा Production Hub विकास तथा Skill Development सञ्चालन
- सरकारी तथा निजी क्षेत्र साझेदारी सुदृढीकरण

**(च) Transforming CTEVT into Quality Assurance Body of TVET**

- NVQF को कार्यान्वयन र राष्ट्रिय तथा अन्तरराष्ट्रिय मान्यता (Referencing),
- राष्ट्रिय दक्षता प्रमाणिका (NCS) तथा पाठ्यक्रम प्रारूप विकास र कार्यान्वयन
- प्रशिक्षकको क्षमता विकास तथा दक्षता प्रमाणीकरण
- एकीकृत तथ्याङ्क तथा सूचना प्रणालीको विकास तथा व्यवस्थापन
- अध्ययन, अनुसन्धान, नवप्रवर्तन तथा उद्यमशीलता विकास

- शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनमार्फत गुणस्तर सुनिश्चितता
- कामको संसारसँग जोडिएको एकीकृत TVET प्रणालीको विकास

## शिक्षक सेवा आयोग

### १. परिचय

शिक्षकको नियुक्ति तथा बढुवासम्बन्धी कार्यलाई व्यवस्थित एवम् प्रभावकारी बनाउनका लागि एक राष्ट्रिय शिक्षक सेवा आयोग गठन गर्नुपर्ने भनी उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ ले दिएको सुझावका आधारमा शिक्षा ऐन, २०२८ को छैठौँ संशोधनमार्फत मिति २०५६ माघ २५ गते राष्ट्रिय शिक्षक सेवा आयोग गठन भएको हो। शिक्षा ऐन, २०२८ को सातौँ संशोधनपछि यसको नाम शिक्षक सेवा आयोग रहन गएको हो। वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानको धारा २४३ को स्पष्टीकरण खण्डमा "यस धाराको प्रयोजनका लागि सङ्गठित संस्था भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोगबाहेकका सङ्गठित संस्था सम्झनुपर्छ।" भनी शिक्षकको नियुक्तिसम्बन्धी व्यवस्था लोक सेवा आयोगको कार्यक्षेत्रमा नसमेटिएको अवस्थामा सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाका लागि सिफारिस गर्न यस आयोगको स्थापना भएको हो। शिक्षा ऐन, २०२८ को सातौँ संशोधनपश्चात् आयोगबाट अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदको उम्मेदवार हुन पाउने छैन (दफा ११ड.) भन्ने विषय उल्लेख गरेपछि आयोगले अध्यापन अनुमतिपत्रको परीक्षा सञ्चालन गरी उत्तीर्ण परीक्षार्थीहरूलाई प्रमाणपत्र वितरणसमेत गर्दै आएको छ।

आयोगको मार्गदर्शक सिद्धान्त: योग्यता, निष्पक्षता, स्वच्छता, वस्तुनिष्ठता र गोपनीयता रहेको छ। शिक्षाको दीर्घकालीन दृष्टिकोण **"शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि"** र शिक्षक सेवामा योग्यता प्रणालीलाई प्रवर्धन गर्दै स्वच्छ तथा निष्पक्ष विधिका माध्यमबाट उपयुक्त उम्मेदवार छनोट गरी सक्षम शिक्षक आपूर्ति गर्ने ध्येय (Mission) का साथ आफ्नो कार्यसम्पादन गर्दै आएको छ।

शिक्षक सेवा आयोगले आफ्नो कार्यलाई व्यवस्थित एवम् प्रभावकारी बनाउनका लागि शिक्षा ऐन, २०२८, शिक्षक सेवा आयोग नियमावली, २०५७, शिक्षा नियमावली, २०५९ लगायत आयोगद्वारा जारी भएका निर्देशिका एवम् कार्यविधिहरूको अनुसरण गर्दै आएको छ।

साविकमा जिल्ला शिक्षक छनोट समिति (प्राथमिक तहको शिक्षकको हकमा) र क्षेत्रीय शिक्षक छनोट समिति (निम्नमाध्यमिक र माध्यमिक तहको शिक्षकको हकमा) गरेको शिक्षक नियुक्ति तथा बढुवासम्बन्धी कार्यलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन गठित यस आयोगले योग्यता प्रणालीमा आधारित रहेर शिक्षण पेसामा दक्ष, प्रतिभाशाली र क्षमतावान् जनशक्ति आपूर्तिका लागि निष्पक्ष, तटस्थ एवम् विश्वासनीय कार्य गर्दै आएको छ। शिक्षा ऐन, २०२८ को आठौँ संशोधनपश्चात् आयोगको कार्यक्षेत्रमा विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त कर्मचारीको बढुवाका लागि सिफारिस गर्ने विषय थप गरिएको तर हालसम्म प्राविधिक कारणले उक्त कार्य हुन सकेको

छैन। शिक्षक सेवा आयोगमा प्रशासकीय प्रमुखसहित जम्मा ४० जना कर्मचारीको दरबन्दी रहेको छ। आयोगको सङ्गठनात्मक संरचना अनुसूचीमा रहेको छ। आयोगको उद्देश्य, गठन, काम, कर्तव्य र अधिकार देहायअनुसार रहेका छन्।

## २. शिक्षक सेवा आयोगको गठन

शिक्षा ऐन, २०२८ (संशोधनसहित) को दफा ११ (ख) अनुसार सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाका लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने प्रावधानबमोजिम यो आयोग गठन भएको हो।

आयोगमा अध्यक्ष र एकजना महिलासहित अन्य दुई जना सदस्य रहने व्यवस्था छ। आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्तिका लागि सिफारिस गर्न नेपाल सरकारले लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति र मन्त्रालयका सचिव सदस्य रहेको एक समिति गठन गर्ने र सो समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारले नियुक्त गर्ने व्यवस्था छ। यसरी नियुक्त पदाधिकारीहरूको पदावधि पाँच वर्षको हुने व्यवस्था रहेको छ। आयोगका वरिष्ठ कर्मचारीले आयोगको सचिव भई काम गर्ने व्यवस्था रहेको छ।

## ३. शिक्षक सेवा आयोगको काम, कर्तव्य र अधिकार

शिक्षक सेवा आयोग नियमावली (संशोधन सहित), २०५७अनुसार आयोगको काम कर्तव्य र अधिकार यसप्रकार रहेको छ:

(क) शिक्षकको स्थायी नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने
(ख) विद्यालयमा अध्यापन गर्न चाहने शिक्षकलाई अध्यापन अनुमतिपत्र दिने
(ग) अध्यापन अनुमति पत्रका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी कार्य गर्ने
(घ) शिक्षकको सेवा, सर्त र सुविधासम्बन्धी विषयमा मन्त्रालयलाई सुझाव दिने
(ङ) शिक्षकको नियुक्ति तथा बढुवाका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी अन्य कार्य गर्ने
(च) उजुरी परेको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको एक वर्षपछि परीक्षासम्बन्धी कागजात धुल्याउने
(छ) ऐन वा यस नियमावलीबमोजिम आयोगले गर्नुपर्ने काम कारवाहीको विषयमा आवश्यकताअनुसार निरीक्षण तथा जाँचबुझ गर्ने

## ४. शिक्षक सेवा आयोगको मुख्य उपलब्धिहरू

आयोगले आफ्नो स्थापनाकालदेखि नै नेपालको शिक्षक सेवामा स्वच्छ, निष्पक्ष एवम् प्रतिस्पर्धाका माध्यमबाट शिक्षकको छनोट गर्दै आएको छ। वि.सं. २०७६ देखि नियमित रूपमा अध्यापन अनुमतिपत्र तथा शिक्षक छनोटको परीक्षाका आवेदकहरूको दरखास्त सङ्कलन आयोगले आफ्नै अनलाइन जब पोर्टल (Job Portal) मार्फत गर्दै आएको छ।

शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा गरी २०८२ मंसिरमसान्तसम्म ८,९३,१८८ जना अध्यापन अनुमतिपत्र वितरण गरिएको छ। आयोगको स्थापनाकालदेखि २०८२ पौषमसान्तसम्म ८८,६७६ जना उम्मेदवारहरूलाई स्थायी नियुक्तिका लागि सिफारिस गरिएको छ। प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका अध्यापन अनुमतिपत्रका पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइएको छ। त्यसैगरी प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका विभिन्न ३८ ओटा विषयका पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइएको छ।

समग्रमा आयोगलाई तोकिएको काम, कर्तव्य र अधिकारमा तोकिएका कार्यहरू सम्पन्न गर्न आफ्नो वार्षिक कार्यतालिका प्रकाशित गरी सोहीबमोजिम शिक्षक सेवाका जिल्लागत र प्रदेशगत रूपमा माग भएअनुसार विज्ञापन प्रकाशनदेखि सिफारिससम्मका शिक्षक छनोट गर्ने कार्य र पाठ्यक्रम निर्माण एवम् परिमार्जन तथा शिक्षकको सेवा, सर्त र सुविधासम्बन्धी

विषयमा मन्त्रालयलाई सुझाव दिनेलगायतका कार्यहरू आयोगले निरन्तर रूपमा गर्दै आएको छ। गुणस्तरीय शिक्षक आपूर्तिमार्फत विद्यालय शिक्षाको समग्र पक्षको सुधारका लागि आयोगले योगदान पुऱ्याएको छ।

## ५. शिक्षक सेवा आयोगको समस्या

(क) शिक्षक सेवा आयोगको छुट्टै ऐन नभएका कारण आयोगका काम कारवाहीमा कार्यसम्पादनमा थप स्वायत्तता प्राप्त गर्न नसक्नु

(ख) अनलाइन दरखास्तमार्फत प्राप्त हुने सबै तथ्याङ्क, अभिलेख तथा सूचनाहरूलाई सुरक्षित राख्न सर्भर र सोसँग सम्बन्धित अन्य प्रविधिको व्यवस्थापनमा अन्य निकायमा भर पर्नुपर्ने अवस्था हुनु

(ग) आयोगको आफ्नो भवन एवम् प्रदेशस्तरमा संरचना नहुँदा परीक्षा सञ्चालन तथा व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण र अन्तर्वार्ताजस्ता कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुनु

(घ) प्रश्नपत्रको स्तरीकरणका लागि पूर्वपरीक्षणलगायतका कार्य र प्रश्न बैङ्क (Item Bank) थप व्यवस्थित गर्न नसक्नु

(ङ) शिक्षक कार्यसम्पादन मूल्याङ्कनका आधार हुने बढुवा पद्धतिलाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउन नसकिनु

(च) बदलिँदो परिस्थितिअनुसार पाठ्यक्रम एवम् छनोट विधिमा सुधार गरी उम्मेदवारको अभिवृत्ति परीक्षण गर्न नसक्नु

(छ) समावेशी पद छनोट र समावेशी सुविधा सम्बन्धमा कानुनी द्विविधा भएकाले लक्षित समूह लाभान्वित गराउन नसकिनु

## ६. शिक्षक सेवा आयोगको भावी कार्यदिशा

(क) तथ्याङ्क व्यवस्थापन प्रणाली (Data Management System) लाई संस्थागत गर्दै एकीकृत सूचना व्यवस्थापन प्रणाली (Integrated Information Management System) कार्यान्वयन गरी सेवाप्रवाहमा सहजता ल्याउने

(ख) आयोगको कार्यप्रकृतिअनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणमार्फत सङ्गठन संरचनामा परिवर्तन गरी आवश्यक जनशक्ति व्यवस्थापनसहित प्रदेशस्तरमा संरचना विस्तारका लागि पहल गर्ने

(ग) विद्यालय शिक्षाको पाठ्यक्रम, शिक्षक तयारी पाठ्यक्रम र शिक्षक छनोट पाठ्यक्रमबिचको तादात्म्यता कायम गर्न आवश्यक समन्वय एवम् सहजीकरण गर्ने

(घ) पाठ्यक्रम विकास/परिमार्जन, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षणलगायतका कार्यमा सूचना प्रविधिको प्रयोगमा जोड दिने

(ङ) शिक्षण पेसाप्रति युवा जनशक्तिलाई आकर्षित गर्न विश्वविद्यालयबाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई शिक्षण पेसामा प्रवेश गराउन अध्यापन अनुमतिपत्रको परीक्षामा सबै क्षेत्र र विषयबाट उत्पादित जनशक्तिलाई सहज प्रतिस्पर्धाको व्यवस्था गर्न नीतिगत तथा कानुनी व्यवस्थाका लागि पहल गर्ने

(च) प्रश्नपत्रको स्तरीकरणका लागि पूर्व परीक्षणलगायतका आवश्यक कार्य गर्नुपर्ने र प्रश्न बैङ्क (Item Bank) व्यवस्थित गर्ने र आयोगको आफ्नै छापाखानाको व्यवस्था गर्न पहल गर्ने

(छ) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फारामलाई वस्तुपरक बनाउनुका साथै कार्यसम्पादन मूल्याङ्कनलाई सिकाइ उपलब्धिसँग जोड्ने विश्वसनीय संयन्त्रको खोजी गर्ने

(ज) खुला पदपूर्तितर्फ अस्थायी वा राहत अनुदान पदमा कार्य गरेबापत अनुभवको अङ्कसमेत पाउने व्यवस्थाका कारण खुलातर्फका योग्य, सक्षम र दक्ष उम्मेदवारको प्रवेश निरूत्साहित हुनेहुँदा भएको प्रावधान संशोधन गर्न पहल गर्ने

(झ) समावेशीतर्फको पदमा आवेदन गर्नका लागि संभाव्य उम्मेदवारहरूको आधार स्पष्ट नभएका कारण लक्षित समूहले सुविधा प्राप्त गर्न नसकेकाले ऐन नियममै स्पष्ट व्यवस्था गर्न सुझाव प्रस्तुत गर्ने

(ञ) शिक्षक सेवा आयोगलाई संविधानको धारा २४३ को उपधारा (२) को स्पष्टीकरणले पहिचान दिएको र शिक्षा ऐन, २०२८ को दफा ११ख.बमोजिम गठन भई कार्यसम्पादनमा समेत स्वायत्तता प्राप्त गरेको अवस्थामा आयोगको

कामकारवाहीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आफ्नो छुट्टै ऐनको आवश्यकता देखिएकाले शिक्षक सेवा आयोग ऐन निर्माणमा पहल गर्ने

(ट) शिक्षकलाई पेसागत र प्राज्ञिक बनाउनुका अतिरिक्त विश्वविद्यालयलाई शिक्षकका लागि मानव संसाधन उत्पादन (तयारी) गर्न वार्षिक पद निर्धारण गरी सक्षमतायुक्त शिक्षकहरूको तयारी गर्न आवश्यक समन्वय र सहकार्य गर्ने

(ठ) शिक्षक तयारीका सम्बन्धमा प्रणालीगत रूपान्तरण, समर्पित विश्वविद्यालय, अन्तर विश्वविद्यालय समन्वय र सहकार्य, मध्यकालीन योजना तयारी, विश्वविद्यालयको पाठ्यक्रम परिमार्जन, व्यावहारिक र अभ्यासमुखी सिकाइ, विद्यालयमा शिक्षकको कमी हुने विषयहरूमा छात्रवृत्ति जस्ता पक्षहरूमा कार्यगत सुधारका लागि मन्त्रालयलगायत सम्बद्ध पक्षसँग समन्वय र सहकार्य गर्ने

(ड) शिक्षकको कार्यसम्पादन मूल्याङ्न प्रणालीलाई थप व्यवस्थित बनाउन सम्बद्ध निकायहरूसँग सहकार्य गर्ने

(ढ) शिक्षकलाई पेसागत दायित्वप्रति जिम्मेवार र मर्यादित बनाउने सम्बन्धमा स्वउत्प्रेरित शिक्षक, शिक्षकको कार्यसम्पादन मूल्याङ्कनका लागि कार्यसम्पादन नतिजामा आधारित पारदर्शी सूचकहरू निर्धारण गरी नियमित मूल्याङ्कन, विद्यालयमा हाल कार्यरत शिक्षकको आवधिक रूपमा सक्षमता परीक्षणको व्यवस्था गरी सक्षमताको नतिजालाई पनि बढुवाको आधार बनाउने

(ण) शिक्षकको तयारीका लागि विश्वविद्यालयमा भर्ना हुँदा वा शिक्षक छनोटका लागि आयोगको परीक्षामा सहभागी हुँदा अभिवृत्ति परीक्षण गर्ने र शिक्षक छनोटलाई वस्तुनिष्ठ बनाउन प्रयोगात्मक परीक्षा सञ्चालनका लागि संरचनात्मक प्रबन्ध गर्ने

## चिकित्सा शिक्षा आयोग

### १. परिचय

नेपालको संविधानले शिक्षा र स्वास्थ्यलाई नागरिकका आधारभूत तथा नैसर्गिक अधिकारका रूपमा स्वीकार गरी मौलिक अधिकारको रूपमा राखिएको छ। मानव अधिकारको विश्वव्यापी घोषणाले सुलभ र गुणस्तरीय शिक्षा र स्वास्थ्यको अधिकारलाई सुनिश्चित गरेको छ। त्यसैको फलस्वरूप नेपाल सरकारले आवधिक योजना र वार्षिक कार्यक्रम तथा बजेटमा शिक्षा र स्वास्थ्यका विषयलाई उच्च प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको छ।

चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने, चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनुरूप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षासम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर, पेसाधर्मिता, संस्थागत जवाफदेहिता, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्नलगायत सबै विद्यार्थीको समान पहुँच सुनिश्चित गर्नका लागि चिकित्सा शिक्षा सुधार गर्ने सम्बन्धमा विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावनासमेतलाई दृष्टिगत गरी चिकित्सा शिक्षा आयोगको स्थापना तथा सञ्चालन गर्ने विक्रम संवत् २०७५ साल फागुन १० गते राष्ट्रिय चिकित्सा शिक्षा ऐन जारी भएको थियो। उक्त ऐनअनुसार नै चिकित्सा शिक्षा आयोगको गठन भएको हो। यसको कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ। चिकित्सा शिक्षा आयोगमा पुल तथा अस्थायी दरबन्दीसहित प्रशासनिक र प्राविधिक गरी जम्मा ५८ जना कर्मचारी कार्यरत रहेका छन्।

## २. चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकार

(क) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने

(ख) सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह र विधाको मापदण्ड तथा स्तर निर्धारणसम्बन्धी नीति तथा मापदण्ड निर्धारण

(ग) एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने

(घ) प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने

(ङ) चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने

(च) चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकताअनुसार निर्देशन दिने

(छ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने

(ज) आशयपत्र, सम्बन्धन र सम्बन्धन खारेजसम्बन्धी नीति र मापदण्ड तय गर्ने

(झ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने

(ञ) आयोगको वार्षिक बजेट तथा आयोगका लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने

(ट) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने

(ठ) आयोगको योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने

(ड) चिकित्सा शिक्षाका विभिन्न तह र विषयको मूल पाठ्यक्रम, शिक्षण विधि र उपाधिसम्बन्धी मापदण्ड स्वीकृत गर्ने

## ३. चिकित्सा शिक्षा आयोगको निर्देशनालय/बोर्ड

चिकित्सा शिक्षा आयोगको कार्य सम्पादनलाई प्रभावकारी बनाउनका लागि चार ओटा निर्देशनालय/बोर्ड रहेका छन्। प्रत्येक निर्देशनालय/बोर्डमा अलग अलग निर्देशक रहने व्यवस्था छ। आयोगमा देहायअनुसारका निर्देशनलाय/बोर्ड रहेका छन्।

(क) मापदण्ड तथा प्रत्यायन निर्देशनालय

(ख) योजना समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय

(ग) परीक्षा निर्देशनालय

(घ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटी

## ४. चिकित्सा शिक्षा आयोगको मुख्य उपलब्धिहरू

(क) सिट निर्धारणमा निश्चित मापदण्ड तय भई कार्यान्वयन भएको

(ख) चिकित्सा शिक्षामा अध्ययन गर्ने विद्यार्थीको शुल्क निर्धारणमा एकरूपता कायम भएको

(ग) विद्यार्थी भर्नामा निश्चित विधि तय भई कार्यान्वयन भएको

(घ) परीक्षा सञ्चालन विधिमा पारदर्शिता र वैज्ञानिक पद्धति अवलम्बन भएको

## ५. चिकित्सा शिक्षा आयोगको समस्या

(क) नयाँ कानुन निर्माण र विद्यमान कानुनलाई सामयसापेक्ष तुल्याउने

(ख) अन्तर निकाय समन्वय र सहकार्यको अभाव रहेको

(ग) शिक्षण संस्थामा फ्याकल्टि उपलब्धता सम्बन्धमा समस्या रहेको

(घ) परीक्षार्थीहरूको ठूलो सख्यामा सहभागिता हुने र कुशल व्यवस्थापनमा समस्या रहेको

(ङ) कतिपय शिक्षण संस्थाहरू तोकिएको सिट क्षमताअनुसार पूर्ण रूपमा सचालनमा आउन नसकेको

(च) प्रभावकारी अनुगमन मुल्याङकन तथा सुपरीवेक्षणको प्रणालीको विकासको अभावका कारण शिक्षण संस्थामा गुणस्तरीयता कायम गर्न समस्या रहेको

(छ) दक्ष तथा पर्याप्त कर्मचारीहरूको आपूर्तिका लागि स्थायी दरबन्दी कायम गर्न नसकिएको

(ज) चिकित्सा शिक्षा व्यवस्थापन सूचना प्रणालीलाई एकीकृत र व्यवस्थित गरी एकीकृत सूचना पद्धतिको संस्थागत विकास गर्न नसकिएको

(झ) स्वास्थ्य क्षेत्रको जनशक्तिको प्रक्षेपण र सो अनुरूप सन्तुलित जनशक्ति उत्पादन गर्न नसकिएको

(ञ) छात्रवृत्ति तथा अन्य विषयका मुद्दा मामिलाको सङ्ख्यामा कमी ल्याउन नसकिएको

(ट) परीक्षार्थीलाई अपेक्षाकृत उचित परामर्श गरी सही मार्गदर्शन गर्न नसकिएको

## ६. चिकित्सा शिक्षा आयोगको भावी कार्यदिशा

(क) सरोकारवालाहरूको सहभागिता, समन्वय तथा सहकार्य

चिकित्सा शिक्षाको महत्त्व, व्यवस्था र कार्यक्षेत्रबारे सरोकारवालाबिच जागरुकता बढाउन सञ्चार माध्यमहरूसँगको सहकार्यमा प्रवर्धनात्मक सामग्री विकास गर्ने र सरोकारवालाको उच्च सहभागिता वृद्धि गरी अपनत्व बढाउने

(ख) नीतिगत,कानुनी तथा प्रक्रियागत सुधार

विद्यमान ऐन, नियमावली र निर्देशिकालाई व्यावहारिक समस्या र सरोकारवालाको सुझावका आधारमा अद्यावधिक, परिमार्जन तथा एकरूपता कायम गर्ने। आवश्यक नयाँ कार्यविधिहरूको विकास तथा कार्यान्वयन गर्ने

(ग) विज्ञ समूहको परिचालन र अनुसन्धान

राष्ट्रिय तथा तथा अन्तराष्ट्रिय विज्ञहरूको समूह गठन गरी चिकित्सा शिक्षामा अनुसन्धान गर्ने, नीतिको प्रभावकारिता मूल्याङ्कन गर्ने र अन्तर्राष्ट्रिय अभ्यासलाई नेपालको सन्दर्भमा लागु गर्ने

(घ) जनशक्ति प्रक्षेपण तथा पाठ्यक्रम प्रारूप कार्यान्वयन

स्वीकृत स्वास्थ्य जनशक्ति प्रक्षेपण योजनाअनुसार चिकित्सा शिक्षा प्रदायक संस्थाको सम्बन्धन, सिट निर्धारण र शैक्षिक कार्यक्रमलाई निर्देशित गर्ने। पाठ्यक्रम प्रारूप कार्यान्वयन गरी नेपालको चिकित्सा शिक्षालाई विश्वस्तरीय बनाउने र चिकित्सा शिक्षाको सबै तहमा सक्षमताका आधारित पाठ्यक्रम विकास गर्ने

(ङ) गुणस्तर प्रत्यायन र शिक्षण संस्थाको नियमित अनुगमन

अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्ने। स्तरीकरण तथा वर्गीकरण मापदण्डका आधारमा शिक्षण संस्थाको वर्गीकरण गर्ने र न्यूनस्तरका संस्थाहरूको सुधारका लागि आवश्यक सुझाव दिने

(च) प्रवेश परीक्षा तथा भर्ना प्रक्रियामा सुधार

प्रश्नपत्र बैङ्कलाई थप व्यवस्थित र सुदृढ गरी परीक्षा व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने। सिट निर्धारण प्रक्रियालाई थप व्यवस्थित बनाई शिक्षण संस्थाहरू पूर्ण क्षमतामा सञ्चालन गर्ने

(छ) संरचनागत विकास र जनशक्ति व्यवस्थापन

आयोगलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने र आवश्यक पर्ने स्थायी जनशक्तिको व्यवस्था गर्ने तथा प्रत्येक वर्ष अस्थायी

दरबन्दी स्वीकृत गरी काजमा काम गर्ने हालको अवस्थाको अन्त्य गर्ने

(ज) सूचना प्रविधि र एकीकृत प्रणाली
आयोगबाट सञ्चालन हुने सबै कार्यक्रमको एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी संस्थागत सुदृढीकरण गर्ने र यसका लागि सम्बन्धित निकायहरू मन्त्रालय, विश्वविद्यालय तथा प्रतिष्ठानहरूसँग समन्वय गर्ने

(झ) वैदेशिक अध्ययन र आकर्षण
नेपालमा अध्ययन गरी विदेश जाने प्रवृत्ति बढ्दो भएकाले यसको कारण पहिचान गरी शिक्षण संस्थाको गुणस्तर र शैक्षिक व्यवस्थापन सुधार ल्याउन योजनाबद्ध रूपमा कार्य गर्ने

(ञ) अन्तर्राष्ट्रिय आबद्धता र दीर्घकालीन योजना
वर्ल्ड फेडेरेसन फर मेडिकल एजुकेसनसँग आबद्धताका लागि आवश्यक कानुनी प्रक्रिया पूरा गर्ने र दीर्घकालीन रणनीतिक योजना तयार गरी नेपाललाई चिकित्सा शिक्षाको क्षेत्रीय हबका रूपमा विकसित गर्न पहल गर्ने

(ट) समन्वय तथा सहकार्य
चिकित्सा शिक्षाको क्षेत्रमा विश्वस्तरीय प्रविधि, नवीनतम ज्ञान, सिप र अनुसन्धानका उपलब्धिलाई राष्ट्रियस्तरमा प्रभावकारी रूपमा लागु गर्न तथा स्रोत साधनको आदानप्रदान, विशेषज्ञताको उपयोग र नवीन दृष्टिकोणहरूको आदानप्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने कार्यलाई व्यवस्थित गर्ने

(ठ) अन्य कार्यहरू
नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गतका कार्यक्रमहरूको प्रवर्धन गर्ने, चिकित्सा शिक्षाको राष्ट्रिय योग्यता प्रारूप विकास गर्ने, आयोगका गतिविधि तथा सिकाइ सामग्री समावेश गरी विद्युतीय सिकाइ पोर्टल विकास गर्ने। आयोगको विश्वासनीयता बढाउन कार्यकारी समितिमा व्यापक छलफल गरी आवश्यक रणनीति तथा योजना विकास गरी आयोगबाट स्वीकृत गराई कार्यान्वयनमा लैजानु आवश्यक देखिन्छ।

## विश्वविद्यालय अनुदान आयोग

### १. परिचय

नेपाल सरकारले निर्धारण गरेका उच्च शिक्षाका उद्देश्य पूरा गर्दै राष्ट्रलाई आवश्यक पर्ने साधारण, व्यावसायिक एवम् प्राविधिक क्षेत्रका उच्च तथा विशिष्ट स्तरको जनशक्ति उत्पादनका लागि स्थापित विभिन्न विश्वविद्यालयको सञ्चालन तथा विकासको निम्ति विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम समुचित तवरले वितरण गर्न तथा विश्वविद्यालयको शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन दिनेसम्बन्धी काम गर्न विश्वविद्यालय अनुदान आयोगको स्थापना र व्यवस्था गर्न जरुरी देखिएकाले नेपालमा विक्रम संवत् २०५० मा विश्वविद्यालय अनुदान आयोग ऐनमार्फत अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सर्वोच्च निकायको रूपमा सङ्गठित संस्थाको रूपमा विश्वविद्यालय अनुदान आयोगको स्थापना भएको हो। सर्वोच्च निकायको रूपमा राष्ट्रिय योजना आयोगका राष्ट्रिय योजना आयोगका सदस्य (शिक्षा), शिक्षा तथा खेलकुद मन्त्रालय

र अर्थ मन्त्रालयका सचिव पदेन सदस्यसहित ११ सदस्य आयोग रहने व्यवस्था छ भने सामान्य प्रशासन, योजना तथा अनुगमन, विश्वविद्यालय समन्वय, अनुसन्धान तथा छात्रवृत्ति र गुणस्तर सुनिश्चितता तथा प्रत्ययन महाशाखा र तीअन्तर्गतका शाखा व्यवस्थित गरी सङ्गठनात्मक व्यवस्था रहेको छ। सङ्गठित संस्थाको रूपमा विश्वविद्यालय अनुदान आयोगको स्थापना भएको हो। विश्वविद्यालय अनुदान आयोगअन्तर्गत जम्मा ४७ जना कर्मचारीको दरबन्दी रहेको छ।

## २. विश्वविद्यालय अनुदान आयोगको काम, कर्तव्य र अधिकार

(क) विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने

(ख) विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने

(ग) विश्वविद्यालयलाई अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयका लागि सम्बन्धित निकायहरूमा सिफारिश गर्ने

(घ) विश्वविद्यालयमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयबिच समन्वय कायम गराउने

(ङ) शैक्षिकस्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने

(च) विश्वविद्यालयमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने

(छ) नेपालभित्र तथा बाहिरका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूबिच छात्रवृत्ति, विद्वतवृत्ति आदि आदानप्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने

(ज) विश्वविद्यालयबिच क्रेडिट ट्रान्सफरको सन्दर्भमा निर्देशिका बनाई आवश्यक व्यवस्था गर्ने

(झ) विश्वविद्यालयको गुणस्तर सुनिश्चितता तथा प्रत्ययनसम्बन्धी कार्य गर्ने

(ञ) विदेशी विश्वविद्यालय वा सो सरहको शैक्षिक संस्थाबाट प्रदान हुने शैक्षिक उपाधिको समकक्षता निर्धारण गर्ने

(ट) आर्थिक रूपमा विपन्न, दलित र अपाङ्ग विद्यार्थीको निःशुल्क अध्ययनका लागि विश्वविद्यालयलाई अनुदान दिने

(ठ) विश्वविद्यालयबिच समन्वय कायम गर्ने

(ड) आयोगको काम कारवाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्ने

(ढ) आयोगको उद्देश्य पूर्तिका लागि तोकिएबमोजिमका अन्य कामहरू गर्ने

## ३. विश्वविद्यालय अनुदान आयोगको उपलब्धि

(क) नेपालको उच्च शिक्षामा सङ्ख्यात्मक विकास भएको छ। हालसम्म सङ्घीय कानुनअनुसार स्थापना भएका १२ विश्वविद्यालय र ६ स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्ण रूपमा सञ्चालनमा रहेको भने ३ विश्वविद्यालय सञ्चालनको तयारी अवस्थामा रहेका छन्। प्रादेशिक विश्वविद्यालयको सङ्ख्या ६ मध्ये १ ओटा सञ्चालनको तयारी अवस्थामा रहेको छ। प्रादेशिक स्वास्थ्य विज्ञान प्रतिष्ठानको सङ्ख्या २ रहेको छ। वैदेशिक सम्बन्धन प्राप्त क्याम्पसको सङ्ख्या ५७ रहेको छ।

(ख) आङ्गिक, सम्बन्धन प्राप्त क्याम्पस तथा विदेशी विश्वविद्यालयको सम्बन्धनमा समेत गरी १६०८ उच्च शैक्षिक संस्थाहरू स्थापना भएका छन्। नवीनतम विषयमा शैक्षिक कार्यक्रमको विकासका साथै पाठ्यक्रम र शैक्षिक कार्यक्रमलाई बजार अनुकूल बनाउने कार्यले संस्थागत रूपमा प्रगति हासिल गरेको छ।

(ग) नेपालमा लागि कानुनी, संस्थागत र मापदण्ड तथा मार्गदर्शनसहित गुणस्तर सुनिश्चितता तथा प्रत्ययन प्रणालीको विकास भएको छ र हालसम्म १४५ ओटा उच्च शैक्षिक संस्थाहरू सुनिश्चितता तथा प्रत्ययनकृत भएका छन्।

(घ) उच्च शिक्षामा अनुसन्धान तथा नवप्रवर्तनलाई प्रवर्धन गर्नका लागि आवश्यक नीति, कार्यक्रम र स्पष्ट कार्यविधि र संस्थागत व्यवस्थासहित साना तथा नवप्रवर्तन, फ्याकल्टी, सहकार्य उन्मुख र राष्ट्रिय आवश्यकताका नवीनतम विषयमा अनुसन्धानका कार्य भइरहेका छन्। नेपालको अनुसन्धान तथा नवप्रवर्तनमा सकारात्मक प्रगति देखिएको छ।

(ङ) एम फिल, विद्यावारिधि, अनुसन्धान, पुनर्ताजगी, क्षमता अभिवृद्धि तालिम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार, गोष्ठी, कार्यशालामार्फत उच्च शिक्षामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि भई गुणस्तरमा सकारात्मक योगदान पुगेको छ।

(च) आर्थिक रूपमा विपन्न तथा गरिब दलित तथा सीमान्तकृत जनजाति, मुस्लिम, महिला तथा मुक्त कमलरी, अपाङ्गता भएका विद्यार्थी लक्षित छात्रवृत्तिको व्यवस्थाबाट समतामूलक पहुँचमा सकारात्मक योगदान पुगेको छ।

(छ) उच्च शिक्षामा उद्यमशीलताको विकासका लागि उच्च शैक्षिक कार्यक्रम तथा विषय समावेश भई अध्ययन अध्यापन भइरहेको छ भने उद्यमशीलता तालिम तथा नवीनतम व्यावसायिक सोचबाट व्यवसाय विकासका लागि बिउ पुँजी प्रदान भई स्टार्टअपको पर्यावरण तयार भएको छ भने विश्वविद्यालयमा इक्युवेसन केन्द्र स्थापना र विकासको कार्य भइरहेको छ।

## ४. विश्वविद्यालय अनुदान आयोग समस्या

(क) विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको भौतिक तथा शैक्षिक पूर्वाधार तथा न्यूनतम मापदण्ड कायम गर्न सकिएको छैन। केही उच्च शैक्षिक संस्थाहरू १०० भन्दा कम विद्यार्थी सङ्ख्या रहेका छन्।

(ख) उच्च शैक्षिक संस्थाको गुणस्तर विभिन्न मापदण्ड तथा बेन्चमार्कका आधारमा लेखाजोखा गरी गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गर्न सुरु भएको दुई दशक हुन लागिसकेको छ। यस अवधिमा जम्मा १४५ शैक्षिक संस्था प्रत्यायनकृत हुनु र करिब ६२ मात्रैका सक्रिय प्रत्यायनकृत रहनुले गुणस्तर अभिवृद्धिलाई चुनौतीपुर्ण बनाएको छ।

(ग) उच्च शैक्षिक संस्थाको वृद्धिसँगै जटिल उच्च शिक्षा प्रणाली विकास भएको अवस्था र थप कार्य जिम्मेवारीसमेत विश्वविद्यालय अनुदान आयोगलाई प्रदान भएको अवस्था एकातिर छ भने विद्यमान दरबन्दी र जनशक्ति ज्यादै न्यून छ। यसले गर्दा दैनिक कार्य सञ्चालनका लागिसमेत समस्या रहेको छ।

(घ) उच्च शिक्षा प्रणाली विस्तार भइरहेकामा सरकारी लगानी बढ्न सकेको छैन। कुल विद्यार्थीका ७ प्रतिशत अध्ययन हुने चिकित्सा शिक्षामा सरकारी लगानी करिब एक तिहाइभन्दा बढी भइरहेको छ भने उच्च शिक्षाका अन्य विधामा भएको सरकारी लगानी पनि सम न्यायिक हुन सकेको छैन।

(ङ) उच्च शिक्षामा बर्षेनि विदेश अध्ययनमा जान एक लाखभन्दा बढी विद्यार्थीले सरकारबाट नो अब्जेक्सन लेटर लिन्छन्। यसले विदेशमा अध्ययनको प्रवृत्ति मात्र उजागर गर्दैन कि उच्च शिक्षण संस्था र राज्यप्रतिको भरोसामा नै सङ्कट ल्याउने सङ्केतको रूपमा लिनुपर्दछ।

## ५. विश्वविद्यालय अनुदान आयोगको भावी कार्यदिशा

(क) विश्वविद्यालय अनुदान आयोगलाई विद्यमान र भविष्यको चुनौती सामना गर्न सक्ने बनाउन नेतृत्वको प्रतिस्पर्धात्मक रूपमा छनोट, आवश्यक दरबन्दी तथा जनशक्ति व्यवस्थासहित सुदृढीकरण गर्ने

(ख) उच्च शैक्षिक संस्थाको गुणात्मक वृद्धि र विकासका लागि आवश्यक मापदण्डको विकास तथा परिमार्जन र मापदण्डको प्रभावकारी कार्यान्वयन र अनुगमनकारी न्यूनतम गुणस्तर कायम गर्ने।न्यूनतम मापदण्ड र गुणस्तर कायम नगर्ने उच्च शैक्षिक संस्थाको बन्द तथा विघटन गर्ने

(ग) उच्च शिक्षामा गरिँदै आएको विद्यमान लगानी प्रणाली समन्यायिक नभएकाले नेपाल सरकारले शिक्षामा गर्ने लगानी, शिक्षाको लगानी मध्ये उच्च शिक्षामा गर्ने लगानी र उच्च शिक्षाका विभिन्न विश्वविद्यालय तथा उपक्षेत्रमा गर्ने लगानीलाई समन्यायिक र लक्षित वर्गमा पुर्‍याउन विद्यमान लगानी नीति तथा कार्यक्रम पुनरावलोकन गरी कार्यान्वयन गर्ने

(घ) बदलिँदो विश्व परिवेशको पाठ्यक्रमको तर्जुमा तथा पुनरावलोकन, पठन पाठनमा तथा मूल्याङ्कन सुधार गरी समय सान्दर्भिक उच्च शिक्षा बनाउन नवीनतम सोचका साथ बजार उन्मुख पाठ्यक्रम, उद्यमशीलता तालिम तथा नवप्रवर्तन र व्यावसायिक इक्युवेशन केन्द्रमार्फत नवप्रवर्तन र स्टार्ट अप र बिउ पुँजी प्रदान गरी उच्च शिक्षालाई समसामयिक बनाउने

(ङ) अनुसन्धान तथा नवप्रवर्तनलाई उच्च शिक्षाको अभिन्न अङ्गको रूपमा लिई प्राध्यापक, अनुसन्धानकर्ता तथा विद्यार्थीलाई अर्थतन्त्र, समाज र सरकारले भोगी रहेका समस्या समाधानमा समेत केन्द्रित गर्ने।

## नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

### १. परिचय

मुलुकको चौतर्फी विकासमा विज्ञान तथा प्रविधिको अहम् भूमिका रहने भएकाले विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान र प्रवर्धन गर्न, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापका लागि उपयुक्त वातावरणको सिर्जना गर्न, विज्ञान तथा प्रविधिको क्षेत्रमा कार्यरत प्रतिभावान् वैज्ञानिक तथा प्राविधिकहरूलाई प्रोत्साहन र कदर गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानलाई एक सङ्गठित र सक्षम निकायका रूपमा सञ्चालन गर्ने उद्देश्यले २०३९ साल मङ्सिर २० गते नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको स्थापना भएको हो। यसलाई व्यवस्थित गर्ने ऐन, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ हो, जुन २०४९ बैशाख १७ गते लालमोहर लागी प्रकाशन भएको देखिन्छ। नेपालमा २०६३ सालको राजनीतिक परिवर्तन भएपश्चात् २०६४/०६/१५ मा भएको यस ऐनको दोस्रो संशोधनले "नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान" लाई "नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान" मा नामाकरण गरेको छ। यो एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित एवम् सङ्गठित संस्था हो र यसको अङ्ग्रेजी नाम Nepal Academy of Science and Technology (NAST) हो। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानमा २३१ जना कर्मचारीको दरबन्दी रहेको छ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) को मुख्य उद्देश्य नेपालमा वैज्ञानिक अनुसन्धान, प्रविधिको विकास, प्रवर्धन र आधुनिकीकरण गरी राष्ट्रको विकासमा योगदान पुर्‍याउनु हो। यसले स्वदेशी प्रविधिको जगेर्ना, नवीन प्रविधि (Innovation) को विकास र विज्ञानको क्षेत्रमा दक्ष जनशक्तिलाई प्रोत्साहन गर्ने काम गर्छ।




### २. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार

ऐनको दफा ६ मा उल्लिखित प्रज्ञा प्रतिष्ठानका काम, कर्तव्य र अधिकार देहायबमोजिम छन् :

(क) विज्ञान तथा प्रविधिका विभिन्न विषयहरूमा प्राथमिकताको आधारमा अध्ययन, अनुसन्धान तथा विकास र प्रवर्धन गर्ने
(ख) प्रविधि हस्तान्तरणसम्बन्धी नीति तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारलाई सहयोग पुर्याउने
(ग) स्वदेशी तथा विदेशी वैज्ञानिक तथा प्रविधिसम्बन्धी निकायहरूसित समन्वयात्मक ढङ्गले कार्यक्रमहरू सञ्चालन गर्ने
(घ) विज्ञान तथा प्रविधिसम्बन्धी केन्द्रीय प्रलेख तथा सूचना प्रणालीको विकास गरी सेवा प्रदान गर्ने
(ङ) विज्ञान तथा प्रविधि विषयहरूमा गोष्ठी, सम्मेलन आदि आयोजना गर्ने गराउने तथा विज्ञान तथा प्रविधिसम्बन्धी विभिन्न प्रकाशन गर्ने गराउने
(च) विज्ञान तथा प्रविधिसम्बन्धी क्षेत्रीय वा अन्तर्राष्ट्रिय र अन्य विदेशी सङ्घसंस्थासित सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदानप्रदान गर्ने
(छ) प्रज्ञा प्रतिष्ठानको सञ्चालन तथा विज्ञान तथा प्रविधिसम्बन्धी कार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट वित्तीय, प्राविधिक तथा अन्य सहयोग प्राप्त गर्ने र परिचालन गर्ने
(ज) विज्ञान तथा प्रविधिको विकास, प्रवर्धन वा प्रयोगमा उत्कृष्ट योगदान दिने व्यक्ति वा संस्थालाई कदर गर्ने र प्रोत्साहित गर्ने
(झ) विज्ञान तथा प्रविधिको उपयोगिता र उपादेयताबारे जनमानसमा जागरुकता अभिवृद्धि गर्ने, गराउने र विज्ञान तथा प्रविधिको प्रयोग बढाउन अनुकुल वातावरण सिर्जना गर्ने
(ञ) विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय निकायहरूको कार्यक्रम र उपलब्धिबारे अध्ययन गरी आवधिक प्रतिवेदन तयार गर्ने
(ट) विज्ञान तथा प्रविधि विकास कार्यक्रम सम्बन्धमा नेपाल सरकारलाई सुझाब दिने
(ठ) विज्ञान तथा प्रविधिको अनुसन्धान तथा विकासका लागि नयाँ निकाय वा प्रयोगशाला स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई राय दिने
(ड) देशभित्र रहेको विज्ञान तथा प्रविधिसँग सम्बन्धित कुनै प्रयोगशाला वा निकायको विकासका निमित्त तोकिएबमोजिम वित्तीय वा प्राविधिक सहयोग प्रदान गर्ने
(ढ) विज्ञान तथा प्रविधिसम्बन्धी उत्कृष्ट आविष्कार तथा नमुनाहरूको प्रदर्शन कक्ष स्थापना गर्ने
(ण) प्रज्ञा प्रतिष्ठानको उद्देश्य पूर्ति गर्न अन्य आवश्यक कामहरू गर्ने गराउने

### ३. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको उपलब्धि

(क) प्रतिष्ठानले विश्लेषणात्मक सेवा केन्द्रमार्फत विभिन्न प्रकारका रासायनिक तथा भौतिक परिक्षण गरी सेवा प्रदान गरिरहेको
(ख) विज्ञान तथा प्रविधिका क्षेत्रमा कार्यरत जनशक्तिहरूलाई राष्ट्रिय स्तरमा पुरस्कारको व्यवस्था गरी पुरस्कृत गर्ने कार्य गरेको
(ग) विज्ञान प्रविधि कार्यक्रम र देशका दूरदराजका विद्यालयमा विज्ञान मेला, विज्ञान चेतना अभियानहरू सञ्चालन गरेको
(घ) वैज्ञानिक प्रकाशनहरू जर्नल, विद्यालयस्तरका बालबालिकाहरूका लागि विज्ञानका जिज्ञासा, रमाइला प्रयोगलगायतका प्रकाशनहरू प्रकाशन गरी निशुल्क वितरण गरिरहेको
(ङ) हाल नास्टले स्पेस टेक्नोलोजीमा पनि आफ्नो अनुसन्धानलाई अगाडि बढाएको
(च) प्रतिष्ठानले वि.सं २०७६ सालमा नेपालको आफ्नो सानो (नानो) भूउपग्रह नेपालीस्याट–१ प्रक्षेपण गरेको
(छ) यसैको निरन्तरतास्वरूप मित्रराष्ट्रहरूको सहयोगमा डाँफे नामको पे लोड निर्माण, मुनाललगायतका अन्य भूउपग्रह पनि प्रक्षेपण भइसकेका
(ज) हाल नास्टमा २५ भन्दा बढी प्रयोगशाला, र त्यहीअनुसार कार्यक्रम गरी जडीबुटी अनुसन्धान, वातावरणको अनुसन्धान, नवीकरणीय उर्जाको विकास, ICT र AI लगायतका थुप्रै अनुसन्धानका विषयमा केही प्रभावकारी कार्य गरिरहेको छ।

### ४. संस्थाको समस्या

(क) प्रर्याप्त साधन स्रोत र बजेट उपलब्ध नहुनु

(ख) वैज्ञानिक प्राविधिक जनशक्तिको अभाव हुनु

(ग) उपलब्ध जनशक्तिलाई पनि वृत्तिविकासको अवसर उपलब्ध गराउन नसक्नुलगायतका कारणहरूले गर्दा नेपालमा विज्ञानको विकास तीव्र गतिमा हुन सकिरहेको छैन्।

## ५. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको भावी कार्यदिशा

(क) विज्ञान तथा प्रविधिमा उच्च शिक्षा हासिल गरेका युवा वैज्ञानिक प्राविधिज्ञहरूलाईसमेत संलग्न गराई अन्तर्राष्ट्रिय स्तरका अध्ययन, अनुसन्धान गर्ने र गर्ने वातावरण पनि बनाउने

(ख) नवीनतम एवम् उदीयमान प्रविधिको विकासमार्फत देशको आर्थिक स्तर वृद्धि गर्न सहयोग पुर्याउनका लागि राष्ट्रको सङ्घीय संरचनाको मर्मबमोजिम हरेक प्रदेशमा एक विशिष्टीकृत केन्द्र रहने गरी अत्याधुनिक उपकरणसहितका वैज्ञानिक अनुसन्धान केन्द्र प्रयोगशाला एवम् अन्य भौतिक पूर्वाधारको निर्माण गर्दै युवा वैज्ञानिकलाई नेपालभित्रै अनुसन्धान गर्न सक्ने वातावरण तयार पार्ने

(ग) नवप्रवर्तनमार्फत उद्यमशीलतामा जाने

(घ) नास्टको केन्द्रीय कार्यालयका अतिरिक्त विगत केही वर्षको अनवरत प्रयासपछि सातै प्रदेशमा देहायको चित्रमा देखाए जसरी विविध विषय विशिष्टीकृत अनुसन्धान केन्द्र खुलेका छन्। जसमा हालसम्म ७/७ जनाको दरबन्दीसहित कार्य सुरु गरिएको हुँदा उक्त कार्य पूरा गर्ने



## राष्ट्रिय विधि विज्ञान प्रयोगशाला

## १. परिचय

विधि विज्ञान (Forensic Science) भौतिक सवूत प्रमाणहरूको परीक्षण, तुलना, पहिचान आदिसँग सम्बन्धित विज्ञान हो। कुनै पनि न्यायिक प्रयोजन वा अपराधिक कार्यसँग संलग्न भौतिक वस्तुको वैज्ञानिक परीक्षणको आधारमा तर्कपूर्ण विश्‍लेषण गर्नु नै विधि विज्ञान हो। वैज्ञानिक विकासलाई न्याय सम्पादन कार्यमा उपयोग गरिने हुँदा विज्ञानलाई जनस्तरसम्म पुर्‍याउनसमेत विधि विज्ञान एउटा सशक्त माध्यमको रूपमा रहने गर्छ।

अपराध अनुसन्धान तथा न्याय सम्पादनमा भौतिक सवूत प्रमाणको वैज्ञानिक परीक्षणको महत्त्वलाई हृदयङ्गम गरी न्याय सुधार आयोग (२०४०) ले एउटा स्वतन्त्र एवम् स्वशासित संस्थाको रूपमा विधि विज्ञान प्रयोगशालाको स्थापना गर्ने सिफारिस गरेबमोजिम वि.सं. २०४३ सालमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानअन्तर्गत स्थापना भएको यस राष्ट्रिय विधि विज्ञान प्रयोगशाला वर्तमानमा विकास समितिको रूपमा शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत सञ्चालन भइरहेको छ। मुख्य कार्यालय ललितपुरको खुमलटारमा रहेको यस प्रयोगशालालाई क्रमशः सात ओटै प्रदेशमा विस्तार गर्ने नेपाल सरकारको नीतिअनुसार आ.ब. ०७६/७७ देखि हालसम्म मधेश प्रदेशको महोत्तरी (वर्दिवास), सुदूरपश्चिम प्रदेशको कैलाली (धनगढी), लुम्बिनी प्रदेशको रूपन्देही (बुटवल) र कर्णाली प्रदेखको सुर्खेत (वीरेन्द्रनगर) मा शाखा कार्यालयहरू स्थापना गरी परीक्षण सेवासमेत सुरु भइसकेको अवस्था छ।

## २. राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको कार्यविवरण

(क) विधि विज्ञानसँग सम्बन्धित विभिन्न विषय वा क्षेत्रहरूमा अध्ययन, अनुसन्धान, परीक्षण तथा विश्लेषण गर्ने गराउने

(ख) अपराध अनुसन्धान तथा न्याय सम्पादनका लागि कुनै पनि जीव, निर्जीव विषयवस्तु, दशी वा भौतिक तथा रसायनिक चिजहरूको वैज्ञानिक परीक्षण गर्ने

(ग) प्रयोगशालाबाट गरिएका वैज्ञानिक तथा प्राविधिक परीक्षण एवम् विश्लेषणका सम्बन्धमा कुनै निकायबाट राय माग भएमा सो दिने

(घ) अदालतबाट माग भएको विवरण उपलब्ध गराउन वा कुनै विशेषज्ञलाई अदालतमा उपस्थित भई वकपत्र गर्न पठाउने

(ङ) विधि विज्ञानसँग सम्बन्धित राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिहरूसँग सम्पर्क राखी प्रयोगशालाको विस्तार तथा सुदृढीकरणका लागि आवश्यक कार्य गर्ने

(च) प्रयोगशालाको सेवा प्राप्त गर्ने सरकारी, अर्ध सरकारी तथा गैर सरकारी संस्थामा कार्यरत व्यक्तिहरूलाई विधि विज्ञान सम्बन्धमा आवश्यक तालिम दिने

## ३. राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको सङ्गठन संरचना

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको मुख्य कार्यालय एवम् अन्तर्गत बर्दिबास, धनगढी, बुटवल र सुर्खेतमा शाखा कार्यालयहरू सञ्चालनमा रहेका छन्। सङ्गठन संरचनाअनुसार केन्द्रमा प्रयोगशालाको प्रमुखको रूपमा कार्यकारी निर्देशक एवम् विषयगत शाखाहरू रहेका छन्। केन्द्र तथा शाखा कार्यालयहरूमा गरी कुल ९८ स्थायी दरबन्दी रहेकामा हाल ६७ जना कर्मचारीहरू

कार्यरत छन् भने रिक्त ३१ पदहरू लोक सेवा आयोगमार्फत पदपूर्तिको प्रक्रियामा छ।

## ४. राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको उपलब्धि

(क) राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले तपसिलका विषयमा परीक्षण सेवाहरू सञ्चालन गरेको

| विषय | केस प्रकृति | सेवाग्राही निकायहरू |
|---|---|---|
| १. रसायन विज्ञान | विषादी, लागु औषध, भिषेरा, अल्कोहल आदि | प्रहरी, अदालत, लागुऔषध नियन्त्रण ब्युरो आदि |
| २. जीव विज्ञान | डि.एन.ए.,वन्यजन्तुका आखेटोपहार (खाग, छाला, खप्पर, हाड, रौँ नङ्ग्रा, विना आदि) | अदालत, प्रहरी, वन कार्यालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, अध्यागमन विभाग, British Gurkhas Office Pokhara आदि |
| ३. भौतिक विज्ञान | ल्याप्चे, दस्तखत, लिखत, बैङ्क नोट, सिल, छाप, फोटो आदि | अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, वैदेशिक रोजगार तथा श्रम कार्यालय, बैंक आदि |

(ख) आर्थिक वर्ष २०८१/८२ को अवधिमा केन्द्रतर्फ विभिन्न सेवाग्राही निकायहरूबाट प्राप्त भएका १३३७ केसका ४८९० नमुना तथा शाखा कार्यालयतर्फ २०६७ केसका ७०७० नमुनाहरू गरी जम्मा ३४०४ केसका ११९६० ओटा नमुनाहरू परीक्षण गरी सोको प्रतिवेदन गरिएको थियो।

(ग) आर्थिक वर्ष २०७७/७८ देखि २०८२/८३ को फागुन मसान्तसम्ममा १४ हजार २ सय ३३ ओटा केसको परीक्षण गरी सम्बन्धित निकायहरूमा प्रतिवेदन गरिएको छ। सो अवधिमा परीक्षणका लागि १४ हजार १ सय ८७ ओटा केस प्राप्त भएका थिए। विधि विज्ञानसम्बन्धी परीक्षणले विभिन्न निकायबाट गरिने अपराध अनुसन्धान तथा न्याय सम्पादनमा सहयोग पुगेको छ। राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको शाखा कार्यालय विस्तारका कारण केस सङ्ख्या प्राप्ति र परीक्षणमा बढोत्तरी हुँदै गएको पाइन्छ।

## ५. राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको संस्थाको समस्या

प्रयोगशाला स्थापनाको ३ दशकभन्दा बढी हुँदासमेत विकास समितिको रूपमा सञ्चालन भइरहँदा संस्थागत स्थायित्व कायम हुन सकेको छैन। विधि विज्ञानसम्बन्धी छुट्टै ऐन निर्माणको प्रक्रिया अघि बढे पनि ऐनले हालसम्म मूर्त रूप पाउन सकेको छैन। भौतिक पूर्वाधारको रूपमा प्रयोगशालाको आफ्नै स्वामित्वको पर्याप्त जग्गा, भवनहरू नहुँदा परीक्षण कार्य, कर्मचारी व्यवस्थापनलगायत सेवा विस्तारमा कठिनाइ उत्पन्न भइरहेको अवस्था विद्यमान छ। यसैगरी स्वदेशमा विधि विज्ञानसम्बन्धी अध्ययन/तालिमको व्यवस्था नहुनाले दक्ष/तालिम प्राप्त जनशक्तिको अभाव देखिन्छ। मुलुक बाहिरबाटसमेत सोसम्बन्धी अध्ययन/तालिमहरू पर्याप्त मात्रामा प्राप्त हुन नसकेको हुँदा कर्मचारीको वृत्तिविकास एवम् सेवाको गुणस्तर अभिवृद्धिमा समस्या भइरहेको छ।

## ६. राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको भावी कार्यदिशा

नेपाल सरकार (म.प.) बाट प्राप्त सैद्धान्तिक स्वीकृतिबमोजिम प्रयोगशालाको संस्थागत तथा कानुनी स्थायित्वका लागि विधि विज्ञानसम्बन्धी ऐन तर्जुमाको प्रक्रिया सुरु गरिएकामा हाल संसदको माथिल्लो सदन (राष्ट्रिय सभा) बाट पारितसमेत भइसकेको अवस्था छ। यसैगरी आ.व. ०७६/७७ र ०७७/७८ नीति, कार्यक्रम तथा बजेटमा उल्लेख भएअनुसार राष्ट्रिय स्तरको यस

प्रयोगशालालाई सुदृढ गर्दै हरेक प्रदेशमा एक एक ओटा विधि विज्ञान प्रयोगशाला स्थापना गर्ने लक्ष्यअनुसार मधेश, सुदूरपश्चिम, लुम्बिनी र कर्णाली प्रदेशमा शाखा कार्यालयहरू स्थापना तथा सञ्चालन भइसकेकामा आगामी आ.व. मा गण्डकी र कोशी प्रदेशमा समेत शाखा कार्यालयहरू स्थापना गरी केन्द्र (बागमती प्रदेश) मा रहेको प्रयोगशालालगायत सबै ७ ओटै प्रदेशहरूबाट विधि विज्ञान सेवा उपलब्ध गराउने लक्ष्य रहेको छ।

## वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति

### १. परिचय

विश्वमा अन्तरिक्ष विजयको महाअभियानको प्रारम्भसँगै चन्द्रमा तथा अन्य आकाशीय पिण्डहरूलगायत अन्तरिक्षको अन्वेषण तथा शान्तिपूर्ण प्रयोगसम्बन्धी सन्धिसम्झौतामा नेपाल १६ अक्टोवर १९६७ मा पक्ष राष्ट्र रहन गएको सन्दर्भमा नेपालमा प्लानेटेरियम, वेधशाला तथा विज्ञान सङ्ग्रहालयको स्थापना, सञ्चालन तथा विकास गरी जनमानसमा वैज्ञानिक चेतना तथा संस्कारमा अभिवृद्धि गर्न, खगोल विज्ञान, खगोल भौतिक विज्ञान, अन्तरिक्ष विज्ञान तथा ज्योर्ति विज्ञानमा अध्ययन अनुसन्धान गर्न, विज्ञान तथा प्रविधिको सार्थक ज्ञानलाई जनमानसमा प्रवाहित गर्न विकास समिति ऐन, २०१३ बमोजिम वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिको स्थापना भएको हो।

अन्तरिक्ष विज्ञान नै एउटा राष्ट्रको समग्र विकासको परिसूचक एवम् राष्ट्रिय गौरवको आधार भएकाले यस क्षेत्रको विकासले एउटा राष्ट्रको समृद्धिलाई प्रतिबिम्बित गर्छ भने यस क्षेत्रको अविकसित अवस्थाले राष्ट्रको पछौटेपनलाई दर्शाउँछ। तसर्थ आज सम्पूर्ण विश्व नै अन्तरिक्ष अन्वेषण र अध्ययन अनुसन्धानमा अहोरात्र संलग्न छ। मानव चन्द्र विजयपश्चात् मङ्गल ग्रहमा आफ्नो उपनिवेश स्थापना गर्नमा अग्रसर भइसकेको छ भने टेराफर्मिङ (अन्यग्रह उपग्रहलाई पृथ्वी समान बनाउनु) र अन्तरिक्ष पर्यटन जस्ता कुराहरू विज्ञान कथामा मात्र सीमित नरहेर वास्तविकतामा परिणत भइसकेका छन्। यस्तो परिस्थितिमा नेपालमा एकमात्र अन्तरिक्ष विज्ञानको अध्ययन, अनुसन्धान तथा विकास एवम् जनमानसमा वैज्ञानिक चेतना तथा संस्कार प्रवाह गर्ने कार्यमा संलग्न यस संस्थाको अत्यधिक महत्त्व रहेको छ। वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिले यस क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारसमेत सिर्जना गरी यस क्षेत्रमा निरन्तर रूपमा कार्य गरी रहेको छ। यसै सन्दर्भमा नगरकोटमा राष्ट्रिय वेधशालाको स्थापना गरी अध्ययन अनुसन्धानको कार्यलाई निरन्तरता दिनुका साथै भौतिकशास्त्र स्नातकोत्तर तहमा अध्ययनरत Astro ग्रुपका विद्यार्थीले निरन्तर रूपमा १०० नम्बरको अनुसन्धनात्मक कार्यहरू गर्दै आइरहेका छन्। यस आ.व.मा १०० भन्दा बढी खगोल विज्ञानमा अध्ययरत स्नातक र स्नातकोत्तरका विद्यार्थीद्वारा रात्रीमा आकाशीय पिण्डहरूको अध्ययन एवम् अवकोलकन गरेका छन्। साथै प्रत्येक वर्ष देशका कुनाकाप्चाहरूबाट समेत समय समयमा विद्यार्थीलाई आमन्त्रण गरी अध्ययन अनुसन्धान गराउने गरिएको छ। यसका साथै उक्त अब्जरभेटरीमा नासा, युरोपियन युनियन, इन्टरनेसनल एस्ट्रोनोमिकल युरोपियन युनियनसमेतका वैज्ञानिकहरू आएर अध्ययन

अनुसन्धान गर्ने गरेका छन्। साथै यस समितिले जनमानसमा वैज्ञानिक चेतना तथा संस्कारको प्रार्दुभाव गरेर नेपाल जस्तो रूढीवादीबाट आक्रान्त समाजलाई विज्ञान तथा प्रविधिको सार्थक ज्ञानको प्रवाह गरी रूढीवादबाट मुक्त गरेर वैज्ञानिक चेतना तथा वैज्ञानिक सोचमा आधारित समाजको निर्माण गर्नमा सहयोग पुर्याउँदै आएको छ।

यसका लागि "गरेर सिक" (Learning by doing) को सिद्धान्त अनुरूप विज्ञानका विविध विद्याहरूका उपकरणहरू स्थापना गरी सर्वसाधरणका लागि खुला गरिएको विज्ञान सङ्ग्रहालयमा यस आर्थिक वर्षमा ७,००० भन्दा बढी विद्यार्थी तथा सर्वसाधरणहरूले भ्रमण गरेका छन्। प्रत्येक वर्ष देशका विभिन्न स्थानमा विज्ञान तथा प्रविधिको सार्थक ज्ञानलाई प्रवाह गर्नका लागि अन्तरिक्ष विज्ञानसम्बन्धी स्कुल एवम् विज्ञान लेखन तथा वैज्ञानिक अवधारणा प्रवर्धन कार्यक्रम सञ्चालन गर्दै आइरहेकामा यस आ.व.मा अन्तरिक्ष विज्ञान तथा प्रविधिसम्बन्धी विभिन्न स्कुलका १४० जना विद्यार्थी, विज्ञान शिक्षक तथा विषय विज्ञहरूको सहभागितामा डोल्पा जिल्लाको सदरमुकाम दुनैमा सम्पन्न गरिएको छ। तसर्थ विज्ञान सङ्ग्रहालय अनौपचारिक शिक्षाको एक सक्षम माध्यमको रूपमा कार्य गरिरहेको छ।

## २. वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालयको कार्यविवरण

(क) वेधशाला,प्लानेटेरियम तथा विज्ञान सङ्ग्रहालयको स्थापना एवम् सञ्चालन गर्ने
(ख) खगोल एवम् अन्तरिक्ष विज्ञानमा अध्ययन अनुसन्धान गर्ने गराउने
(ग) राष्ट्रिय अन्तरिक्ष विज्ञान प्रविधि अनुसन्धान केन्द्रको स्थापना गर्ने
(घ) आम जनमानस र विद्यार्थीहरूमा विज्ञानको प्रवर्धन गर्ने तथा आम जनमानसमा पुर्याउनलाई राष्ट्र विकासमा सहयोग गर्ने

## ३. वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालयको उपलब्धि

(क) प्लानेटेरियम/Space Theatre को स्थापनाका लागि गुरुयोजना तयार भै केही कार्य प्रारम्भ भइसकेको
(ख) साइन्स सिटीको Detail अध्ययन अनुसन्धानको कार्य सम्पन्न भई गुरुयोजना तयार भइसकेको
(ग) Science City, Planetarium तथा विज्ञान सङ्ग्रहालयका लागि १५० रोपनी जग्गा कीर्तिपुरमा उपलब्ध भएको र त्यसमा "टेलरमेड" Science City भवन निर्माण भई सर्वसाधरणका लागि खुला गरिसकिएको
(घ) 3D थियटर विद्यार्थी, शिक्षक तथा सर्वसाधारणहरू निरन्तर रूपमा अवलोकन गरिरहेको र त्यसबाट जनमानसमा वैज्ञानिक चेतना तथा संस्कारको प्रार्दुभाव हुनको साथै राजस्व सङ्कलन पनि भइरहेको
(ङ) ४२ हजार स्क्वायर मिटर क्षेत्रफलमा विज्ञान सङ्ग्रहालय भवनको निर्माण सम्पन्न भई (१) विद्युत् तथा चुम्बकत्व (२) प्रकाश दृष्टि तथा अप्टिकल भ्रम (३) ध्वनि तथा एप्लाइड मेकानिक्स (४) मानव फिजियोलोजी (५) पृथ्वी र अन्तरिक्ष प्रविधिसम्बन्धी ४० ओटा भन्दा बढी इन्ट्राएक्टिभ उपकरणहरू तथा (६) शिल्पकला (७) भौगलिक मोडलहरू (८) मानव विकास क्रमका विभिन्न अवस्थाका मोडलहरू (९) Animal evolution (१०) रोबोटिक्स तथा कृतिम बुद्धिमत्ता (AI) तथा त्रिआयामी थिएटरसमेतको स्थापना गरी विज्ञान सङ्ग्रहालय सर्वसाधारणका लागि खुला गरिएको र विद्यार्थी तथा सर्वसाधारणहरूले उल्लेख्य रूपमा विज्ञान सङ्ग्रहालयको अवलोकन गरिरहेको र राजश्वसमेत सङ्कलन भइरहेको
(च) नगरकोटमा वेधशाला भवन तथा अतिथि गृहको निर्माण कार्य सम्पन्न भई निरन्तर रूपमा अध्ययन अनुसन्धान भइरहेको
(छ) यस समिति र The Jansuz Gil Institute of Astronomy, University of Zielona Gora, Poland सँगको सहकार्यमा नगरकोट स्थित राष्ट्रिय वेधशालामा स्वचालित रिमोट सिस्टमबाट कार्य गर्ने ३५-४५ सेन्टिमिटरको अप्टिकल

टेलिस्कोपको स्थापनाका लागि MOU सम्बन्धमा मन्त्रालयमार्फत परराष्ट्र, कानुन र अर्थ मन्त्रालयहरूको राय र सहमतिको लिई मन्त्रिपरिषद्मा सहमतिका लागि प्रक्रियामा रहेको

(ज) The Jansuz Gil Institute of Astronomy, University of Zielona Gora सँग सगरमाथाको आधार शिविरमा उच्चस्तरीय टेलिस्कोपको स्थापनाको सम्बन्धमा LOI को कार्य अगाडि बढेको

(झ) मित्रराष्ट्र चीनबाट सहयोग स्वरूप प्राप्त भएका विज्ञान तथा प्रविधिसम्बन्धी १०० भन्दा बढी उपकरणहरू जडान गरी शिक्षक, विद्यार्थी तथा आम सर्वसाधारणका लागि खुला गरिएको

## ४. वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालयको समस्या

(क) लगानी अति न्यून हुनु

(ख) साइन्स सिटी जस्ता रुपान्तरणकारी योजनाहरूमा रकम पर्याप्त नहुनु

(ग) आवश्यक स्रोत साधन तथा संस्थागत क्षमता विस्तार नहुनु

(घ) राष्ट्रमा वैज्ञानिक सोच तथा चिन्तनको समुचित प्रवाहका लागि आवश्यक प्रतिवद्धता तथा लगानीको कमी हुनु

## ५. वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालयको भावी कार्यदिशा

(क) राष्ट्रमा अन्तरिक्ष विज्ञान तथा प्रविधिको शान्तिपूर्ण अन्वेषण एवम् उपयोगका लागि सशक्त पूर्वाधार खडा गरी राष्ट्र विकासको एक अभिन्न क्षेत्रको रूपमा विकास गर्ने

(ख) नेपाल प्रकाशकीय (Optical) वेधशालाका लागि विश्वमा नै एक उत्कृष्ट स्थलमा पर्ने हुँदा सगरमाथाको आधार शिविरको सामीप्यमा प्रकाशकीय वेधशालाको स्थापना गरी यस क्षेत्रमा विश्वमा अग्रणी हुने

(ग) यसका लागि आकाशीय पिण्डहरूको अवलोकनका लागि एक उच्चस्तरीय क्षमताको वेधशालाको स्थापना गर्ने

(घ) अन्तरिक्ष अन्वेषण (रकेट प्रक्षेपण, स्याटलाईट प्रक्षेपण, अपलिङकिङ तथा डाउनलिङकिङ जस्ता प्रविधि)

(ङ) प्लानेटेरियम सहितको अत्याधुनिक "साइन्ससिटी" को स्थापना गरी सशक्त रूपमा सञ्चालनमा ल्याउने

(च) अन्तरिक्ष विज्ञानको क्षेत्रमा गुणस्तरीय जनशक्ति निर्माण गर्ने कार्यमा सहयोग पुर्याउने, जनमानसमा वैज्ञानिक चेतना तथा संस्कारको प्रार्दुभाव गर्ने

(छ) जनमानसमा वैज्ञानिक चेतना तथा संस्कारको प्रार्दुभाव गर्न व्यापक रूपमा राष्ट्रिय स्तरमा कार्यक्रम सञ्चालन गर्ने

# केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा)

## १. परिचय

वि.सं. २०७२ को गोरखा भूकम्प र सोपश्चात्का पराकम्पबाट क्षतिग्रस्त भएका सामुदायिक विद्यालयको पुनर्निर्माण कार्यलाई अभियानको रूपमा सञ्चालन गर्न साविक राष्ट्रिय पुनर्निर्माण प्राधिकरणअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा) स्थापना भएको थियो। उक्त भूकम्पले क्षति पुर्याएका अधिकांश विद्यालयको पुनर्निर्माणको कार्य सम्पन्न भइसकेको छ। २०८० मा गएको जाजरकोट र बझाङ भूकम्पबाट क्षति पुगेका विद्यालयको पुनर्निर्माण कार्यका लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति

२०८०/१०/२५ को निर्णयानुसार केन्द्रीय आयोजना कार्यान्वयन इकाइको सुदुरपश्चिम र कर्णाली प्रदेशका गरी १५ जिल्लामा कार्यक्षेत्र विस्तार भएअनुसार यस आयोजनाले विद्यालय पुनर्निर्माणको कामलाई द्रुततर रूपमा अगाडि बढाइरहेको छ।
नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१/२५ को निर्णयानुसार भूकम्प तथा अन्य प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त संरचना निर्माण गर्ने तथा नेपाल सरकारमार्फत कार्यान्वयन हुने गरी वार्षिक बजेटमा व्यवस्था भएका शैक्षिक संस्थाहरूको भौतिक पूर्वाधारको निर्माण/पुनर्निर्माण/प्रबलीकरणलगायत यससँग सम्बन्धित नीति, नियमन, मापदण्ड, निर्देशिका तथा नमुना डिजाइनहरू तयार गर्ने कार्य जिम्मेवारीसमेत थप गरी आयोजनाको कार्यक्षेत्र थप विस्तार भएको छ।

मन्त्रालयको नीति तथा निर्देशनमा विद्यार्थी सङ्ख्या अधिक रहेका (हाल दुई हजार भन्दा बढी विद्यार्थी भएका) विद्यालयको भौतिक पूर्वाधार विकासको कार्यको प्रक्रिया अगाडि बढेको छ।

## २. केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा) का उपलब्धि

### (क ) २०७२ को भूकम्पपश्चात् विद्यालय पुनर्निर्माण कार्य

२०७२ को गोरखा भूकम्प र सोपश्चात्को पराकम्पबाट अति प्रभावित १४ जिल्ला र प्रभावित १७ जिल्ला गरी ३१ जिल्लामा विद्यालय पुनर्निर्माणमा जाइका, एसियाली विकास बैङ्क, युएस एडलगायतको सहयोगमा भूकम्प आपत्कालीन सहायता परियोजना (Earthquake Emergency Assistance Project, EEAP), एसियाली विकास बैङ्कको ऋण सहयोगमा विपद् प्रतिरोधी विद्यालय पुनर्निर्माण आयोजना (Disaster Resilient Schools Project, DRSP), जापानी अन्तर्राष्ट्रिय सहयोग संस्थाको ऋण सहयोगमा आपत्कालीन विद्यालय पुनर्निर्माण आयोजना (Emergency School Reconstruction Project, ESRP), भारतीय सरकारको अनुदान, साउदी फन्डको ऋण सहयोग, चीन सरकारको टर्न कि अनुदानलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था र विद्यालय व्यवस्थापन समितिमार्फत हालसम्म ७६७२ विद्यालय पुनर्निर्माण भइसकेका छन् भने ५ ओटा विद्यालय निर्माणको अन्तिम चरणमा रहेका छन्। निर्माण भएका विद्यालय बाल एवम् अपाङ्गतामैत्री रहेका छन्। विभिन्न परियोजनाअन्तर्गत निर्माण भएका विद्यालयमा सुविधा सम्पन्न खानेपानी, शौचालयसमेत निर्माण भएका छन्।

### (ख)२०८० को पश्चिम नेपाल भूकम्पपश्चात् विद्यालय पुनर्निर्माण कार्य

२०८० को जाजरकोट र बझाङ भूकम्पले क्षति पुर्याएका विद्यालयको पुनर्निर्माणको एशियाली विकास बैङ्कको ऋण सहयोगमा जाजरकोट र रुकुम पश्चिमका २९ ओटा र जाइकाको ऋण सहयोगमा ११ ओटा, जिपिइको अनुदान सहयोगमा ९ गरी गरी ४९ ओटा विद्यालयमा ठुला पूर्वाधार विकास भइरहेका छन्। यसैगरी विद्यालय व्यवस्थापन समितिमार्फत आव २०८१।८२ मा १४४ ओटा कक्षाकोठा निर्माण सम्पन्न तथा चालु आव २०८२।८३ मा १२६ ओटा कक्षाकोठा निर्माण कार्य सुरु भएको छ। भारतीय सरकारको अनुदान सहयोगमा २०७२ को भूकम्पले क्षति पुगेका थप १४ विद्यालयको पुनर्निर्माणको कार्यका लागि बोलपत्र मूल्याङ्कन भइरहेको छ।

विद्यार्थी चाप उच्च रहेका (हाल दुई हजारभन्दा बढी विद्यार्थी भएका) विद्यालयको थप भौतिक पूर्वाधार निर्माण कार्य गत आवबाट सुरु गरी ३ वर्षभित्रमा ८७ ओटा विद्यालय निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ।

## ३. आयोजनाका मुख्य समस्याहरू

(क) निर्माण व्यवसायीको ढिलासुस्ती तोकिएको समय र लागतमा विद्यालय पुनर्निर्माण कार्यक्रम सम्पन्न गर्न समस्या रहेको
(ख) भौगोलिक रूपले विकट स्थानमा सडक सुविधा नपुगेकाले पुनर्निर्माणको काम गर्न कठिनाइ रहेको

(ग) २०७२ को भूकम्पबाट क्षति पुर्याएका विद्यालय पुनर्निर्माणका जिल्लास्थित आयोजना कार्यालय स्थापना गरी विद्यालय व्यवस्थापन समितिमार्फत हुने पुनर्निर्माणका लागि जिम्मेवार बनाइएकामा हाल सोअनुसारको कार्यालय स्थापना हुन नसकेको

(घ) निर्मित संरचनाहरूको नियमित मर्मतसम्भार र दिगो व्यवस्थापनमा नियमित स्रोतको व्यवस्था हुन नसकेको

(ङ) विद्यालय पुनर्निर्माणमा आवश्यक पर्ने बजेट स्रोत जुट्न नसकेको

(च) विभिन्न निकायबाट शैक्षिक पूर्वाधार विकासमा कार्यक्रम तथा बजेट निकासा हुँदा कार्यक्रममा दोहोरोपना र प्रभावकारी समन्वय हुन नसकेको

(छ) लामो समयसम्म स्थायी सङ्गठन संरचना स्वीकृत नभएको

### ४. केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा)को भावी कार्यदिशा

(क) विद्यालय, प्राविधिक शिक्षालय, उच्च शिक्षा प्रदायक शिक्षण संस्था (विश्वविद्यालय, क्याम्पस तथा मेडिकल कलेज) को भौतिक पूर्वाधार विकास गर्न आयोजनालाई केन्द्रीय निकायको रूपमा विकास गर्नुपर्ने

(ख) विशिष्ट, ऐतिहासिक, जटिल खालको भौतिक पूर्वाधारको नक्सा, ड्रइङ, डिजाइन तयार गर्ने

(ग) बृहत् विद्यालयको अवधारणका साथ विद्यालयमा आवश्यक भौतिक पूर्वाधार विकास गर्ने

(घ) सङ्घीय तहमा हाल विभिन्न निकाय (राष्ट्रिय योजना आयोग, शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, शिक्षा तथा मानव स्रोत विकास केन्द्र,CTEVT ) बाट वितरण भइरहेको विद्यालयको भौतिक पूर्वाधार विकास कार्यक्रमलाई एकद्वार पद्धतिबाट वितरणको सुनिश्चितता गर्ने

(ङ) राष्ट्रिय भवन संहिता अनुरूप शैक्षिक संस्थाहरूको भौतिक संरचना निर्माण गर्ने

## नेपाल राष्ट्रिय पुस्तकालय

### १. परिचय

राष्ट्रिय पुस्तकालय नेपाल सरकारको केन्द्रीय स्तरको पुस्तकालय हो। यो पुस्तकालय शिक्षा तथा खेलकुद मन्त्रालयको मातहतमा रही सञ्चालनमा रहेको छ। तत्कालीन राजगुरु स्वर्गीय श्री हेमराज पाण्डेको निजी सङ्ग्रह खरिद गरेर सिंहदरवार स्थित केन्द्रीय सचिवालय पुस्तकालयमा रहेका मौजुदा पुस्तकहरूसमेत मिलाएर नेपाल सरकारले वि सं. २०१३ साल पुस १९ (तदनुसार २ जनवरी १९५७ ) गते सिंहदरवार परिसरको सिक्री ढोकामा नेपाल राष्ट्रिय पुस्तकालयको विधिवत स्थापना गरेको थियो। वि सं. २०१८ सालतिर यस पुस्तकालयललाई सिंहदरवारबाट हरिहर भवन स्थित शङ्कर भवनको पहिलो तल्लाको दक्षिणी भागमा स्थानान्तरण गरियो। मिति २०७२ साल बैशाख १२ गते गएको भूकम्प र त्यसपछि पटकपटक आएका पराकम्पका कारण हरिहरभवन क्षतिग्रस्त भएको हुँदा वि.सं. २०७८ सालदेखि सानोठिमीस्थित अस्थायी भवनबाट पुस्तकालय सञ्चालन भइरहेको छ।

नेपालबाट प्रकाशित सम्पूर्ण पाठ्यसामग्री एवम् विदेशबाट प्रकाशित नेपालसँग सम्बन्धित सामग्रीको सङ्कलन गरी देशभरका सम्पूर्ण जनतालाई पुस्तकालय सुविधा उपलब्ध गराउने प्रमुख उद्देश्यले स्थापित यो पुस्तकालयमा नेपाली, अङ्ग्रेजी, संस्कृत,

हिन्दीलगायत भाषाका एक लाख पचास हजारभन्दा बढी पुस्तक तथा पत्रपत्रिकाको सङ्ग्रह रहेको छ। दर्शन, धर्म, राजनीति शास्त्र, कानुन, साहित्यलगायतका विविध विषयका सामग्रीको सङ्कलन रहेको यो पुस्तकालयमा संस्कृत भाषामा प्रकाशित सामग्रीहरू उल्लेख्य सङ्ख्यामा रहेका छन्। पाठ्यसामग्रीलाई वैज्ञानिक रूपमा वर्गीकरण गरी अनलाइनमार्फत नै क्याटलग हेर्ने व्यस्था गरिएको छ। अनलाइन क्याटलग (Online Public Access Catalogue-OPAC) पुस्तकालयको वेबसाइट www.nnl.gov.np मा उपलब्ध रहेको छ। यसका अतिरिक्त पुस्तकालयको Mobile app मार्फतसमेत पुस्तकालयमा भएका सामग्रीको बारेमा जानकारी लिन सकिन्छ। पुस्तकालयमा उपलब्ध भएका पुराना पाठ्यसामग्री तथा प्रतिलिपि अधिकार नरहेका सामग्री समावेश गरी विद्युतीय पुस्तकालयसमेत सञ्चालन गरिएको छ। यस्ता सामग्रीहरू पाठकले अनलाइनमार्फत नै हेर्न, पढ्न र आवश्यक भएमा डाउनलोड गर्नसमेत सक्ने व्यवस्था छ। यो सुविधासमेत पुस्तकालयको वेबसाइटको Homepage मा दिइएको ई-पुस्तकालय नामक लिङ्कमार्फत प्राप्त गर्न सकिने छ।

यस पुस्तकालयले हाल पाठकलाई सरकारी कार्यालय समयमा पुस्तकालयभित्र अध्ययन सुविधा उपलब्ध गराउनुका साथै बाल पुस्तकालय सेवासमेत प्रदान गर्दै आएको छ। यसका अतिरिक्त नेपालबाट प्रकाशित विभिन्न पत्रपत्रिकाका लागि अन्तर्राष्ट्रिय मानक नम्बर (International Standard Serial Number) निशुल्क रूपमा प्रदान गर्दै आएको छ।

नेपालको संविधान जारी भएपछि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।०३।०३ को निर्णयअनुसार यस पुस्तकालयको सङ्गठन संरचना र दरवन्दि तेरिज स्वीकृत भएको छ, जसअनुसार पुस्तकालयमा १५ जना कर्मचारी र तीनओटा शाखा कायम भएका छन्।

## २. नेपाल राष्ट्रिय पुस्तकालयको कार्य

(क) नेपालबाट प्रकाशित सम्पूर्ण पाठ्यसामग्री एवम् विदेशबाट प्रकाशित नेपालसँग सम्बन्धित सम्पूर्ण पाठ्यसामग्री सङ्कलन, संवर्धन र संरक्षण गर्ने

(ख) देशभित्रबाट प्रकाशित सम्पूर्ण सामग्रीको विवरण समावेश गरी नियमित रूपमा राष्ट्रिय वाङ्मय सूची (National Bibliography) तयार गरी प्रकाशन तथा वितरण गर्ने

(ग) देशका सम्पूर्ण जनतालाई पुस्तकालय सेवा प्रदान गर्ने

(घ) विद्युतीय पुस्तकालयको स्थापना र सञ्चालन गरी विद्युतीय माध्यमबाट पाठकलाई सेवा उपलब्ध गराउने

(ङ) देशभित्र रहेका सम्पूर्ण पुस्तकालय, प्रलेख केन्द्र तथा सूचना केन्द्रको विकासका लागि आवश्यक प्राविधिक सर सल्लाह एवम् नेतृत्व प्रदान गर्ने

(च) देशभरका पुस्तकालयको स्थापना, सञ्चालन र विकासको निम्ति आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तकालयसँग सम्बन्ध कायम गरी विदेशी प्रकाशन प्राप्त हुने व्यवस्था मिलाउने

(ज) पुस्तकालय एवम् सूचना केन्द्रहरूको विकासको निम्ति तालिम, गोष्ठी सभासम्मेलनको आयोजना गरी पुस्तकालयसम्बन्धी गतिविधिहरूको जानकारी तथा प्रबोधीकरण गर्ने

(झ) बाल साहित्य सङ्कलन तथा प्रकाशन र ब्रेल साहित्य आदि सङ्कलन गरी बालबालिका, बन्दी तथा अपाङ्गता भएका पाठक वर्गलाई समेत सेवा पुर्‍याउने

(ञ) बहुमूल्य ऐतिहासिक कृतिहरूको संरक्षण एवम् संवर्धन गर्ने

(ट) राष्ट्रिय सङ्घीय सूची (National Union Catalogue) एवम् Union List of Periodicals तयार गरी वितरण गर्ने

(ठ) विभिन्न प्रकाशन तथा सूचनाहरूको विश्वव्यापी उपलब्धता सेवा (Universal Availability of Publication and Information Service) प्रदान गर्ने

(ङ) अन्तर पुस्तकालय सहकारिता सञ्चालन गर्ने
(ढ) International Federation of Library Associations and Institutions, Conference of Directors of National Libraries जस्ता पुस्तकालयसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्बन्ध कायम राख्ने
(ण) राष्ट्रिय संस्कृति झल्किने श्रव्यदृश्य सामग्रीहरू सङ्कलन गरी राख्ने
(त) अप्राप्य, दुर्लभ पुस्तक तथा पत्रपत्रिकाहरू एक भाषाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषामा अनुवाद गरी सेवा पुर्‍याउने
(थ) देशभित्र स्थापना भएका पुस्तकालयहरूको विवरण अद्यावधिक गरी राख्ने
(द) नेपालबाट प्रकाशित पत्रपत्रिका तथा जर्नलहरूलाई International Standard Serial Number प्रदान गर्ने

## ३. नेपाल राष्ट्रिय पुस्तकालयको उपलब्धि

(क) करिब ४० हजार जना पाठकलाई भौतिक रूपमा सेवा प्रदान गरिएको
(ख) करिब ११ हजार थप पाठ्यसामग्री (पुस्तक एवम् पत्रिका) को रेकर्ड पुस्तकालयको सफ्टवेयरमा राखी अनलाइनबाट खोज्न मिल्ने बनाइएको र हालसम्म ८२००० पाठ्यसामग्रीको रेकर्ड अनलाइनमा रहेको
(ग) पुराना एवम् दुर्लभ २२५ थान पाठ्यसामग्रीका ४७३०० पाना विद्युतीकरण गरी त्यस्ता सामग्रीको संरक्षण गरिएको
(घ) ५७४ थान पत्रे किताबमा नयाँ कपडाको थैलो लगाएर ती सामग्रीको संरक्षण गरिएको
(ङ) पुस्तकालयको अर्धवार्षिक बुलेटिन संयुक्त रूपमा १ ओटा प्रकाशन गरिएको
(च) नवनिर्मित कक्षबाट बाल पुस्तकालयको सेवा सुचारू गरिएको
(छ) पुस्तकालयको अफलाइन E-library मा करिब ५०० विद्युतीय सामग्री थप गरिएको
(ज) चालु आर्थिक वर्षमा सम्पन्न भएका कार्यहरू
(झ) बागलुङ र तनहुँ जिल्लाका शैक्षिक तथा सार्वजनिक पुस्तकालयका प्रतिनिधि र अन्य सरोकारवालाको उपस्थितिमा पुस्तकालयसम्बन्धी एक एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको
(ञ) RFID सुरक्षा गेट खरिद गरी पुस्तकालयको मुख्य द्वारमा जडान गरिएको तथा सो गेटसँग सम्बन्ध भएको सेक्युरिटी ट्याग ५००० पुस्तकमा टाँस गरिएको
(ट) ९७१ थान पुस्तक खरिद गरिएको
(ठ) पुस्तकालयमा भौतिक रूपमा उपस्थित भएका २३ हजार १३८ जना पाठकलाई सेवा प्रदान गरिएको

## ४. नेपाल राष्ट्रिय पुस्तकालयको समस्या

यस पुस्तकालयले नेपाल राष्ट्रको पुस्तकालयको रूपमा काम गर्नु पर्नेमा विविध समस्याले गर्दा सो कार्य प्रभावकारी रूपमा हुन सकेको छैन। पुस्तकालयका हालका प्रमुख समस्या देहायबमोजिम रहेका छन् :

(क) जनशक्ति तथा आर्थिक स्रोतको कमी  तथा पुस्तकालयको आफ्नै स्थायी भवनको अभाव
(ख) नेपालभरबाट प्रकाशित सामग्री सङ्कलन गर्नका लागि कानुनी सञ्चय ऐनको अभाव
(ग) प्रतिलिपि अधिकारयुक्त सामग्री अनलाइन विद्युतीय पुस्तकालयमा समावेश गर्नमा समस्या

## ५. नेपाल राष्ट्रिय पुस्तकालयको भावी कार्यदिशा

(क) पुस्तकालयका लागि सुविधा सम्पन्न भवन निर्माण गर्ने
(ख) सम्पूर्ण पाठ्यसामग्रीको विवरण पुस्तकालयको अनलाइन सफ्टवेयरमा राख्ने
(ग) विद्युतीय पुस्तकालयमा सामग्री थप गरी अनलाइनमार्फत धेरै पाठकलाई सेवा प्रदान गर्ने

# केशर पुस्तकालय

## १. परिचय

नेपालमा सरकारी स्तरमा सर्वप्रथम वि.सं. १८६९ साल भदौ १५ गते "चित्ताई तहविल" नामक पुस्तकालयको स्थापना गर्न औपचारिक रूपमा राजा गीर्वाणयुद्ध विक्रम शाहको शासनकालमा लालमोहर जारी भई पुस्तकालय स्थापना भएको थियो। दरबार स्कुलको स्थापना भएपछि यसै पुस्तकालयलाई विद्यालय पुस्तकालयका रूपमा परिणत गरिएको पाइन्छ। पछि बेग्लै पुस्तकालयको आवश्यकता बोध गरेर राणा प्रधानमन्त्री वीर शमशेरको शासनकाल वि.सं. १९५७ सालमा घण्टाघरमा उनकै नाममा सरकारी स्तरमा वीर पुस्तकालयको स्थापना भयो। घण्टाघरमा स्थापना भएकाले यो पुस्तकालयलाई "घण्टाघर लाइब्रेरी" पनि भन्न थालियो।

राणा शासन कालमा निजी स्तरमा समेत केही पुस्तकालयहरू खुलेका थिए। विशेषतः निजी स्तरबाट पुस्तकालय तयार गर्नेहरूमा नायव वडा गुरुज्यू हेमराज पाण्डे, सरदार राममणि आदि देखिएका छन् भने चन्द्र शमशेरका छोरा केशर शमशेरको नाम अग्र पङ्क्तिमा आउछ। केशर पुस्तकालय नेपालको एक महत्त्वपूर्ण ऐतिहासिक एवम् पूरातात्त्विक पुस्तकालय हो। यो पुस्तकालय सन्दर्भ पुस्तकालय (Reference Library) को रूपमा परिचित छ। यो पुस्तकालय हाल शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत सञ्चालित छ।

केशर शमशेर सन् १९०८ मा पिता चन्द्रशमशेरसँग बेलायत भ्रमणमा गएका थिए। बेलायतमा रहँदा त्यहाँको व्यवस्थित राष्ट्रिय पुस्तकालय, सङ्ग्रहालय तथा अभिलेखालय प्रणालीबाट असाध्यै प्रभावित भएर बेलायतमा रहँदा नै नेपालमा फर्केर केशर पुस्तकालय, सङ्ग्रहालय तथा अभिलेखालयको स्थापना गर्ने कुरा सोचेर बेलायतलगायत संसारका विभिन्न मुलुकबाट प्रकाशित पुस्तक, पत्रपत्रिका, प्रेश, क्लिप, जस्ता सामग्री आफ्नो पुस्तकालयमा पठाउने व्यवस्था मिलाएर काठमाडौँ फर्किएका थिए।

वि.सं. १९६५ देखि पुस्तक सङ्कलन कार्यमा निरन्तरता दिइएको यो निजी पुस्तकालय तथा सङ्ग्रहालयमा उनका पाहुना तथा देश विदेशका खास पदाधिकारीले मात्र त्यहाँ प्रवेश गर्न अनुमति पाउँथे। वि.सं. २०२१ साल जेठ १७ गते भारतका प्रधानमन्त्री जवहारलाल नेहरूको निधन भएको थाहा पाएर नेपालस्थित भारतीय राजदूतावासमा समवेदना दिएर केशरमहल फर्किएर नेहरूको जीवनी पढ्दा पढ्दै अचेत भएका केशरको सात दिनपछि (वि.सं. २०२१ साल जेठ २४ गते) उनको स्वर्गारोहण भयो। उनले देहान्त हुनुअघि आफूले लामो समयसम्म श्रम र साधन लगाएर सङ्कलन गरेको बौद्धिक तथा ऐतिहासिक रूपको पुस्तकालय सार्वजनिक सम्पत्तिको रूपमा जाओस् र ज्ञान पिपासु सबैले यसबाट लाभ लिन सकून् भन्ने इच्छा परिवारका सदस्यहरूबिच राखेका थिए। सोहीअनुसार उनका उत्तराधिकारीबाट वि.सं.२०२४ सालमा यो पुस्तकालय उहाँकी श्रीमती कृष्णचन्द्रदेवी राणा तथा छोराहरूले यो पुस्तकालय, केशरमहल, स्वप्न बगैँचालगायत यस केशरमहल परिसरको जग्गासमेत

गरी जम्मा ३४-१-२ क्षेत्रफल भएको जागा र सो जग्गाले चर्चेका लिगलिगा पातसमेत केशर पुस्तकालयको नाममा तत्कालीन जग्गा श्री ५ को सरकारलाई हस्तान्तरण गरेका थिए। केशर शमशेरको निजी पुस्तकालयको रूपमा सञ्चालित यो पुस्तकालय सरकारको स्वामित्वमा आएपछि वि.सं. २०२६ साल साउन १ गतेदेखि सर्वसाधारण जनताका लागि खुला गरिएको थियो। नेपाल सरकारले सञ्चालन गर्न थालेपछि दाता श्री केशर शमशेरको नामबाटै पुस्तकालयको नामाकरण गरी केशरमहलमा यथावत् कायम राखी पुस्तकालय सञ्चालन हुँदै आएको छ।

वि.सं. २०७२ वैशाख १२ गतेको विनासकारी भूकम्पपछिको अस्थायी टहरा निर्माण गरेर हालसम्म पनि आंशिक रूपमा सेवा प्रदान गरिँदै आएको छ। वि.सं.२०७४ सालपछिको परिवर्तित सन्दर्भ तथा भूकम्पपछि प्रबलीकरण भइसकेपछिको सन्दर्भमा केशर पुस्तकालयको भूमिकालाई प्रभावकारी रूपमा कार्यान्वयन तथा सञ्चालन गर्नका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी संरचना र दरबन्दी पुनरावलोकन गर्नुपर्ने देखिएको छ। पुस्तकालयको साजसज्जा, सङ्कलन र बनावट हेर्दा यो पुस्तकालय मात्र नभएर सङ्ग्राहलयको रूपमा रहेको छ। यहाँ भएका सङ्कलनहरू भाषागत रूपमा अङ्ग्रेजी विषयको प्रधानता रहेको यस पुस्तकालयमा दुलर्भ पुस्तकहरूको साथै महत्त्वपूर्ण हस्तलिखित ग्रन्थ तथा ट्याक्सिडर्मी गरिएका बाघ, भालु, हरिण, अर्ना, गैँडा आदि जनावरको टाउको, छाला, सिङ्गै बाघको डर्मीका साथै कलात्मक मूर्तिहरू भव्य महल तथा सुन्दर स्वप्न बगैँचा रहेको छ।

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५ असार ३ गतेको निर्णयअनुसार केशर पुस्तकालयको सङ्गठन संरचनाअनुसार १५ जना कर्मचारी कार्यरत रहेको अवस्था छ।

### २. केशर पुस्तकालयको कार्यविवरण

(क) सङ्कलित एवम् उपलब्ध पुस्तकहरूको संरक्षण एवम् संवर्धन गर्ने, गराउने
(ख) दैनिक, साप्ताहिक तथा मासिक पत्रपत्रिका सङ्ग्रहित तथा व्यवस्थित गरी पाठक सेवा उपलब्ध गराउने
(ग) सर्वसाधारण पाठकका लागि प्रभावकारी पुस्तकालय सेवा प्रदान गर्ने
(घ) स्वीकृत नीति, नियम अनुकूल र यसको समग्र विकाससम्बन्धी काम गर्न प्रयास गर्ने
(ङ) मुलुकमा विद्यमान सार्वजनिक एवम् अन्य पुस्तकालयहरूसँग सम्बन्ध एवम् समन्वय कायम गर्ने
(च) केशर पुस्तकालयमा भएका पठन सामग्रीलाई सूचना तथा सञ्चार प्रविधिले ल्याएका अवसरको उपयोग गर्दै आधुनिक एवम् युग सुहाँउदो विद्युतीय पुस्तकालयको रूपमा क्रमशः परिणत गर्दै जाने
(छ) सम्भवभएसम्म संसारको जुनसुकै ठाउँबाट प्रकाशित नेपालसम्बन्धी पुस्तक, पत्रपत्रिका, प्रलेख, प्रतिवेदन सङ्कलन, संवर्धन र संरक्षण गरी वर्तमान र भावी सन्ततिका निमित्त सूचना तथा जानकारी एकै ठाउँबाट उपलब्ध गराउने
(ज) मूलुकभित्रका सम्पूर्ण सरकारी तथा गैर सरकारी पुस्तकालय, प्रलेख केन्द्र तथा सूचना केन्द्रहरूको अनुगमन एवम मूल्याङ्कन गर्ने, निर्देशन दिने तथा उनीहरूको विकासका लागि प्राविधिक सरसल्लाह एवम् नेतृत्व प्रदान गर्ने
(झ) पुस्तकालय एवम् सूचना केन्द्रहरूको विकासको निम्ति तालिम, गोष्ठी, सभा, सम्मेलनको आयोजना गरी पुस्तकालयसम्बन्धी गतिविधिहरूको जानकारी तथा प्रबोधीकरण गर्ने
(ञ) बाल साहित्य, ब्रेल साहित्यलगायतका विविध सामग्री सङ्कलन एवम् गरी बालबालिका, बन्दी एवम् विशेष क्षमता भएका पाठक वर्गलाई सेवा पुर्‍याउने
(ट) बहुमूल्य ऐतिहासिक कृतिहरूको संरक्षण एवम् संवर्धन गर्ने

(ठ) पुस्तकालयमा भएका पुस्तकहरूको वाङ्मय सूची तयार गरी युनियन क्याटलग तयार गर्न सहयोग गर्ने

(ड) स्वदेशी तथा विदेशी पुस्तकालय एवम् सङ्घसंस्थाहरूसँग सम्वन्ध कायम गरी विदेशी साहित्यहरू प्राप्त हुने व्यवस्था मिलाउने

(ढ) ज्ञानविज्ञानका सामग्रीहरूको आदानप्रदान गर्नको निमित्त अन्तर पुस्तकालय सहकारिता सञ्चालन गर्ने

(ण) व्यक्तिबाट प्राप्त भएका पुस्तकहरू सम्बन्धित व्यक्तिकै नाममा स्पष्ट उल्लेख गरी स्रोत शाखा बनाई संरक्षण गरी राख्ने तथा उपयुक्त पुस्तकालयलाई वितरण गर्ने व्यवस्था मिलाउने

(त) राष्ट्रिय, प्रदेशस्तरीय संस्कृति झल्किने श्रव्यदृश्य सामग्रीहरू सङ्कलन गरी राख्ने

### ३. केशर पुस्तकालयको उपलब्धि

वि.सं. २०७२ सालको भूकम्पपछि जीर्ण भएको केशर महल परिसरको प्रबलीकरण सम्पन्न भएको छ। स्वप्न बगैँचा विकास समितिको आर्थिक सहयोगमा स्वर्गीय केशर शमशेरको जीवनकालमै प्रयोग भएका करिब १०० वर्ष पुराना पुस्तक राख्ने करिब ५० ओटा काठका फोल्डिङ दराजहरू मर्मत गरी २०७२ सालको भूकम्प अगाडि जस्तै अवस्थामा फर्काइएको छ। यस पुस्तकालयमा रहेको करिब ११४५ वर्ष पुरानो हस्तलिखित ग्रन्थ सुश्रुत संहिता (सहोत्तर त्रन्त्र पनि भनिने) लाई संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले सन् २०१३ मा संसारका सम्झनाहरूमा सूचीकृत गरेको छ। यो पुस्तकालयका लागि मात्र नभएर देशकै गौरवको कुरा हो। पुस्तकालयमा भएका सबै हस्तलिखित ग्रन्थ र केही महत्त्वपूर्ण पुस्तकहरूको डिजिटाइज गर्ने प्रारम्भिक काम सम्पन्न भएको छ। करिब ७०० थानको सङ्ख्यामा रहेका यस्ता ग्रन्थहरू विभिन्न भाषा तथा लिपिमा लेखिएका छन्। यी ग्रन्थहरूमा आयुर्वेद, योगा, पूराण, संस्कृत भाषा, साहित्य, ज्योतिष जस्ता विषय समेटिएका छन्। यसबाहेक पुस्तकालयमा विभिन्न जनावरका ट्याक्सीडर्मी, हस्तकला, चित्रकला, पोट्रटहरू रहेका छन्।

पुस्तकालयमा भएका ऐतिहासिक महत्त्वका पुस्तक, हस्तलिखित ग्रन्थलगायतका सामग्रीको उचित संरक्षण तथा संवर्धनसहित पुस्तकालयलाई पूरानै अवस्था र शैलीमा व्यवस्थित गर्ने योजना रहेको छ। पुस्तकालयको सेवा समय तथा अध्ययन कक्षको विस्तारपछि पाठकको सङ्ख्या गत आ.व. भन्दा करिब ३ गुणाले वृद्धि भएको छ। पाठकको मागलाई ध्यानमा राखेर करिब ५०० जनाले एकैपटक प्रयोग गर्न सक्ने गरी इन्टरनेटको क्षमता विस्तार गरिएको छ। हाल दैनिक ३०० जनादेखि ४५० जनासम्म पाठकले पुस्तकालयको उपयोग गर्ने गरेको तथ्याङ्क रहेको छ। पुस्तकालयमा भएका अधिकांश पुस्तकलगायतका पठन सामग्रीहरू डाटावेसको माध्यमबाट पाठकले जुनसुकै समयमा हेर्न वा खोज्न सक्ने व्यवस्था मिलाइएको छ।

### ४. केशर पुस्तकालयको समस्या

पुस्तकालय भवनको प्रबलीकरण भएपछि पुस्तकालयका लागि प्राप्त स्थानमा फ्लोरिङ, फर्निसिङ तथा पुराना पेन्टिङ, मूर्ति, विभिन्न जनावरका ट्याक्सीडर्मीलाई व्यवस्थित गरेर राख्नुपर्ने चुनौती छ। साथै हाल रहेको पुस्तकालयको दरबन्दीबाट मात्रै प्रभावकारी सेवा प्रवाह गर्न कठिन देखिन्छ। यसका लागि पुस्तकालयको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यकताका आधारमा नयाँ दरबन्दी सिर्जना गर्नुपर्ने देखिएको छ। पुस्तकालयका लागि प्राप्त हुने वार्षिक बजेटको सिलिङ गत आ.व.माभन्दा घटेर आएका कारण कार्यसम्पादनमा चुनौती थपिएको छ। वृद्धि भएका पाठकको सङ्ख्याअनुसारको फर्निचर र सेवा प्रदान गर्न सकिएको छैन। पुस्तकालयमा प्रयोग भइरहेका कम्प्युटर, प्रिन्टरलगायतका सामग्रीहरू अद्यावधिक गर्न सकिएको छैन।

## ५. केशर पुस्तकालयको भावी कार्यदिशा

(क) केशर पुस्तकालय परिसरलाई पुस्तकालय ग्रामको रूपमा विकास गरी विदेशी विशिष्ट पाहुना नेपाल आउँदा एकपटक पुग्नैपर्ने स्थानका रूपमा केशर पुस्तकालयलाई विकास गर्ने

(ख) प्रबलीकरण भएको भवनबाट दैनिक कम्तीमा पनि ५०० जना पाठकलाई पुस्तकालय सेवा प्रदान गर्ने

(ग) पुस्तकालयको ऐतिहासिकतालाई अक्षुण्ण राख्दै आधुनिक विद्युतीय पुस्तकालयमा परिणत गरी संसारभरबाट पहुँच प्राप्त गर्न सक्ने गरी व्यवस्थित गरेर राख्ने

# डिल्लीरमण कल्याणी पुस्तकालय

## १. परिचय

बुद्ध र गान्धीका अनुयायी शान्तिकामी विद्वान डा. डिल्लीरमण रेग्मी वरिष्ठ राजनितिज्ञ एवम् इतिहासकारका रूपमा नेपालमा मात्र होइन, अन्तर्राष्ट्रिय स्तरमा नै सुपरिचित व्यक्ति हुनुहुन्थ्यो। उहाँले आफ्नो अध्ययन र अनुसन्धानका लागि धेरै पुस्तक, पत्रपत्रिका सङ्कलन गर्नुका साथै पूरातात्त्विक वस्तुहरूको समेत सङ्कलन गर्नुभएको थियो। यिनै सङ्कलित वस्तुहरूलाई डा. रेग्मीले वि.स.२०३७ सालमा आफ्नो निजी पुस्तकालय, सङ्ग्रहालय र भवनहरू नेपाली जनतालाई अध्ययन, अनुसन्धान गर्न पाउने गरी नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयलाई शेषपछिको बकसपत्र गरिदिनुभएको थियो। उहाँकै इच्छाअनुसार डा. रेग्मीको देहावसानपछि नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा "डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति" गठन (आदेश), २०६० जारी गरी सञ्चालन र व्यवस्थापनका लागि ७ सदस्यीय समितिको व्यवस्था गरिएको छ। डा. रेग्मीको ९१ औँ जन्मदिन वि.सं. २०६१ साल पौष ३ गतेदेखि यो पुस्तकालय सर्वसाधारणका लागि खुल्ला गरिएको छ। हाल यस पुस्तकालयमा ४३ हजारभन्दा बढी पुस्तक तथा पत्रपत्रिका, जर्नलहरू छन्। हाल यो पुस्तकालय लाजिम्पाट, काठमाडौँमा रहेको छ।

डा. डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय सञ्चालन र व्यवस्थापन समितिमा मन्त्रिस्तरीय निर्णयबाट एकजना अध्यक्ष र २ जना सदस्य मनोनीत, अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय र पुरातत्त्व विभागको प्रतिनिधि सदस्य रहने गरी ७ सदस्यीय समितिको व्यवस्था रहेको छ। पुस्तकालयको दैनिक कार्य सञ्चालन गर्न पुस्तकालय प्रमुखको व्यवस्था गरेको छ। पुस्तकालय प्रमुखले विकास समितिको सदस्यसचिवको कार्य गर्छ।

## २. डिल्लीरमण कल्याणी पुस्तकालयको उपलब्धि

(क) पुस्तकालयले अध्ययन, अनुसन्धान र शान्ति प्रवर्धनको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ।

(ख) हाल यस पुस्तकालयमा इतिहास, राजनीति, दर्शन, विज्ञान, साहित्यलगायतका विभिन्न विषयका ४३ हजारभन्दा बढी पुस्तक, पत्रपत्रिका र जर्नलहरू सङ्ग्रहित छन्।

(ग) पाठकहरूका लागि पुस्तकालयमै बसेर अध्ययन, अनुसन्धान गर्नुका साथै निःशुल्क इन्टरनेट र वाइफाई सुविधा उपलब्ध गराइएको छ।

(घ) प्रत्येक वर्ष करिब ६ देखि ७ हजार पाठकहरूले यस पुस्तकालयबाट प्रत्यक्ष सेवा लिँदै आएका छन्।

(ङ) शान्ति र अहिंसाको क्षेत्रमा योगदान पुर्याउने स्वदेशी तथा विदेशी व्यक्तित्वहरूलाई प्रत्येक दुई वर्षमा "डा. डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार" प्रदान गरिँदै आएको छ।

- राष्ट्रिय स्तरमा शहीद रामहरि शर्मा, सत्यमोहन जोशी, राष्ट्रिय आविष्कार केन्द्रदेखि वरिष्ठ पत्रकार भैरव रिसाल (२०८०) सम्म पुरस्कृत भइसकेका छन्।
- अन्तर्राष्ट्रिय स्तरमा नेल्सन मण्डेला, महात्मा गान्धी, जिम्मी कार्टर र जाइका (JICA) जस्ता प्रतिष्ठित व्यक्तित्व तथा संस्थाहरू सम्मानित भएका छन्।

(च) प्रत्येक वर्ष "योङ स्कलर अवार्ड" प्रदान गर्नुका साथै समसामयिक विषयमा गोष्ठी, कार्यशाला र अन्तरक्रिया कार्यक्रमहरू आयोजना गरी बौद्धिक विकासमा टेवा पुर्याइएको छ।

**३. डिल्लीरमण कल्याणी पुस्तकालयको समस्या**

(क) पुस्तकालयको हालको भवन निकै पुरानो र भूकम्पका कारण धेरै ठाउँमा चर्किएर जीर्ण अवस्थामा छ। जसले गर्दा बहुमूल्य पुस्तकहरू, सङ्ग्रहालय तथा पुस्तकालयका कर्मचारीहरूको व्यवस्थापन र सुरक्षामा कठिनाइ भएको छ।

(ख) पुस्तकालयविरुद्ध परेका विभिन्न मुद्दाहरू सर्वोच्च अदालत र जिल्ला अदालत काठमाडौँमा विचाराधीन रहेकाले व्यवस्थापकीय कार्यमा अन्योलता सिर्जना भएको छ।

(ग) आधुनिक पुस्तकालयका लागि आवश्यक पर्ने पर्याप्त उपकरण, फर्निचर र प्रविधिको अझै अभाव देखिन्छ।

(घ) पुस्तकालयलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन समयसापेक्ष स्पष्ट नीति र निर्देशिकाहरूको थप आवश्यकता महसुस गरिएको छ।

**४. डिल्लीरमण कल्याणी पुस्तकालयको भावी कार्यदिशा**

(क) पुरानो र असुरक्षित भवनको सट्टामा भूकम्प प्रतिरोधात्मक एवम् अपाङ्गमैत्री नयाँ भवन निर्माणका लागि गुरुयोजना (Master Plan) तयार भई सकेको हुँदा कार्यान्वयनमा लैजाने

(ख) पुस्तकालयलाई पूर्ण रूपमा स्रोतसाधन सम्पन्न र आधुनिक सूचना प्रविधिमैत्री केन्द्रको रूपमा विकास गर्ने

(ग) स्वदेशी तथा विदेशी पुस्तकालयहरूसँग सम्बन्ध स्थापित गरी सूचना र स्रोतको आदानप्रदानलाई तीव्रता दिने

(घ) इतिहास, राजनीतिशास्त्र र दर्शनशास्त्रको अध्ययन र अनुसन्धानका लागि यसलाई एक विशिष्ट "शान्ति केन्द्र" (Peace Center) को रूपमा स्थापित गर्ने

(ङ) डा. रेग्मीका जीवन दर्शन र पुस्तकालयका गतिविधि समेटिएका स्मारिकाहरू र अनुसन्धानमूलक कृतिहरूको प्रकाशनलाई निरन्तरता दिने

## युनेस्कोका निमित्त नेपाल आयोगको सचिवालय

**१. परिचय**

दोस्रो विश्व युद्धपश्चात् विश्वलाई आपसी शान्ति, मैत्री र विकासको माध्यमबाट समुन्नत गर्ने अभिप्रायले स्थापित संयुक्त राष्ट्र

सङ्घको बहुआयामिक पहलमध्ये विश्व शान्तिमा शिक्षा, विज्ञान, संस्कृति, सञ्चार र सामाजिक तथा मानवीय क्षेत्रमा अनुसन्धान, सशक्तीकरण र विकास गर्ने उद्देश्यसहित स्थापित युनेस्को (UNESCO–United Nations Educational, Scientific and Cultural Organization) संयुक्त राष्ट्र सङ्घको एउटा विशिष्टीकृत सङ्गठन हो। यसको स्थापना सन् १९४५ नोभेम्बर १६ मा भएको हो। सुरुमा यस सङ्गठनका सदस्य राष्ट्रहरू ३७ ओटा थिए भने हाल यसका सदस्य राष्ट्रहरू १९५ पुगेका छन्। यसको प्रधान कार्यालय फ्रान्सको पेरिसमा रहेको छ। यसका क्षेत्रीय कार्यालय तथा स्थलगत कार्यालयहरू विभिन्न देशहरूमा रहेका छन्। सन् १९५३ मा नेपालले युनेस्कोको सदस्यता लिएको हो। नेपालले सन् १९५४ देखि युनेस्कोका निमित्त अन्तरिम आयोगको रूपमा काम गर्न सुरु गरेको थियो। सोही अन्तरिम आयोग २०२० साल देखि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगमा परिणत भएको पाइन्छ। युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको एउटा छुट्टै सचिवालय शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत रहेको छ। युनेस्कोका प्रत्येक सदस्य राष्ट्रले आफ्नो देशमा राष्ट्रिय आयोग गठन गरी सोही आयोगमार्फत सरकार र युनेस्कोबिच सञ्चार तथा समन्वय गर्ने गराउने, युनेस्कोबाट सदस्य राष्ट्रले प्राप्त गर्ने सहयोगमा अभिवृद्धि गर्ने गराउने कार्यका साथै युनेस्को सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्ने गर्छन्। नेपाल पनि उक्त सङ्गठनको सदस्य राष्ट्र भएकाले उपर्युक्त कार्य गर्न युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको स्थापना भएको हो। युनेस्कोको प्रधान कार्यालयसँग समन्वय गरी युनेस्को सम्बद्ध कार्यहरूलाई सहजता प्रदान गर्न पेरिसस्थित नेपाली राजदूतावासलाई नेपाल सरकारको स्थायी प्रतिनिधिका रूपमा कार्य गर्न तोकेको छ। प्रत्येक दुई दुई वर्षमा युनेस्कोको महासभा युनेस्को प्रधान कार्यालय पेरिसमा सञ्चालन हुने व्यवस्था छ। सदस्य राष्ट्रहरूले उक्त महासभामा भाग लिने गर्छन्।

युनेस्को प्रधान कार्यालयकै साङ्गठनिक संरचना अँगालेको नेपालको राष्ट्रिय आयोगको सर्वोच्च तथा विधायिकी निकायको रूपमा आयोग, कार्यकारिणी निकायको रूपमा कार्यकारिणी समिति र प्रशासनिक निकायको रूपमा सचिवालय रहेका छन्। माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय आयोगमा शिक्षा सचिव पदेन महासचिव रहने व्यवस्था छ। नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयबाट खटाइएका निजामती कर्मचारी चार जना र आयोगको तर्फबाट व्यवस्था गरिएका सात जना कर्मचारीहरूबाट सचिवालय सञ्चालित छ। आयोग र कार्यकारिणी समितिको अध्यक्षता माननीय शिक्षा तथा खेलकुद मन्त्रीबाट हुन्छ भने सचिवालयको प्रमुख पदाधिकारीका रूपमा शिक्षा सचिवले महासचिवको कार्य सम्पादन गर्ने व्यवस्था छ। महासचिवको कार्यमा सहयोग गर्नका लागि सरकारी सेवा वा शिक्षा, विज्ञान, प्रविधि, संस्कृति, आमसञ्चार र सामाजिक विषय क्षेत्रका संस्था वा शैक्षिक संस्था वा विश्वविद्यालय वा अन्य कुनै प्रकारको सङ्गठित संस्थामा कम्तीमा पन्ध्र वर्ष अधिकृत स्तरमा रही कार्य गरेको अनुभव भएको युनेस्को सम्बद्ध जानकार व्यक्तिलाई आयोगको अध्यक्षले सचिवालयको सहायक महासचिव नियुक्त गर्ने व्यवस्था रहेको छ।

आयोगको सचिवालयले नेपाल सरकारले वार्षिक रूपमा उपलब्ध गराउने एकमुष्ट अनुदान रकमबाट विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सचिवालयले युनेस्को पेरिसको सहभागितामूलक कार्यक्रमअन्तर्गत द्वैवार्षिक रूपमा विभिन्न परियोजना सञ्चालनार्थ पेरिसबाट प्राप्त हुने सहयोग परिचालन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदनलगायतका कार्यहरू गर्दै आएको छ। सचिवालयले एएसपी नेटसम्बद्ध विद्यालय, युनेस्को क्लब तथा सङ्घसंस्थाहरूको महासङ्घ, विभिन्न गैरसरकारी संस्था, अन्य राष्ट्रका राष्ट्रिय आयोगहरू, युनेस्कोको क्षेत्रीय ब्युरो र देशीय कार्यालय, युनेस्को आबद्ध अन्तर्राष्ट्रिय र क्षेत्रीय संस्थाहरूसँग सहकार्य गरी युनेस्को सम्बद्ध विविध कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ। आयोगले

युनेस्कोको विधान तथा नेपाल सरकारको नीति निर्देशनअनुसार क्षमता विकास, पैरवी, कार्य सञ्चालन, सामाजिक परिचालन, सहजीकरण, नियमन, अनुगमन, प्रतिवेदनलगायतका कार्यहरू सञ्चालन गर्ने गर्छ। युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगअन्तर्गत देहायबमोजिमका विषय तथा विशेष समितिहरू रहेका छन्।

**विषय समितिहरू**

(क) शिक्षा समिति

(ख) विज्ञान समिति

(ग) संस्कृति समिति

(घ) आमसञ्चार समिति

(ङ) सामाजिक समिति

**विशेष समितिहरू**

(क) मानव तथा जीवमण्डल समिति

(ख) अन्तर्राष्ट्रिय जलविज्ञान समिति

२. **युनेस्को आयोगको प्रमुख कार्य**

(क) युनेस्कोका सदस्य राष्ट्रहरूको बिचमा पारस्परिक सम्बन्ध कायम गर्ने

(ख) युनेस्कोका कार्य क्षेत्रसँग सम्बन्धित शिक्षा, विज्ञान, संस्कृति, सामाजिक र आमसञ्चारका क्षेत्रहरूमा नेपाल सरकारलाई सल्लाह दिने

(ग) युनेस्कोका आदर्श र कार्यक्रमहरू मुलुकभरी प्रचारप्रसार गरी सर्वसाधारण जनताको समर्थन र सहयोग प्राप्त गर्ने

(घ) प्रत्येक दुई वर्षमा हुने युनेस्कोको महाधिवेशनमा भाग लिन जाने प्रतिनिधिमण्डललाई आवश्यक सरसल्लाह र निर्देशन दिने

(ङ) युनेस्कोद्वारा पारित प्रस्तावहरू कार्यान्वयन गर्ने गराउने

(च) युनेस्कोको उच्चतम आदर्श प्राप्तिका लागि समय समयमा सदस्य राष्ट्रहरूबिच भ्रमणको आदानप्रदानबाट अन्तर्राष्ट्रिय समझदारी र आपसी सहयोग बढाउने

(छ) युनेस्कोको आदर्श प्राप्तिका निमित्त तालिम, गोष्ठी सञ्चालन तथा प्रकाशनसम्बन्धी कार्य गर्ने

(ज) अन्तर्राष्ट्रिय समझदारी बढाउने खालका सामग्रीहरूको अन्तर्राष्ट्रिय स्तरमा आदानप्रदान आदि कार्य गर्ने गराउने

(झ) आयोगसँग सम्बद्ध युनेस्को क्लबद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरूको सुपरिवेक्षण गर्ने गराउने

(ञ) युनेस्कोका अरू सदस्य राष्ट्रहरूको आयोगसँग सम्पर्क बढाउने र सहकार्य गर्ने

(ट) आयोगको महाधिवेशन कम्तीमा वर्षको एकपटक बोलाउने

(ठ) युनेस्कोको प्राविधिक तथा आर्थिक सहयोगमा विभिन्न कार्यक्रमहरूको सञ्चालन गर्ने गराउने

(ड) युनेस्कोको उद्देश्य प्राप्तिका लागि सङ्कल्प प्रस्तावहरू पारित गर्ने

३. **युनेस्को आयोगको उपलब्धि**

(क) युनेस्को पेरिस तथा नेपालका युनेस्को सबद्ध मन्त्रालय एवम् निकायबिच सम्बन्ध सेतुको भूमिका निर्वाह गरेको

(ख) स्थानीय तहसँगको सहकार्यमा युनेस्कोका आदर्श तथा नवप्रवर्तनात्मक कार्यक्रम (कृत्रिम बुद्धिमता, आम सञ्चार तथा सूचना प्रविधि साक्षरता तथा शिक्षामा विद्युतीय सामग्रीको प्रयोग) लाई मुलुकभरि प्रचारप्रसार गरी सूसुचित गरिएको

(ग) मुलुकका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन तथा विकास र व्यवस्थापनसम्बन्धी कार्यका लागि समन्वय र सहजीकरण गरेको

(घ) विज्ञान तथा प्रविधिमा बाल प्रतिभा खोजी तथा पुरस्कृत गरी बालबालिकाको विज्ञान र प्रवधि क्षेत्रमा प्रतिभा प्रस्फुटनका लागि सहयोग गरेको

(ङ) विद्यालय परियोजना सञ्जालको माध्यमबाट शिक्षक तथा विद्यार्थीलाई नव प्रवर्धनात्मक तथा दिगो विकास (हरित विद्यालय, फोहरको दिगो व्यवस्थापन, विद्यालयमा स्थानीय सङ्ग्रहालय स्थापना) सम्बन्धी अभ्यास गराइएको। यसबाट हरित विद्यालयसम्बन्धी कार्यमा सहयोग पुर्याएको

(च) दिगो विकासको लक्ष्य नम्बर चार "सबैका लागि गुणस्तरीय र समावेशी शिक्षा तथा आजीवन सिकाइ" का लागि तयार गरिएको राष्ट्रिय कार्यढाँचा कार्यान्वयनमा सहजीकरण गरिरहेको यसबाट विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा सहयोग पुगेको

(छ) मानव मष्तिष्कमा शान्तिको बीजारोपण गर्न तथा विश्वबन्धुत्व र भाइचाराको भावना विकास गर्न नैतिक शिक्षा तथा भूमण्डलीय नागरिक शिक्षा कार्यक्रम कार्यान्वयनमा पाठ्यक्रम विकास केन्द्र तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग सहकार्य गरिरहेको

(ज) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि सचेतनामूलक कार्यक्रक सञ्चालन गरिएको लैङ्गिक रुपान्तरणकारी शिक्षण विज्ञान कार्यान्वयनमा पाठ्यक्रम विकास केन्द्र तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग सहकार्य गरिरहेको

(झ) कञ्चनजङ्घा तथा लाङटाङ क्षेत्रलाई मानव तथा जीवमण्डल क्षेत्र घोषणाका लागि अनुसन्धान गरेको

(ञ) जलविज्ञानसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरी जलविज्ञानसम्बन्धी विषयमा सरोकारवाला (प्रधानाध्यापक, शिक्षक विद्यार्थी, अभिभवाक, स्थानीय पत्रकार तथा विद्यालय व्यवस्थापन समिति) लाई जानकारी गराइएको

(ट) स्थानीय ज्ञान, सिप, अनुभव तथा प्रविधिसम्बन्धी अनुभव आदानप्रदान तथा पुस्तान्तरणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरी स्थानीय ज्ञान सिप अनुभव पुस्तान्तरणमा सहयोग गरेको

(ठ) सामुदायिक सिकाइ केन्द्रलाई व्यवस्थापन तथा प्रविधि प्रयोग सम्बन्धमा सबलीकरण गरिएको

(ड) जापानको मित्सुबिसी कम्पनीको सहकार्यमा राष्ट्रव्यापि बाल चित्रकला प्रदर्शनी आयोजन गरी बालबालिकको सिर्जनात्मकता विकास गर्ने मात्र नभई उत्कृष्ट एक जनालाई अभिभावकसहित जापान भ्रमण गर्ने र आठजनालाई विभिन्न पुरस्कारको व्यवस्था गर्ने गरिएको

(ढ) युनेस्को सम्बद्ध विभिन्न अन्तर्राष्ट्रिय पुरस्कार जस्तै शिक्षक शिक्षा पुरस्कार, बालिका शिक्षा पुरस्कार तथा साक्षरता पुरस्कारका लागि सहभागी मनोनयन तथा सहजीकरणबाट अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालमा गरिएका असल अभ्यासलाई प्रचारप्रसार गरिएको

(ण) युनेस्को चेयर तथा युनिट्विन जस्ता कार्यक्रममार्फत विश्वका विभिन्न विश्वविद्यालय र नेपालका विश्वविद्यालयबिच सहकार्य र सञ्जालीकरण गरी विभिन्न प्रकारका नवप्रवर्तनात्मक कार्यमा योगदान गर्दै आएको

### ४. युनेस्को आयोगको समस्या

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले नेपाल सरकारबाट स्वीकृत वार्षिक कार्यक्रम युनेस्को प्रधान कार्यालयबाट प्राप्त सहभागितामूलक कार्यक्रम तथा युनेस्को सम्बद्ध निकाय गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यस कार्यका लागि यस आयोगका लागि विनियजित बजेट अत्यन्त न्यून रहेको छ। युनेस्को प्रधान कार्यालयसँगको साझेदारी कार्यक्रम (Participation Programme) स्वीकृतिमा प्रक्रियागत ढिलाइका कारणले दीर्घकालीन योजना कार्यान्वयनमा अवरोध पुगेको छ। त्यसै गरी युनेस्कोको पाँच क्षेत्र (शिक्षा, विज्ञान, संस्कृति, सञ्चार, सूचना) र दुई ओटा विशेष क्षेत्रमा आवश्यक बहुविधागत अनुभव भएका जनशक्तिको कमी, आयोगभित्र सङ्घ, प्रदेश र स्थानीय

सरकारबिच भावकारी समन्वयको अभाव, युनेस्कोका कार्य क्षेत्र, यसका कार्यक्रम र युनेस्काका निमित्त राष्ट्रिय आयोगको भूमिकासम्बन्धी स्थानीय तह तथा जनस्तरमा न्यून जानकारी भएको पाइनु, नेपाल सरकारका नीति दस्तावेजहरूमा युनेस्कोका विषयवस्तुले अपेक्षित प्राथमिकता नपाउनु, नेपालका सम्पदा, भाषा, संस्कृति आदिको संरक्षण र संवर्धनका लागि अन्तर्राष्ट्रियस्तरमा नेपालको पहल कमजोर देखिनु, युनेस्कोका कार्यक्रमहरूमा शिक्षक, विद्यार्थी, युवा र नागरिक समाजमा सहभागिता अभिवृद्धि गर्न नसकिएको अवस्था छ। उल्लिखित कारणहरूले गर्दा सचिवालयले नवीनतम तथा सिर्जनात्मक कार्यक्रम प्रस्ताव तथा सञ्चालन गर्न कठिनाइ परेको छ।

**५. युनेस्को आयोगको भावी कार्यदिशा**

(क) युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधान २०३१ संशोधन गर्ने

(ख) विधान संशोधनपश्चात् खुला प्रतिस्पर्धाबाट आयोगको नेतृत्व चयन गर्ने व्यवस्था गर्ने र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने

(ग) युनेस्को पेरिस तथा युनेस्को सम्बद्ध अन्य साझेदार संस्थासँगको समन्वय र साझेदारीलाई प्रभावकारी बनाउने

(घ) प्रदेश तथा स्थानीय तहसँग पनि समन्वय र साझेदारी गर्दै स्रोत परिचालन गर्ने

## खण्ड ख: शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गतका प्रमुख कार्यक्रमसम्बन्धी विवरण

शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत सञ्चालित प्रमुख कार्यक्रम तल प्रस्तुत गरिएको छ:

1. विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं.२०७८–२०८७)

नेपालको संविधानको मार्गदर्शन, परिवर्तित सङ्घीय संरचनाको आवश्यकता र उल्लिखित नीतिगत प्राथमिकता अनुकूल विद्यालय शिक्षाको विकासलाई दिशानिर्देश गर्न नयाँ योजनाको आवश्यकता देखिएको छ। नेपालमा हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजना (SSDP 2073-2080 BS) सात वर्षका लागि तयार गरिएको भए पनि पहिलो पाँच वर्षका लागि मात्र स्रोतको व्यवस्थापनसहितको कार्यान्वयन योजना तय गरिएकाले पहिलो चरणको पाँच वर्षे अवधि आर्थिक वर्ष २०७७/०७८ को अन्तसम्म मात्र रहेकाले हाल सञ्चालनमा रहेका कार्यक्रमहरूमध्ये प्रभावकारी देखिएका तथा परीक्षणबाट उपयोगी ठहरिएका कार्यक्रमहरूलाई निरन्तरता दिन, कतिपय कार्यक्रहरूलाई परिमार्जन गरी समसामयिक बनाउन र परिस्थितिअनुरूप नयाँ रणनीति तथा कार्यक्रम समावेश गर्न पनि विद्यालय शिक्षा क्षेत्रमा नयाँ योजना निर्माण गर्नुपरेको हो।

शिक्षा, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिक बनाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ। विभिन्न समयमा देखापर्ने प्राकृतिक प्रकोप, महामारी तथा विपद्बाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्धति विकासको आवश्यकतालाई कोभिड १९ जस्तो माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोधले पनि थप पुष्टि गरेको छ। कोभिड १९ को प्रभावबाट शिक्षा क्षेत्रमा भएको नोक्सानी, खासगरी विद्यार्थीको सिकाइमा भएको क्षतिलाई घटाई गतिशीलता प्रदान गर्नुपर्ने छ।

उल्लिखित सन्दर्भहरूले नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि नयाँ योजनाको आवश्यकता महसुस गरी नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयले १० वर्ष (२०७८-२०८७) का लागि विद्यालय शिक्षा क्षेत्रको योजना (School Education Sector Plan–SESP) तयार गरी कार्यान्वयन भइरहेको छ। यस योजनामा शिक्षा विकासको १० वर्षे दृष्टिकोणसहित पहिलो पाँच वर्षका लागि आवश्यक स्रोतको आँकलन गरी कार्यान्वयनको खाका तयार गरिएको छ। यस योजना चौथो वर्ष कार्यान्वयन भइरहेको र योजनाको मध्यावधि समिक्षासमेत भइसकेको छ। आगामी ५ वर्षका लागि Costed योजनाको तयारीको चरणमा रहेको छ।

### दूरदृष्टि, ध्येय, उद्देश्य

योजनाका दूरदृष्टि, ध्येय तथा उद्देश्यहरूलाई मूलतः नेपालको संविधानले गरेको मार्गदर्शन, नेपाल सरकारले निर्धारण गरेको विकासको दीर्घकालीन सोचको अनुकुलता र दिगो विकास लक्ष्य तथा पन्ध्रौँ योजनाका प्राथमिकतासँगको सामञ्जस्यतामा आधारित गरिएको छ। उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षा तथा उठान गरिएका मुख्य चुनौती तथा अवसरहरूले नेपालको विद्यालय शिक्षाको आगामी १० वर्षको मार्ग पहिचानका लागि आधार तयार गरेका छन्। यही सन्दर्भमा आधारित भएर यस योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा हासिल गर्ने उद्देश्य, रणनीतिहरू र प्राप्त हुने उपलब्धिहरूलाई यसमा समेटिएको छ।

**दीर्घकालीन सोच (Vision)**

सक्षम, सिर्जनशील र संस्कारयुक्त नागरिक तयार गरी नेपालको सामाजिक, आर्थिक रूपान्तरणका माध्यमबाट “समृद्ध नेपाल, सुखी नेपाली” को आकाङ्क्षा पूरा गर्ने

**ध्येय (Mission)**

क्षेत्रीय तथा अन्तराष्ट्रिय स्तरसँग तुलनायोग्य गुणस्तरसहितको सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सुव्यवस्थित, सक्षम, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास गर्ने

**उद्देश्यहरू (Objectives)**

१. विद्यालय शिक्षामा सबै बालबालिका विशेषतः आर्थिक तथा सामाजिक कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
२. प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु
३. सबै नागरिकलाई आधारभूत कार्यमूलक तथा जीवनोपयोगी सिपसहित साक्षर बनाउनु र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसर विस्तार गर्नु
४. विद्यालय तथा विद्यालय शिक्षाका सबै निकायमा सुशासन प्रवर्धन, अन्तरसरकार समन्वय तथा सहकार्य सुदृढीकरण र क्षमता विकास गरी शैक्षिक सेवा प्रवाह प्रभावकारी बनाउनु

योजनाले जोड दिएका विद्यालय शिक्षा क्षेत्रका प्रमुख कार्यक्रम देहायबमोजिम रहेका छन् :

**१. प्रारम्भिक बालविकास तथा शिक्षा**

शैक्षिक सत्र २०८२ मा बालविकास केन्द्रको जम्मा सङ्ख्या ४२ हजार ६ सय १९ पुगेको छ। जुन गत वर्षभन्दा १३३५ को सङ्ख्यामा वृद्धि भएको छ। जम्मा बालविकास केन्द्रहरूमध्ये सङ्घीय सरकारको अनुदानमा सञ्चालित बालविकास केन्द्रको सङ्ख्या ३० हजार ६ सय २० (धार्मिक बालविकास केन्द्र सहित), स्थानीय तहबाट सञ्चालितको सङ्ख्या ३ हजार ७ सय ३६ रहेको छ। त्यसैगरी धार्मिक बालविकास केन्द्र र संस्थागत बालविकास केन्द्रको सङ्ख्या क्रमशः ६ सय १ र ८ हजार २ सय ६३ रहेको छ। प्रारम्भिक बालविकास केन्द्रमा भएको बढोत्तरीले आम मानिसहरूमा प्रारम्भिक बालविकास शिक्षाको महत्त्व बढ्दै गएको देखाउँछ। बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थीको अनुपात बर्षेनि वृद्धि हुँदै गएको छ। शैक्षिक सत्र २०७५ मा ६६.९ प्रतिशत रहेको यस्तो अनुपात शैक्षिक सत्र २०८२ मा आइपुग्दा ७७.५ प्रतिशत पुगेको छ।

शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका कुल विद्यार्थीको सङ्ख्या १३ लाख १ हजार ४ सय २८ रहेकामा शैक्षिक सत्र २०८२ मा उक्त सङ्ख्यामा १२ लाख २० हजार ५ सय ३८ रहेको छ। ४६.०१ प्रतिशत बालबालिका सामुदायिक बालविकास केन्द्रमा र ५३.९९ प्रतिशत बालबालिका संस्थागत विद्यालयमा भर्ना भएको देखिन्छ। सामुदायिक र संस्थागत दुवै किसिमका बालविकास केन्द्रमा छात्राको भन्दा छात्रको प्रतिशत बढी रहेको छ।

## २. तहगत विद्यार्थी भर्नादर

आधारभूत तहको कुल भर्नादर १३६.२ र माध्यमिक तहको कुल भर्नादर ८५.७ प्रतिशत पुगेको छ। त्यसै गरी आधारभूत र माध्यमिक तहको खुद भर्नादर क्रमशः ९७.७ र ३५.४ प्रतिशत पुगेको छ। विगत ५ वर्षको खुद भर्नादर आधारभूत तह (कक्षा १-८) मा ९५.१ देखि ९७.७ प्रतिशतको बिचमा र माध्यमिक तह (कक्षा ९-१२) मा ३५.४ देखि ५७.९ प्रतिशतको बिचमा रहेको छ आधारभूत तह (कक्षा १-८) तहको खुद भर्नादर अघिल्ला ४ वर्षहरूको तुलनामा यस वर्ष सुधार भएको छ।

## ३. विद्यार्थीको टिकाउ दर

शैक्षिक सत्र २०८२ मा कक्षा ५ सम्मको टिकाउ दर ८६.१, कक्षा ८ सम्मको टिकाउ दर ७९.१ प्रतिशत र कक्षा १० सम्मको टिकाउ दर ७४.६ प्रतिशत पुगेको छ। शैक्षिक सत्र २०८१ मा यस्तो टिकाउ दर क्रमशः ८७.६ प्रतिशत, ८६.५ प्रतिशत र ६६.९ प्रतिशत रहेको थियो। शैक्षिक सत्र २०८१ को तुलनामा शैक्षिक सत्र २०८२ मा कक्षा १० को टिकाउ दरमा सुधार भएको छ।

## ४. विद्यालय प्रकारअनुसारका विद्यालयको सङ्ख्या

शैक्षिक सत्र २०८२ मा कुल विद्यालय सङ्ख्या ३५ हजार ९ सय ५१ रहेको छ। शैक्षिक सत्र २०८१ मा कुल विद्यालय सङ्ख्या ३५ हजार ४ सय ४७ रहेको थियो। संस्थागत विद्यालयको हिस्सा बढ्दो क्रममा देखिन्छ। कुल विद्यालयमध्ये सामुदायिक विद्यालय ७५.१३ (परम्परागत/धार्मिक विद्यालय ३.८ प्रतिशतसमेत) प्रतिशत र संस्थागत विद्यालय २४.८७ प्रतिशत रहेका छन्। गत आर्थिक वर्षमा उक्त सङ्ख्या क्रमशः ७३.० प्रतिशत, २३.० प्रतिशत र ४.० प्रतिशत रहेको थियो। विद्यालय नक्साङ्कन तथा समायोजनका कारण शैक्षिक सत्र २०८१ को तुलनामा शैक्षिक सत्र २०८२ मा सामुदायिक विद्यालयको सङ्ख्यामा कमी आएको हो।

कुल सामुदायिक विद्यालयमध्ये एक सयभन्दा कम विद्यार्थी भएका विद्यालय ५०.८ प्रतिशत रहेका छन् भने २ हजारभन्दा बढी विद्यार्थी भएका विद्यालय ०.४७ प्रतिशत रहेका छन्। सहरी क्षेत्रमा बढ्दै गएको बसाइँसराइ र जन्मदरमा आएको कमीले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या कम हुँदै गएको छ। विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयलाई नक्साङ्कन गर्दै समायोजन गर्दै लगिएको छ।

## ५. विद्यार्थी विवरण

शैक्षिक सत्र २०८२ मा आधारभूत तह (कक्षा १-५) मा जम्मा विद्यार्थी ३५ लाख ५४ हजार ९ सय ४, आधारभूत तह (कक्षा ६-८) मा जम्मा विद्यार्थी १८ लाख १९ हजार ३ सय ६८, माध्यमिक तह (कक्षा ९-१०) मा जम्मा विद्यार्थी ९ लाख ६८ हजार ४ सय ३० र माध्यमिक तह (कक्षा ११-१२) मा जम्मा विद्यार्थी ६ लाख ९८ हजार १ सय २३ गरी कक्षा १ देखि कक्षा १२ सम्म ७० लाख ४० हजार ८ सय २५ जनामा छात्रा ३३ लाख ६० हजार ८ सय ९५ र छात्र ३६ लाख ७९ हजार ९ सय ३० विद्यार्थी अध्ययरत छन्। यस वर्षको कुल विद्यार्थी भर्नामा छात्राको प्रतिशत ४७.७ र छात्रको प्रतिशत ५२.३ रहेको छ।

शैक्षिक सत्र २०८२ मा ६२.२६ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन् भने ३७.७४ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययनरत छन्। जम्मा विद्यालय सङ्ख्याको ७५.१ प्रतिशत सामुदायिक विद्यालय र २४.८ प्रतिशत संस्थागत विद्यालय रहेका छन्।

## ६. शिक्षक विवरण

आधारभूत तहमा कार्यरत महिला शिक्षकको सङ्ख्या माध्यमिक तहको तुलनामा उच्च रहेको छ। शैक्षिक सत्र २०८२ मा सबै प्रकारका विद्यालयमा कार्यरत शिक्षकहरूको सङ्ख्या २ लाख ७१ हजार ३ सय ४४ मा महिला शिक्षक १ लाख १८ हजार ४ सय ४३ र पुरुष शिक्षक १ लाख ५२ हजार ९ सय १ रहेको छ। शिक्षकको सङ्ख्या मध्ये ४३.६५ प्रतिशत महिला र ५६.३५ प्रतिशत पुरुष शिक्षक रहेका छन्। आधारभूत तहमा महिला शिक्षक (५१.१४ प्रतिशत) को तुलनामा पुरुष शिक्षक (४८.८५ प्रतिशत) थोरैले कम छन् भने माध्यमिक तहमा पुरुष (७९.६८ प्रतिशत) को तुलनामा महिला (२०.३१ प्रतिशत) शिक्षक अत्यन्तै न्यून छन्।

## ७. विद्यालयमा तहगत विद्यालय र विद्यार्थी अनुपात

शैक्षिक सत्र २०८२ मा सामुदायिक विद्यालयमा विद्यार्थी विद्यालय अनुपात आधारभूत तह (कक्षा १-५) मा ७६, आधारभूत तह (कक्षा ६-८) मा १०२, माध्यमिक तह (कक्षा ९-१०) मा ९६ र माध्यमिक तह (कक्षा ११-१२) मा ११३ रहेको छ भने संस्थागत विद्यालयमा उक्त अनुपात क्रमशः १६९, ९४, ६४ र २५४ रहेको छ।

## ८. विद्यालयगत र तहगत शिक्षकको लैङ्गिक समता सूचकाङ्क

सबै प्रकारका विद्यालयमा कार्यरत कुल शिक्षक सङ्ख्यामा सबैभन्दा उच्च लैङ्गिक समता सूचकाङ्क आधारभूत तह (कक्षा १-८) मा ०.९२ रहेको छ भने सबैभन्दा न्यून लैङ्गिक समता सूचकाङ्क माध्यमिक तह (कक्षा ९-१२) मा ०.२७ रहेको छ। यस्तो सूचकाङ्क सामुदायिक विद्यालयतर्फ सबैभन्दा उच्च आधारभूत तह (कक्षा १-८) मा ०.८१ रहेको छ भने सबैभन्दा न्यून माध्यमिक तह (कक्षा ९-१२) मा ०.२४ रहेको छ। संस्थागततर्फ सबैभन्दा उच्च आधारभूत तह (कक्षा १-८) मा १.२ रहेको छ भने सबैभन्दा न्यून माध्यमिक तह (कक्षा ९-१२) मा ०.३१ रहेको छ।

## ९. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम आव २०७६।०७७ देखि कार्यान्वयनमा आएको छ। स्थानीय तहमा वित्तीय हस्तान्तरणमार्फत कार्यान्वयन हुने यस कार्यक्रमअन्तर्गत विद्यालय सुधार एवम् विद्यालयको भौतिक संरचनाको निर्माण, कक्षाकोठा, शौचालय र सूचना प्रविधि प्रयोगशाला निर्माण भएको छ। विशेषगरी, सामुदायिक विद्यालयको कक्षाकोठा, शौचालय र सूचना प्रविधि प्रयोगशाला जस्ता भौतिक संरचना निर्माणमा विनियोजित बजेटको उल्लेख्य हिस्सा खर्च भएको देखिन्छ।

आव २०८१।०८२ मा राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमअन्तर्गत ८० विद्यालयमा २ कोठे, २०७ विद्यालयमा ४ कोठे र ५४ विद्यालयमा ८ कोठे भवन निर्माणका लागि रु २ अर्ब १७ करोड ७२ लाख ५० हजार रकम विनियोजन भएको छ। आव २०७७।०७८ देखि शुरु भएको पढ्दै कमाउने कार्यक्रम पनि राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमअन्तर्गत समावेश गरिएको छ। हाल सम्म १४० ओटा प्राविधिक धारका विद्यालयमा पढ्दै कमाउदै कार्यक्रमअन्तर्गत प्रति विद्यालय रु १० लाखका दरले अनुदान स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको छ।

## १०. २०७२ र २०८० को भुकम्प पछिको विद्यालय पुनर्निर्माण कार्यक्रम

२०७२ को गोरखा भूकम्प र सोपश्चात्को पराकम्पबाट अति प्रभावित १४ जिल्ला र प्रभावित १७ जिल्ला गरी ३१ जिल्लामा विद्यालय पुनर्निर्माण भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र विद्यालय व्यवस्थापन समितिमार्फत हालसम्म ७६७२ विद्यालय पुनर्निर्माण भइसकेका छन् भने ५ ओटा विद्यालय निर्माणको अन्तिम चरणमा रहेका छन्।

२०८० को जाजरकोट र बझाङ भूकम्पले क्षति पुर्याएका विद्यालयमध्ये एशियाली विकास बैङ्कको ऋण सहयोगमा जाजरकोट र रुकुम पश्चिमका २९ ओटा र जाइकाको ऋण सहयोगमा ११ ओटा, जिपिइको अनुदान सहयोगमा ९ गरी गरी ४९ ओटा विद्यालयमा ठुला पूर्वाधार विकास भैरहेका छन्।

## ११. निशुल्क पाठ्यपुस्तक

सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई हरेक वर्ष कक्षा १ देखि कक्षा १२ सम्म निःशुल्क पाठ्यपुस्तक प्रदान गर्रिंदै आएको छ। विद्यालय शिक्षामा अध्ययनरत जम्मा ७० लाख विद्यार्थीमध्ये सामुदायिक विद्यालयमा अध्ययनरत करिब ४४ लाख विद्यार्थीलाई हरेक वर्ष नि:शुल्क पाठ्यपुस्तक वितरण गर्रिंदै आइएको छ।

## १२. विद्यालय दिवा खाजा कार्यक्रम

आर्थिक वर्ष २०६६/६७ बाट कार्यान्वयनमा आएको विद्यालय दिवा खाजा कार्यक्रमबाट शैक्षिक सत्र २०८२ मा प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत देशभरका २६ लाख ६ हजार ८ सय ५६ जना विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। गत शैक्षिक सत्रमा यस्तो सङ्ख्या २७ लाख ८७ हजार ४ सय ४३ रहेको थियो।

## १३. छात्रवृत्ति कार्यक्रम

शैक्षिक सत्र २०८२ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये १७ लाख ४ हजार २६ जना विद्यार्थीले विभिन्न किसिमका (आवासीय, गैरआवासीय, दलित, छात्रा, अपाङ्ग, सीमान्तकृत समूहलगायतका) प्राप्त गरेका छन्। यस्ता छात्रवृत्तिको उपलब्धताले लक्षित वर्गको पढाइ छाड्ने दरमा कमी ल्याउन योगदान गर्नुका साथै सामाजिक समता कायम गर्नसमेत योगदान गरेको छ।

## १४. अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा

अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्न २०८२ सम्म ३९ ओटा विशेष विद्यालय र २२ ओटा एकीकृत विद्यालय सञ्चालनमा रहेका छन्। त्यसैगरी अपाङ्गता भएका बालबालिकाका लागि ३८० स्रोत कक्षाको व्यवस्था गरिएको छ। दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्क रूपमा ब्रेल लिपिका पाठ्यपुस्तक उपलब्ध हुँदै आएको छ। साङ्केतिक भाषा एवम् अन्य सिकाइ सामग्रीको विकास तथा वितरण गर्ने कार्यक्रम सञ्चालनमा रहेको छ। साथै अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्न स्रोत शिक्षकका लागि विभिन्न विषयमा शिक्षक तालिमसमेत सञ्चालन भइरहेको छ। सामुदायिक विद्यालयका बालबालिकाको अपाङ्गता पहिचान गरी उनीहरूको विशिष्ट शैक्षिक आवश्यकता पूरा गर्ने उद्देश्यले अपाङ्गताको पूर्व पहिचान (Disability Screening) गर्ने कार्य भइरहेको छ।

## १५. छात्राहरूका लागि सेनेटरी प्याड

सामुदायिक विद्यालयमा कक्षा ६ देखि १२ कक्षासम्म अध्ययनरत करिव १२ लाख १० हजार छात्राहरूलाई सेनेटरी प्याडबापतको रकम वित्तीय हस्तान्तरण हुँदै आएको छ। यस कार्यक्रमका लागि हरेक वर्ष १ अरब ३८ करोड ३२ लाख बरावरको रकम खर्च हुँदै आएको छ।

## १६. आपतकालीन अवस्थामा शिक्षा

विपद्‌बाट शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई व्यवस्थापन गरी आपत्‌कालीन अवस्थामा बालबालिकाको पठनपाठनलाई नियमित बनाई विपद्‌को प्रभाव शिक्षण सिकाइमा कमभन्दा कम गर्न र सिकाइमा निरन्तरताका लागि स्वीकृत भएको विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा सञ्चालन) निर्देशिका, २०८० बमोजिम सङ्घीय शिक्षा समूह, प्रदेश शिक्षा समूह र स्थानीय शिक्षा समूहको गठन गरिएको छ। विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्य गर्न तथा शिक्षा क्षेत्रको निरन्तर सुधार गरी शैक्षिक उपलब्धि हासिल गर्न तथा विपद्‌का समयमा समेत शैक्षिक गतिविधि सञ्चालनका लागि सङ्घ, प्रदेश र स्थानीय तहले आवश्यकताअनुसार सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी सामूहिक प्रयास भएको छ। सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) सँग तालमेल हुने गरी सिकाइ निरन्तरता योजना बनाइ कार्यान्वयन गरिएको छ। सबै तहका सरकारले विभिन्न समयमा आउन सक्ने प्राकृतिक तथा मानवीय विपद्‌का कारणले शिक्षा क्षेत्रमा पार्ने प्रमावलाई व्यवस्थापन गरी सिकाइ निरन्तरताका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तथा मनसुन प्रतिकार्य योजना जस्ता योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

## १७. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम

विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि शैक्षिक पुहँचको सुनिश्चतता गर्ने उद्देश्यले आधारभूत तहमा वैकल्पिक शिक्षाको पाठ्यक्रम र सिकाइ सामग्री विकास गरी वैकल्पिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिएको छ। त्यसैगरी युवा तथा प्रौढहरूले औपचारिक, अनौपचारिक तथा अनियमित माध्यमबाट सिकेका ज्ञान, सिप तथा दक्षतालाई पूर्वसिकाइको पहिचानमार्फत राष्ट्रिय योग्यता परीक्षणबमोजिमका कार्यहरूलाई परीक्षणको रूपमा सञ्चालन गरिएको छ। चालु आर्थिक वर्षको फागुनसम्ममा ६८ जिल्ला साक्षर घोषणा भएका छन्। हालसम्म कोशी, गण्डकी, बागमती, सुदुरपश्चिम र लुम्बिनी गरी ५ ओटा प्रदेश साक्षर प्रदेशको रूपमा घोषणा भइसकेको र डोल्पा जिल्ला र मधेस प्रदेश साक्षर हुन बाँकी रहेकाले साक्षरताका कार्यक्रम सञ्चालन गरी साक्षर घोषणाको तयारीमा रहेका छन्।

## १८. विद्यालय शिक्षामा सूचना प्रविधि

मुलुकभर सञ्चालित २७ हजार १० सामुदायिक विद्यालयमध्ये १८८३२ (६९.७ प्रतिशत) विद्यालयमा इन्टरनेट सुविधाको पहुँच पुगेको छ। त्यसैगरी ७,१७४ (२६.५६ प्रतशित) सामुदायिक विद्यालयमा ICT Lab को विस्तार भएको छ। त्यसैगरी वैकल्पिक स्रोतसमेतका विद्युत् सेवा पुगेका विद्यालय १९,९८२ (७३.९८ प्रतिशत) रहेका छन्।

## १९. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री उत्पादन र प्रसारण

विद्यालय शिक्षासम्वद्ध सरोकारवालासँगको परामर्श, छलफल, अन्तरक्रिया तथा विविध स्रोतहरूबाट प्राप्त पृष्ठपोषण तथा राय सुझावका आधारमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप विकास भएका पाठ्यक्रम तथा

पाठ्यपुस्तकहरूको नियमित सुधार तथा अद्यावधिक कार्य भइरहेको छ। कक्षा ११ र १२ मा पाठ्यक्रम तथा मूल्याङ्कन विषयलाई अतिरिक्त विषयको रूपमा पठनपाठनका लागि पाठ्यक्रम विकास गर्ने व्यवस्था गरिएको छ।

पाठ्यक्रम कार्यान्वयनको ५ वर्षको समय पश्चात् पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन हुने नीतिगत प्रावधानअनुरूप सरोकारवालाका पृष्ठपोषण र राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवर्तित सन्दर्भअनुसार कक्षा ४-१२ को सामाजिक अध्ययन विषयको पाठ्यक्रम पुनरावलोकन भएको छ भने पुनरावलोकन भएको पाठ्यक्रममा आधारित कक्षा ५, कक्षा ८, कक्षा १० र कक्षा १२ का सामाजिक अध्ययन विषयको पाठ्यपुस्तक शैक्षिक वर्ष २०८४ देखि देशव्यापी कार्यान्ययनमा जाने व्यवस्था भएको छ।

प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षाको पाठ्यक्रम र आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम अद्यावधिक तथा परिमार्जन गर्ने कार्य सम्पन्न गरिएको छ। शैक्षिक वर्ष २०८३ बाट कार्यान्वयन हुने गरी कक्षा १० ऐच्छिक अर्थशास्त्र र ऐच्छिक गणित विषयका नयाँ पाठ्यपुस्तकका PRC (Print Ready Copy) विकास गरी छपाइका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा पठाइएको छ।

प्राविधिक तथा व्यावसायिक धार अन्तर्गत माध्यमिक तह कक्षा ९ र १० का लागि सिकाइ स्रोत सामग्री विकास गरिएको छ। पाठ्यक्रम विकास केन्द्रलाई समाजसँग जोड्न र पाठ्यक्रम कार्यान्वयनमा शिक्षकहरूलाई सहजीकरण गर्नका लागि शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम सञ्चालन भइरहेको छ।

### २०. **मातृभाषासम्बन्धी कार्यहरू**

नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक रहेको छ। विद्यालय तहमा शिक्षण सिकाइ सञ्चालन हुने विभिन्न विषयहरूमध्ये राष्ट्रिय पाठ्यक्रम प्रारूपले मातृभाषालाई एक विषयका रूपमा पठनपाठन हुने व्यवस्था गरेको छ। पाठ्यक्रम विकास केन्द्रले शिक्षण सिकाइका लागि आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरूको विकास गर्ने गर्छ। केन्द्रले हालसम्म २९ ओटा मातृभाषामा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरेको छ।

केन्द्रले विकास गरेको मातृभाषाका सामग्रीहरू

- थारू भाषाको कक्षा १-३ को पाठ्यक्रम, कक्षा १-५को पाठ्यपुस्तक र बालसन्दर्भ सामग्री
- रानाथारु भाषाको कक्षा १-३ को पाठ्यक्रम, कक्षा १-५ को पाठ्यपुस्तक र बालसन्दर्भ सामग्री
- किरात याक्खा भाषाको कक्षा १-३ को पाठ्यक्रम र कक्षा १-५ को पाठ्यपुस्तक
- किरात कुलुङ भाषाको कक्षा १-३ को पाठ्यक्रम र कक्षा १-८ को पाठ्यपुस्तक
- मैथिली भाषाको कक्षा १-३, कक्षा ९-१० र ११-१२ को पाठ्यक्रम
- अवधी भाषाको कक्षा १-३, ६-८, ९-१० र ११-१२ को पाठ्यक्रम र कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तक तथा बाल

सन्दर्भ सामग्री

- भोजपुरी भाषाको कक्षा १-३, ९-१० र ११-१२ को पाठ्यक्रम, कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तक र बाल सन्दर्भ सामग्री
- तामाङ भाषाको सम्भोटा लिपिमा कक्षा १देखि ५ सम्मका पाठ्यपुस्तक
- लिम्बू याक्थुङ भाषाको कक्षा १ देखि ९ सम्मका पाठ्यपुस्तक र बालसन्दर्भ सामग्री
- वान्तवा राई र चाम्लिङ राई भाषाको कक्षा १-३, ६-८ र ९-१० को पाठ्यक्रम र कक्षा १ देखि ७ सम्मका पाठ्यपुस्तक तथा सान्दर्भ सामग्री
- खालिङ भाषाको कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक
- वायुङ राई भाषाको कक्षा १ देखि ३ को पाठ्यक्रम
- शेर्पा र गरुङ भाषाका कक्षा १देखि ५ सम्मका पाठ्यपुस्तक र बालसन्दर्भ सामग्री
- मगर ढुट भाषाको कक्षा ६ देखि ८ को पाठ्यक्रम र १ देखि ७ सम्मका पाठ्यपुस्तक तथा बालसन्दर्भ सामग्री
- नेपाल भाषाको कक्षा ६ देखि १२ सम्मको पाठ्यक्रम र कक्षा १० सम्मका पाठ्यपुस्तक
- राजवंशी, मुगाली र धिमाल भाषाको कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक विकास
- मगर अथार भाषाको कक्षा १ देखि ८ सम्मका र माझी भाषाको कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तक
- डोटेली भाषाको कक्षा १ देखि ३ को पाठ्यक्रम र बालसन्दर्भ सामग्री
- थकाली र उर्दु भाषाका बालसन्दर्भ सामग्री
- बज्जिका भाषाको कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक
- हिन्दी भाषाको कक्षा ९ देखि १२ सम्मको पाठ्यक्रम विकास

यस आर्थिक वर्षमा केन्द्रले थप मातृभाषामा पाठ्यक्रम तथा नमुना पाठ्यपुस्तक विकास गर्ने कार्यक्रमहरू रहेका छन्।

## २१. प्राविधिक तथा व्यावसायिक शिक्षा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत सञ्चालित शिक्षालय/तालिम केन्द्रहरूले स्थानीयहरूसँग समन्वय र सहकार्य गर्दै स्थानीय तहको स्रोत र साधनहरूको प्रयोग गरी लक्षित युवाहरूलाई उत्पादन तथा रोजगारीका क्षेत्रमा जोड्नका लागि सहजीकरण गर्ने उद्देश्यले श्रम बजारको उच्च सम्भाव्यता भएका क्षेत्रमा आधारित कार्यकमअन्तर्गत ५१६० जनाका लागि नि:शुल्क छोटो अवधिको सिपमूलक तालिम सञ्चालन भएका छन्।

औपचारिक, अनौपचारिक तथा अरितिक रूपमा हासिल गरेका सिप र दक्षतालाई परीक्षण तथा प्रमाणीकरण गर्नका लागि राष्ट्रिय सिप परीक्षण समितिमार्फत २७ ओटा क्षेत्रमा प्रारम्भिक तहदेखि चौथो तहसम्म ३१४ ओटा पेसा र व्यवसायका राष्ट्रिय पेसागत सिप प्रमाणीका निर्माण गरेको छ। विभिन्न तह र पेसामा सिप परीक्षण प्रमाणीकृत भएका जनशक्तिको सङ्ख्या ५ लाख ११ हजार ५ सय ६६ रहेका छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले समावेशी TVET को सुनिश्चितताअन्तर्गत प्रिडिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूमा पिछडिएका वर्ग, क्षेत्र र समुदायको पहुँचवृद्धि गर्ने उद्देश्यले दलित, मुस्लिम, विपन्न र सीमान्तकृत समुदायका ३६० जना तथा प्राविधिक शिक्षालयको संस्थागत पहुँच नपुगेका ७८ ओटा स्थानीय पालिकामा १२० जना छात्रछात्राहरूलाई विशेष छात्रवृत्ति प्रदान गरिएको छ।

## २२. **प्राविधिक शिक्षाबाट रोजगारीको अवस्था**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट उत्पादित जनशक्तिको रोजगारीको अवस्थालाई विभिन्न् समयमा भएका अनुसन्धानहरूले दर्शाएका छन्। वि.सं. २०७९ साल (सन् २०२२) मा त्रिभुवन विश्वविद्यालयले गरेको Impact Assessment of Technical and Vocational Training शीर्षकको अनुसन्धानले प्रिडिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका graduate मध्ये औसतमा ५८.२% रोजगार भएको देखाएको छ।

त्यसैगरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको रणनीतिक योजना (२०७९/८०–२०८७/८८) मा परिषद् र शिक्षा तथा मानव स्रोत विकास केन्द्रअन्तर्गत सञ्चालित शिक्षालय तथा प्राविधिक धारका विद्यालयबाट उत्पादित जनशक्तिको रोजगारीको दर औसतमा ४९% रहेको उल्लेख गरिएको छ।

## २३. **विद्यालय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी कार्यहरू**

नेपालको संविधान, शिक्षा ऐन, २०२८, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, सोह्रौँ पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६), विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका, २०६९ लगायतका नीतिगत तथा कानुनी व्यवस्थाले माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई सिपमूलक, रोजगारमुखी तथा प्रविधिमैत्री बनाउँदै दक्ष जनशक्ति उत्पादन गर्न जोड दिएको छ। हाल नेपाल सरकारबाट अनुदान प्राप्त बाली विज्ञान, पशु विज्ञान, सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ तथा इलेक्ट्रिकल इन्जिनियरिङ गरी पाँच विधागत क्षेत्रमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम देशभरका ५३७ विद्यालयमा सञ्चालनमा रहेका छन्। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार कक्षा ९ र १० मा विधागत प्रथमदेखि चतुर्थसम्म प्रत्येकमा ४/४ पाठ्यघण्टाका पाठ्यक्रमअनुसार कक्षा ९ का लागि २० ओटा तथा कक्षा १० का लागि २० ओटा गरी जम्मा ४० ओटा सिकाइ स्रोत सामग्री विकास गरी कार्यान्वयनमा ल्याइएको छ भने कक्षा ११ र १२ का लागि पनि सिकाइ स्रोत सामग्री विकास गर्ने कार्यक्रम भइरहेका छन्। साथै विद्यालय तहको शिक्षालाई प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट कार्यमूलक र व्यावहारिक बनाउन, सिपयुक्त जनशक्ति उत्पादन गरी श्रम बजारमा सहज प्रवेशको सम्भावन बढाउन, कक्षाकोठामा सिकेका ज्ञान, सिप तथा व्यवहारलाई कामको संसारसँग आबद्धता गरी अभ्यास गर्ने मौका प्रदान गर्न, कामसँगै व्यवहारकुशल सिपहरू सिक्नका लागि व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ विकास गरी यसको

प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। विद्यार्थीको सिकाइ उपलब्धि प्रभावकारी रूपमा मापन गर्न प्राविधिक तथा व्यावसायिक विषयका विद्यार्थी मूल्याङ्कन मापदण्ड विकास गरी कार्यान्वयन भइरहेको छ। साथै पाठ्यक्रमका सिकाइ उपलब्धि हासिल हुने गरी सैद्धान्तिक ज्ञानलाई व्यावहारिक प्रयोगसँग जोड्दै विद्यार्थीको सिकाइ क्षमता अभिवृद्धि गर्न र विद्यार्थीको सिकाइलाई अझ प्रभावकारी र रोचक बनाउन श्रव्यदृश्य सामग्री विकासमा समेत जोड दिइएको छ।

### २४. **माध्यमिक शिक्षा परीक्षा कक्षा १०**

माध्यमिक शिक्षा परीक्षा (SEE) परीक्षा, २०८१ मा सामेल भएका ४ लाख ३८ हजार ८ सय ९६ परीक्षार्थीमध्ये सबैभन्दा धैरै २०.३१ प्रतिशत परीक्षार्थीहरू जिपिए २.८१ देखि ३.२० को वर्गमा परेका छन्। जम्मा ६१.८१ प्रतिशत विद्यार्थी ग्रेडेड भएका थिए भने ३८.१९ प्रतिशत अवर्गीकृत भएका थिए।

शैक्षिक सत्र २०८१ मा दुइ पटक माध्यमिक परीक्षा सञ्चालन गरिएको थियो। नियमित तर्फको परीक्षामा जम्मा ४७.८७ प्रतिशत विद्यार्थी मात्र ग्रेडेड भएको र बाँकी ५२.१३ प्रतिशत अवर्गीकृत भएको हुँदा पुनः अवर्गीकृत मा परेका विद्यार्थीका लागि मौका परीक्षा सञ्चालन गरियो। मौका परीक्षापश्चात् ग्रेडेड हुने विद्यार्थीको प्रतिशत ७३.५६ प्रतिशत पुगेको थियो।

### २५. **माध्यमिक शिक्षा परीक्षा कक्षा १२**

शैक्षिक सत्र २०८१ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) मा कुल ३ लाख ९६ हजार ३ सय ४७ परीक्षार्थी सहभागी भएकामा जम्मा ६१.१७ ग्रेडेड भएका थिए भने ३८.८३ प्रतिशत अवर्गीकृत वर्ग अर्थात पुनः परीक्षामा सामेल हुने वर्गमा परेका थिए। सबैभन्दा उत्कृष्ठ औसत स्तरीकृत अङ्क ३.६१ देखि ३.२० को वर्गमा पर्ने विद्यार्थीको प्रतिशत २३.७८ रहेको छ।

### २६. **उच्च शिक्षा**

उच्च शिक्षा आर्थिक वर्ष २०८२/०८३ को फाल्गुन महिनासम्म नेपालमा रहेका केन्द्रीय तथा प्रादेशिक २५ विश्वविद्यालय ८ स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेकामा हाल सङ्घीयअन्तर्गत १२ विश्वविद्यालय पूर्ण रूपमा कार्यान्वयनमा रहेको ३ विश्वविद्यालय सञ्चालनका लागि तयारी अवस्थामा रहेका छन्।  स्वास्थ्य विज्ञान प्रतिष्ठान ८ ओटा सञ्चालनमा रहेको छ। शैक्षिक सत्र २०८० मा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या ६ लाख ७२ हजार ७ सय ८३ रहेकामा शैक्षिक सत्र २०८१ मा ११.३८ प्रतिशतले वृद्धि भई ७४९,३९२ पुगेको छ।

सङ्घीय/प्रादेशिक २५ विश्वविद्यालय ८ स्वास्थ्य विज्ञान प्रतिष्ठान र ५७ विदेशी विश्वविद्यालयका सम्बन्धनमा नेपालमा सञ्चालित क्याम्पसहरूमा अध्ययनरत विद्यार्थी मध्ये ७४.८९ प्रतिशत विद्यार्थी त्रिभुवन विश्वविद्यालयमा (आङ्गिकमा २७.२७ र सम्बन्धमा प्राप्त ४७.६३) र बाँकी २५.११ प्रतिशत विद्यार्थी अन्य विश्वविद्यालय तथा शैक्षिक संस्थामा अध्ययनरत रहेको छन्। सरकारी लगानीको हिसाबले हेर्दा त्रिभुवन विश्वविद्यालयमा सरकारी लगानीको ६७.४५ प्रतिशत र अन्य विश्वविद्यालयमा /कार्यक्रममा ३२.५५ प्रतिशत लगानी रहेको छ।

विश्वविद्यालय अनुदान आयोगबाट २०८२ फाल्गुन मसान्तसम्म गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त गर्ने उच्च शिक्षाका शैक्षिक संस्थाको सङ्ख्या १४५ पुगेको छ।

### २७. **उच्च शिक्षामा उत्कृष्टता प्रबर्द्धन कार्यक्रम**

(क) विश्वविद्यालयले कार्यान्वयन गरिरहेका शैक्षिक कार्यक्रमका पाठ्यक्रमलाई श्रम बजारका सरोकारवालाहरूको सुझावहरू पाठ्यक्रममा समावेश गरी विश्वविद्यालयले १५० भन्दा बढि कार्यक्रम परिमार्जन गरिएको छ।

(ख) विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थामा कार्यरत प्राध्यापक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि प्राध्यापकहरूलाई पाठ्यक्रम निर्माण, आइसिटी इन्टीग्रेशन, पेडागोजी, मूल्याङ्कन, अनुसन्धान तथा प्रकाशनलगायतको विषय संलग्न गरी १५०० प्राध्यापकहरू र ३०० भन्दा बढी कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ।

(ग) उच्च शिक्षामा हुने अनुसन्धानलाई उद्योग र उत्पादनसँग जोड्ने सोच अनुरूप ४४ ओटा सहकार्यात्मक अनुसन्धान कार्यक्रमलाई सहयता उपलब्ध गराउने कार्य भएको छ।

(घ) उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत १७६० विद्यार्थीहरूलाई उद्यमशीलता विकास तालिम सम्पन्न गरिएको छ। उद्यमशीलताका ४० ओटा प्रस्तावलाई वीज कोष प्रदान गरेको छ भने तालिम लिएका विद्यार्थीले आफ्नै लगानीमा समेत उद्यमी बनेका छन्।

(ङ) ३९ ओटा उच्च शैक्षिक संस्थाहरूले गुणस्तर अभिवृद्धि कार्यक्रमको अनुदान प्राप्त गरेको छ।

(च) निश्चित मापदण्ड पूरा गरेका १३८ ओटा उच्च शैक्षिक संस्थाहरूलाई विस्तारित कार्यसम्पादनमा आधारित अनुदान प्रदान गरिएको छ।

(छ) मानव विकास सूचकका आधारमा पछाडि परेका कर्णाली, सुदूरपश्चिम, मधेश प्रदेश र दुर्गम जिल्लाहरूमा अवस्थित क्याम्पसहरूलाई उक्त संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्नका लागि १०५ ओटा उच्च शैक्षिक संस्थाहरूलाई समतामा आधारित अनुदान प्रदान गरिएको छ।

(ज) कार्यक्रम अवधिभरमा २०००० भन्दा बढी गरिव,दलित, महिला, मुक्त कमलरी, सहिद तथा द्वन्द्व पीडित परिवारका विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराइएको छ।

(झ) उच्च शिक्षामा डिजिटलाइजेसन कार्यक्रमअन्तर्गत विश्वविद्यालय र उच्च शैक्षिक संस्थाहरूको कार्यलाई सेवाग्राहीउन्मुख बनाउने सन्दर्भमा डिजिटलाइजेसनसम्बन्धी कार्यहरू भइरहेका छन। यस कार्यक्रमले उच्च शिक्षामा तथ्याङ्क सङ्कलन, अनुसन्धान तथा शैक्षिक गतिविधिहरू प्रविधिमैत्री हुने विश्वास गरिएको छ।

## २८. कक्षा ५ को विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण

कक्षा ५ को NASA परीक्षण सन् २०२२ मा ७५ जिल्लाका १८०० विद्यालयबाट ३४,१७० विद्यार्थी र कक्षा १० को परीक्षण सन् २०२३ मा ७६ जिल्लाका १८०० विद्यालयबाट ४३,२१९ विद्यार्थी सहभागी भएका थिए।कक्षा ५ को सिकाइ सक्षमतालाई चार तहमा विभाजन गरी विश्लेषण गरिएको छ। धैरै विद्यार्थी न्यूनतम सिकाइ हासिल गर्नका लागि पनि सङ्घर्षरत छन्। जम्मा २२ प्रतिशत विद्यार्थीले गणितमा, ५१ प्रतिशतले नेपालीमा, ५३ प्रतिशतले विज्ञान तथा प्रविधिमा र ४४ प्रतिशतले अङ्ग्रेजीमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका छन्। सन् २०१८ मा २८ प्रतिशतले गणितमा र ४५ प्रतिशतले नेपालीमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका थिए।

## २९. कक्षा १० को विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणको विवरण

कक्षा १० को सिकाइ उपलब्धिलाई ६ तहमा विभाजन गरी विश्लेषण गरिएको छ। सिकाइ स्तरका हिसाबले विषयगत रूपमा नतिजा फरक फरक रहेको छ। समग्रमा कक्षा १० NASA सन् २०२३ को नतिजाअनुसार मधेश, बागमती र गण्डकी प्रदेशको

उपलब्धि अन्य प्रदेशका तुलनामा उच्च रहेको छ। विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सन् २०२२ र सन् २०२३ का निष्कर्षहरूबाट शिक्षण सिकाइका रणनीतिहरू, उपचारात्मक कार्यहरू र प्रधानाध्यापकहरूको भूमिकामा समस्याहरू रहेको देखिन्छ। औसतमा संस्थागत विद्यालयका विद्यार्थीको नतिजा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा राम्रो देखिन्छ।

### ३०. प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्डसम्बन्धी अध्ययन

कक्षा १ मा बालबालिका विद्यालय शिक्षाका लागि कत्तिको तयार अवस्थामा आउने गर्छन् भन्ने विषयमा केन्द्रित रहेर शैक्षिक गुणस्तर परीक्षण केन्द्रले युनिसेफको सहयोगमा सन् २०१७ देखि प्रारम्भिक बालविकास सूचकाङ्क परीक्षण भन्ने अध्ययन वार्षिक रूपमा गर्दै आएकामा हालसम्मको सुझाव र परीक्षणको उद्देश्यलाई समेटेर आ व २०८०/०८१ मा प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्डमा आधारित परीक्षण (ELDS based assessment) प्रतिवेदन तयार गरिएको छ। कक्षा १ मा भर्खरै भर्ना भएका विद्यार्थी विकासात्मक तथा शैक्षिक रूपमा कत्तिको तयार छन् भन्ने विषयलाई यस परीक्षणले ४८-६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डलाई आधार मानेर मापन गर्न खोजेको छ।

सातै प्रदेश समेटिने गरी २९ जिल्लाबाट जनसङ्ख्यामा आधारित Random Sampling विधिबाट २७४ विद्यालयका ३९७८ विद्यार्थीबाट वि.स. २०७९-८० जेठ, असारमा तथ्याङ्क सङ्कलन गरिएको थियो भने आ.व. २०८०।८१ मा प्रतिवेदन तयारीको कार्यक्रम रहेकामा सोको प्रतिवेदन तयार पारिएको छ। सर्वेक्षणमा, विद्यालयमा रहेको पूर्वप्राथमिक कक्षाको अवस्था, पूर्वाधार, शिक्षण सामग्री, शिक्षकको शैक्षिक योग्यता आदि समेट्ने गरी ६८ प्रश्न र विद्यालय तत्परता परीक्षणका ४८ ओटा प्रश्न समेटिएको थियो। प्रश्नावलीहरू प्रारम्भिक बालविकास विज्ञ, निजी तथा सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास शिक्षक आदिको संग्लनतामा विकास तथा परिमार्जन गरिएको हो। विद्यार्थीको स्तर निर्धारण गर्ने प्रक्रियामा समेत यस्तै विज्ञ समूहको संग्लनतामा स्थापित विधि र प्रक्रिया प्रयोग गरिएको थियो।

### ३१. पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment for Reading and Numeracy - NARN) २०२४

शैक्षिक गुणस्तर परीक्षण केन्द्र बाट सञ्चालन गरिएको पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment for Reading and Numeracy -NARN) २०२४ नेपालका सामुदायिक विद्यालयमा कक्षा ३ का विद्यार्थीको पठन तथा गणितीय सिपसम्बन्धी दक्षता मापन गर्न सञ्चालन गरिएको एक बृहत्त स्तरीय राष्ट्रिय मूल्याङ्कन हो। NARN ले प्रारम्भिक कक्षाका विद्यार्थीले आजीवन सिकाइका लागि अत्यावश्यक आधारभूत पठन र गणितीय सिपहरू कुन स्तरमा विकास गरिरहेका छन् भन्ने विषयमा महत्त्वपूर्ण जानकारी प्रदान गर्छ। यस मूल्याङ्कनमा सातै प्रदेशका ३३ जिल्लाका ५७९ विद्यालयबाट ७,५३१ जना विद्यार्थी समेटिएका थिए, जसले राष्ट्रिय प्रतिनिधित्व सुनिश्चित गर्छ।

**मुख्य उपलब्धिहरू**

(क) सन् २०२० को ४३.५% बाट सन् २०२४ मा ४४.९ % पुग्दा केवल १.४ %ले मात्र वृद्धि भएको छ। जसले पठन सिप सुधारका प्रयासहरूको प्रभाव सीमित रहेको सङ्केत गर्छ।

(ख) पठनका उपकार्यहरूमध्ये शब्द पहिचान (५८.४) र पठन बोध (५७.५) मा विद्यार्थीको उपलब्धि राम्रो देखिएको छ। तर श्रुतिलेखन (३६.९) र चित्र वर्णन (२६.७) जस्ता अभिव्यक्तिमूलक तथा लिखित भाषासम्बन्धी कार्यहरूमा उनीहरूले कठिनाइ भोगेका छन्।

(ग) गण्डकी प्रदेशले ६१.४ को सबैभन्दा उच्च औसत अङ्क हासिल गर्दै अग्रस्थान ओगटेको छ। त्यसपछि कोशी (५२.८) र बागमती (५२.७) प्रदेश रहेका छन्। तर, मधेश (३८.७), कर्णाली (३८.८), सुदूरपश्चिम (४०.९) र लुम्बिनी (४३.१) प्रदेशहरूको उपलब्धि औसतभन्दा कम रहेको छ। जसमा मधेश र कर्णाली प्रदेशले सबैभन्दा न्यून अङ्क प्राप्त गरेका छन्।

(घ) विद्यार्थीले अघिल्लो चक्र सन् २०२० (३७.२२) को तुलनामा गणितीय सिपमा १३ प्रतिशत अङ्कको स्पष्ट सुधार (५०.१६) देखाएका छन्। उनीहरूले मुद्रा पहिचान (७३.२), ग्राफको व्याख्या (७८.२) र आधारभूत गणना जस्ता व्यावहारिक तथा दृष्टिगत कार्यहरूमा राम्रो प्रदर्शन गरेका छन्। यद्यपि भिन्न / अंशहरू (४३.६), ज्यामितीय आकार पहिचान (४४.७), र घडी बाट समय चिन्ने (३८.७) जस्ता अमूर्त अवधारणाहरूमा कमजोर प्रदर्शन गरेका छन्।

(ङ) गण्डकी प्रदेशले सबैभन्दा उच्च औसत अङ्क ६१.१ हासिल गरेको छ। त्यसपछि कोशी (५४.८) र मधेश (५३.७) रहेका छन्। यी प्रदेशहरूको तुलनामा, कर्णाली (४२.२), लुम्बिनी (४४.८) र सुदूरपश्चिम (४६.१) मा प्रदर्शन कम रहेको छ। बागमती प्रदेशले ४७.६ अङ्क पाएको छ। जुन राष्ट्रिय औसतभन्दा थोरै तल छ।

३२. **विज्ञान तथा प्रविधि**

(क) सार्वजनिक, निजी क्षेत्र विश्वविद्यालय तथा अनुसन्धानमा संलग्न संस्थाबिच विविध क्षेत्र, विषय, समस्या र अवसरको पहिचान गरी विज्ञान, प्रविधि तथा नवप्रवर्तनमा अनुसन्धान अनुदान कार्यक्रम सञ्चालनका लागि छनोट भएका १२ ओटा अनुसन्धान कार्यहरू भइरहेको

(ख) ४ ओटा ओलम्पियाड संस्थासँग Astronomy, Mathematics, Chemistry र Physics विषयमा प्रदेशस्तरीय र राष्ट्रियस्तरीय गरी दुई चरणको ओलम्पियाड सञ्चालन गर्न अनुदान सम्झौता भएको। सबै ओलम्पियाड संस्थाद्वारा सात प्रदेशमा प्रदेशस्तरीय ओलम्पियाड सञ्चालन भई छनोट भएका विद्यार्थीहरूलाई राष्ट्रियस्तरको ओलम्पियाडमा सहभागी गराउन पूर्व को प्रशिक्षण (mentoring) कार्य भइरहेको

(ग) विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला तथा गणित (STEAM) लगायतका विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगतात्मक कार्यक्रम सञ्चालनका लागि प्रथम चरणमा छनोट भएका १८ ओटा प्रतिस्पर्धीहरूद्वारा सामग्री निर्माण भइरहेको

(घ) United Nation Technology Bank for Least Developed Countries (UNTB-LDC) र International Seabed Authority (ISA) को संयोजनमा Kick-off Meeting of Technology Needs Assessment (TNA) for Nepal कार्यक्रम विभिन्न सरकारी निकाय, अध्ययन संस्था, अनुसन्धान संस्था, निजी क्षेत्र तथा UNTB/ISA बाट प्रतिनिधिहरूको सहभागितामा सञ्चालन गरिएको। यस कार्यक्रममार्फत नेपालका लागि TNA प्रक्रिया औपचारिक रूपमा प्रारम्भ भएको छ।

(ङ) विज्ञान प्रविधि तथा नवप्रवर्तन समन्वय परिषद्को बैठक तथा निर्णय कार्यान्वयनका लागि निम्नानुसारका ४ ओटा राष्ट्रिय सल्लाहकार समितिको गठन भएको

- राष्ट्रिय अन्तरिक्ष तथा एरोनोटिकल सल्लाहकार समिति

- राष्ट्रिय सूचना तथा कृत्रिम बौद्धिकता सल्लाहकार समिति
- राष्ट्रिय परमाणु विज्ञान प्रविधि सल्लाहकार समिति
- राष्ट्रिय जैविक प्रविधि सल्लाहकार समिति
- राष्ट्रिय सूचना प्रविधि तथा कृत्रिम बौद्धिकता सल्लाहकार समितिको बैठक सम्पन्न भएको

(च) Meet the Scientist कार्यक्रमअन्तर्गत दुईओटा कार्यक्रम "विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धानका विषयहरूको पहिचान गरी प्राथमिकीकरण गर्ने" र "Orchid Resources of Nepal: research & Development for Economic Growth through Biotechnological Innovations" सञ्चालन भएको,

(छ) Space Technology, AI र Emerging Technology सम्बन्धमा भइरहेको कार्य, अवश्यकता, समस्या र चुनौतीहरू एवम् समाधानका उपायहरूसम्बन्धी मकवानपुर, बारा, पर्सा जिल्लामा रहेका विभिन्न ३१ ओटा उद्योगहरूको Need Assessment गरिएको

(ज) झापा जिल्लाको विभिन्न १० ओटा चिया उद्योगहरूको Industry ४.० सम्बन्धी तत्परता मूल्याङ्कन गरिएको

(झ) STI Annual Report Update and Publication का लागि सरोकारवाला तथा समितिहरूसँग छलफल गरी सूचकहरूको प्रारम्भिक खाका तयार गरिएको साथै तथ्याङ्क सङ्कलन कार्य भइरहेको

(ञ) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी सम्मेलन, प्रदर्शन तथा स्टार्टअप ह्याकाथन अनुदान कार्यक्रमअन्तर्गत २२ ओटा विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेको

**खण्ड ग: शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका केन्द्रीय निकायको आव २०८२।०८३ का प्रमुख उपलब्धि**

| क्षेत्र | अवस्था तथा उपलब्धि |
| --- | --- |
| प्रारम्भिक बालविकास र शिक्षा | ● जम्मा बालविकास केन्द्रको सङ्ख्या ४२,६१९ पुगेको<br>● बालबालिकाको सङ्ख्या १२,२०,५३८ जना रहेको<br>● बालविकास केन्द्रको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिको प्रतिशत ७७.५ पुगेको<br>● बालविकास शिक्षकका लागि बुटक्याम्प सञ्चालन गर्न कार्य सञ्चालन संहिता स्वीकृत गरी कार्यान्वयन प्रक्रिया अगाढी बढाइएको |
| अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन | ● सबै बालबालिकाहरूलाई आधारभूत तथा निःशुल्क शिक्षा सुनिश्चितताका लागि आधारभूत तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्ययोजना २०८१ जारी गरी कार्य प्रारम्भ गरिएको<br>● माध्यमिक तहसम्म निःशुल्क शिक्षा व्यवस्थाका लागि स्रोतको प्रबन्ध गर्ने उद्देश्यले बैधानिक संयन्त्रका रूपमा सङ्घ, प्रदेश, स्थानीय तहको 'साझेदारी कोष' स्थापनाका लागि प्रक्रिया सुरु भएको<br>● विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि वैकल्पिक शिक्षाको माध्यमवाट शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइएको<br>● विद्यालय वाहिर रहेका बालबालिकाहरूको नाम नामेशी विवरणसहितको प्रोफाइल तयारीको कार्य सुरुवात गरिएको |
| विद्यालय शिक्षा | ● आधारभूत तहको खुद भर्नादर ९७.७ प्रतिशत र माध्यमिक तहको खुद भर्नादर ३५.४ प्रतिशत पुगेको<br>● कुल विद्यालय सङ्ख्या ३५ हजार ९ सय ५१ पुगेको<br>● ७० लाख ४० हजार ८ सय २५ विद्यार्थी विद्यालय शिक्षामा अध्ययनरत रहेका<br>● ६२.२६ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन् भने ३७.७४ प्रतिशत विद्यार्थीहरू संस्थागत विद्यालयमा अध्ययनरत रहेका<br>● विद्यालयमा कार्यरत शिक्षकहरूको सङ्ख्या २ लाख ७१ हजार ३ सय ४४ जना रहेका |

| | |
|---|---|
| | ● विद्यालयको व्यवस्थापन, नेतृत्व, लगानी र गुणस्तर वृद्धिका लागि गरिएका विभिन्न प्रयासका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गएको<br>● बालबालिकाको अपाङ्गता पहिचान गरी उनीहरूको विशिष्ट शैक्षिक आवश्यकता पूरा गर्ने उद्देश्यले अपाङ्गताको पूर्व पहिचान (Disability Screening) गर्ने कार्य भइरहेको<br>● मुलुकभर सञ्चालित २७ हजार १० सामुदायिक विद्यालयमध्ये १८ हजार ८ सय ३२ ओटा (६९.७ प्रतिशत) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका उपकरण तथा पूर्वाधार विस्तार भएको |
| छात्रवृत्ति कार्यक्रम | ● शैक्षिक सत्र २०८२ मा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये १७ लाख ४ हजार २६ जना विद्यार्थीले विभिन्न किसिमका (आवासीय, गैरआवासीय, दलित, छात्रा, अपाङ्ग, सीमान्तकृत समूहलगायतका) प्राप्त गरेका<br>● साविकमा कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीलाई वितरण गर्ने गरिएको विपन्न लक्षित छात्रवृत्ति कक्षा ६ देखि १२ सम्मका विद्यार्थीलाई उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन गरिएको<br>● छात्रवृत्तिको उपलब्धताले लक्षित वर्गको पढाइ छाड्ने दरमा कमी ल्याउन योगदान गर्नुका साथै सामाजिक समता कायम गर्नसमेत योगदान गरेको |
| पाठ्यक्रम तथा पाठ्यपुस्तक | ● सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई हरेक वर्ष कक्षा १ देखि कक्षा १२ सम्म निःशुल्क पाठ्यपुस्तक प्रदान गर्रिंदै आएको<br>● विद्यालय शिक्षामा अध्ययनरत विद्यार्थीमध्ये देशभरमा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थीलाई हरेक वर्ष निशुल्क पाठ्यपुस्तक वितरण गर्रिंदै आइएको<br>● शैक्षिक सत्रको सुरुमै विद्यार्थीको हातमा पाठ्यपुस्तक प्राप्त हुने गरी पाठ्पुस्तकको सुनिश्चितता गरिएको |
| दिवा खाजा | ● प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत देशभरका २६ लाख ६ हजार ८ सय ५६ जना विद्यार्थी विद्यालय दिवा खाजा कार्यक्रमबाट प्रत्यक्ष रूपमा लाभान्वित भएका<br>● स्थानीय उत्पादनमा आधारित विद्यालय पोषण प्रारूप २०८१ स्वीकृत गरिएको, मेघा किचेन स्थापना तथा सञ्चालनका लागि कार्य सञ्चालन संहिता स्वीकृत गरी प्रदेश राजधानी रहेका स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको |

| | |
|---|---|
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ● विद्यालय वाहिर रहेका बालबालिकाहरूका लागि शैक्षिक पुहँचको सुनिश्चतता गर्ने उद्देश्यले आधारभूत तहमा वैकल्पिक शिक्षाको पाठ्यक्रम र सिकाइ सामग्री विकास गरी वैकल्पिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिएको<br>● युवा तथा प्रौढहरूले औपचारिक, अनौपचारिक तथा अनियमित माध्यमबाट सिकेका ज्ञान, सिप तथा दक्षतालाई पूर्वसिकाइको पहिचानमार्फत राष्ट्रिय योग्यता परीक्षणबमोजिमका कार्यहरूलाई परीक्षणको रूपमा सञ्चालन गरिएको<br>● चालु आर्थिक वर्षको फागुनसम्ममा मुगु र जुम्ला जिल्ला थप भई साक्षर घोषणा भएका जिल्लाको सङ्ख्या ६८ पुगेको<br>● हालसम्म कोशी, गण्डकी र बागमती प्रदेश सुदुरपश्चिम र लुम्बिनी गरी ५ प्रदेश साक्षर प्रदेशको रूपमा घोषणा भएको छ भने कर्णाली र मधेस प्रदेश तयारीको चरणमा रहेका |
